# सँगसँगै

सामुदायिक रूपान्तरणमा

## संयोजकको निर्देशिका

# सँगसँगै

समुदायिक रूपान्तरणमा

## संयोजकको निर्देशिका

अनुवाद/प्रकाशक : माईका नेटवर्क नेपाल

प्रथम संस्करण : १५०० प्रति(सन् २०१२)

मूल्य : रु. १५०/-

ISBN No. : 978-9937-2-5892-0

# सँगसँगै

## समुदायिक रूपान्तरणमा

## संयोजकको निर्देशिका

लेखन : फ्रान्सीस ज्योरोग, टुलो रेष्ट्रिक

सम्पादन : विल क्रक्स र ज्याकी मोराडियन

नेपाली संस्करण:

मुल अनुवाद : डा. राजेन्द्रकुमार रोङ्गोङ

सम्पादन : महेश्वर राई

# सँगसँगै: संयोजकको निर्देशिका

लेखकहरु: फ्रान्सीस ज्योरोग, टुलो रेष्ट्रिक, विल क्रुक्स र ज्याकी मोराडियन

सम्पादक: रेबेका डेनिस

ग्राफिक डिजाइनर: लिण्डसे नोबल

चित्राङ्कन र लेआउट: विल क्रुक्स र ज्याकी मोराडियन

मोसेक क्रियटिभ

यस पुस्तिकाको विकास र यसका विष्यवस्तुहरुको निखारमा सहायता पुऱ्याउने निम्न महानुभावहरुप्रति लेखकवर्ग आभारी छ: जेन अकेलोइ, केनेडी धनबलान, रत्नो धरानी, इसाया इम्मानुयल, पिटर गिटा, कथबर्ट गोण्डवे, साम करेती, वक्टाभियो माबुण्डा, ग्यास्टन स्लान्वा, फ्रान्सीस वाहोम, स्टेफन वानी र ग्लाडिज वाथङ्गा ।

प्रस्तुत पुस्तिका टियरफण्ड नामक संस्थाले तयार पारेको हो । टियरफण्ड गरिबी निवारणमा सहायता पुऱ्याउन कार्यरत एक इसाई राहत तथा विकास एजेन्सी हो । यसले स्थानीय मण्डलीहरुको संजालसँग मिलेर विभिन्न प्रकारका सामाजिक तथा आत्मिक कार्यहरु गर्दछ । यस पुस्तिकालाई नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्न अनुमति र सहयोग पुऱ्याएकोमा हामी टियरफण्डप्रति आभारी छौं । यस पुस्तिका अनुवाद तथा प्रकाशनका लागि आफ्नो तर्फबाट अमूल्य योगदान पुऱ्याउनु हुने "सँगसँगै" मूल समितिका सम्पूर्ण सदस्यहरु तथा यू.एम.एन. प्रति हार्दिक धन्यवाद टक्र्याउछौं । यस पुस्तिकाका बारेमा कुनै सुझाव वा प्रतिक्रिया पठाउनु परेमा हाम्रो इमेल ठेगाना nc@micahnetworknepal.org.np मा पत्राचार गर्नुहुनको लागि अनुरोध गर्दछौं ।



"यदि तपाईलाई म कहाँ जादैछु भनेर थाहा छैन भने
संभवत तपाईले नचाहेको ठाउँमा पुग्नु पर्नेछ ।"

लिवीस क्यारोल-एलिस इन वन्डरल्याण्ड

# विष्यसूची


## १. तपाईहरु सबैले "सँगसँगै" बारे थाहा पाउन आवश्यक छ ७

"सँगसँगै" के हो ? ८
"सँगसँगै" किन उत्कृष्ट ९
भूमिका र जिम्मेबारी समीक्षा १०
"सँगसँगै"का मुख्य सिद्धान्तहरु ११
"सँगसँगै" लाई कति समय लाग्छ ? १२
"सँगसँगै" का चुनौतीहरु १३
विचार गर्नुपर्ने प्रश्नहरु १४

## २. "सँगसँगै" कसरी सुरु गर्ने १७

मण्डलीका वरिष्ठ अगुवाहरूको दर्शन वा दृष्टि विकास गर्न कसरी सहायता गर्ने ? १८
'सँगसँगै' मा अरूहरूलाई पनि समेट्न मण्डलीका अगुवाहरूलाई कसरी सहायता गर्ने ? २१
'सँगसँगै' कार्यक्रम आफ्नो भूमिकाको निरन्तरता सम्बन्धि मण्डलीका वरिष्ठ अगुवाहरूलाई कसरी सहायता गर्ने ? २२
उपयुक्त मण्डली र समुदायहरूको कसरी पहिचान गर्ने ? २३

## ३. सहजकर्ताको भर्ना र तालिम कसरी गर्ने २७

१. सहजकर्ताको भूमिका २८
२. सहजकर्ताको छनौट २८
३. सहजकर्ताको तालिमका मुख्य तत्वहरू २९
४. तालिमद्वारा सहजीकरण भावनाको विकास ३०
५. तालिमद्वारा सहजीकरणको ज्ञान निर्माण गर्नु ३२
६. तालिम द्वारा सहजीकरण सम्बन्धि सीपको विकास ३४
७. सहजकर्ताहरूको तालिम सम्बन्धि आवश्यकताहरूको मापन ४०
८. सहजकर्ताहरूको तालिमको संरचना ४१
९. सहजीकरण सम्बन्धि समस्याहरू ४५
१०. सहजकर्ताहरूको सीप मापन र विकास गर्नका निमित्त मापन पत्र ४७

## ४. 'सँगसँगै'को व्यवस्थापन कसरी गर्ने ५१

१. सहजकर्ताहरूलाई कसरी अनुगमन गर्ने र प्रशिक्षण दिने ५३
२. सामुदायिक अग्रसरतालाई सहायता उपलब्ध गराउने ५५
३. समस्या समाधान ५७

## ५. 'सँगसँगै'को अनुगमन तथा मूल्याङ्कन कसरी गर्ने ६१

१. परिचय ६२
२. अनुगमन ६८
३. मूल्याङ्कन ७८
४. परियोजनाको अनुगमन तथा मूल्याङ्कनका लागि औजारहरू ८३

## ६. 'सँगसँगै' कार्यक्रमको परिमार्जन तथा विस्तार ९१

१. संङ्गठनको वरिष्ठ नेतृत्वलाई पूर्ण रूपमा स्वीकार गर्न र 'सँगसँगै'को नेतृत्व गर्नको लागि सहायता गर्ने । ९३
२. 'सँगसँगै' वृद्धिको लागि सक्षम बनाउन मण्डली तथा संङ्गठनात्मक संरचनाहरूमा समायोजन गर्ने । ९४
३. स्थानीय मण्डलीको अगुवाहरूलाई 'सँगसँगै'सँग सम्मिलित हुनु भनेको उनीहरूको सेवकाईको एक अभिन्न अंग हो भनी बुझ्न सहायता गर्ने । ९६
४. कसरी 'सँगसँगै' सहजकर्ताहरूको लागि प्रशिक्षक तयार गर्ने ९८
५. 'सँगसँगै' समुदायहरूमा भ्रमणलाई कसरी सहज बनाउन ९९
६. विशेष अवस्थामा 'सँगसँगै'को समायोजन १०२
अन्तिम विचार १०७

## परिशिष्ट १०८

क. 'सँगसँगै' प्रक्रियामा प्रमुख भूमिकाहरू १०९
ख) रूपान्तरणका कथाहरू ११२

## ग्रन्थसूची ११७

# तपाईंलाई "सँगसँगै" संयोजकको निर्देशिकामा स्वागत छ !

"सँगसँगै" भनेको मण्डलीहरुलाई उनीहरुका समुदायहरुसँग आफ्ना स्रोतहरु प्रयोग गरेर समस्याहरु सम्बोधन गर्न सहकार्य गर्न सकून् भनेर सहयोग पुऱ्याउने एउटा गतिशील माध्यम हो । "सँगसँगै"ले विश्वभरि स्थानीय मण्डलीहरु र उनीहरुका समुदायमा गजबको रुपान्तरण ल्याएको छ ।

तपाईंको मण्डली सम्प्रादाय वा ख्रीष्टियन संस्थामा "सँगसँगै" कार्यक्रम शुरु गर्नको निम्ति तपाईंलाई "सँगसँगै" कार्यक्रम संयोजकको आवश्यकता पर्ने हुन्छ । "सँगसँगै" कार्यक्रम संयोजकले नै "सँगसँगै" शुरु गर्ने र त्यसको व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी वहन गर्नेछ । यो निर्देशिका उनीहरुकै निम्ति लेखिएको हो । यस निर्देशिकामा उनीहरुले जान्नु पर्ने सबै कुरा यसमावेश गरिएको हुन्छ ।

यस निर्देशिकामा "सँगसँगै" कार्यक्रम संयोजकलाई निम्न कुरा गर्न सहयोग पुऱ्याउने सुझाव र सामाग्रीहरु प्रस्तुत गरिएका छन् :

- "सँगसँगै"को बारेमा सम्प्रदायिक मण्डलीका वरिष्ठ अगुवाहरुसँग सञ्चार विकास गर्न (अध्याय २)
- "सँगसँगै"देखि लाभान्वित हुन सक्ने सही स्थानीय मण्डलीहरु र समुदायहरुको पहिचान गर्न मण्डलीका वरिष्ठ अगुवाहरुसँग सहकार्य गर्न ( अध्याय २)
- स्थानीय "सँगसँगै" सहजकर्ताहरुलाई सुसज्जित पार्नु र तालिम दिनु (अध्याय ३)
- कार्यक्रमको व्यवस्थापन गर्नु र "सँगसँगै" सहजकर्ताहरुलाई तालिम दिनु तथा सहयोग गर्नु(अध्याय ४)
- "सँगसँगै"को सुपरिवेक्षण तथा मूल्याङ्कन गर्नु ( अध्याय ५)
- धेरैभन्दा धेरै समुदायहरुमा कार्यक्रम विस्तार गर्नु ( अध्याय ४)
- उनीहरुका आफ्नै परिवेश तथा विशेष परिस्थितिअनुसार "सँगसँगै" प्रक्रिया अनुकूलित बनाउनु (अध्याय ६)

यदि तपाईंले कार्यक्रम शुरु गरिरहनु भएको छैन तर एउटा स्थानीय मण्डली र त्यस मण्डलीको समुदायको निम्ति मात्र सहजीकरण कार्य गर्दै हुनुहुन्छ भने, हो त्यसैको निम्ति "सँगसँगै" निर्देशिका लेखिएको हो । "सँगसँगै" निर्देशिकामा स्थानीय मण्डली र उनीहरुका समुदायलाई कार्यमा उत्रन दर्शन देख्ने तुल्याउन सहयोग पुगोस् भनेर बाइबल अध्ययनहरु, क्रियाकलापहरु र सल्लाह तथा सुझाव समावेश गरिएका छन् ।

यस निर्देशिका प्रयोग गर्न तपाईंलाई रमाइलो लाग्ने छ भन्ने हामीले आशा लिएका छौं । "सँगसँगै" निर्देशिकाले यसरी नै "सँगसँगै" प्रक्रिया सञ्चालन गर्न सक्षम हुन यथेष्ठ जानकारी दिनेछ भन्ने हामीले आशा लिएका छौं तर तपाईंको विशेष परिस्थितिमा सुहाउँदो विशेष तौरतरिका चयन तथा विकास गर्न तपाईंलाई अप्ठ्यारो हुने छैन भन्ने पनि आशा लिएका छौं । "सँगसँगै" प्रक्रिया तपाईंको विशेष परिस्थिति सुहाउँदो होस् भनेर त्यसलाई अनुकूलित तुल्याउन र त्यसै अनुरुप ढाल्न तपाईंलाई उत्साह दिन्छौं ।





# १. तपाईंहरू सबैले "सँगसँगै" बारे थाहा पाउन आवश्यक छ

# "सँगसँगै" के हो ?

'सँगसँगै'ले स्थानीय मण्डलीले आफूसँग उपलब्ध स्रोतहरू प्रयोग गरी स्थानीय आवश्यकता सम्बोधन गर्न सकून् भनेर दर्शन विजारोपण गर्दै स्थानीय मण्डलीलाई समुदायसँग सहकार्य गर्न सहयोग गर्ने कार्य गर्दछ ।

यो संसारभरि स्थानीय मण्डली र तिनीहरूका समुदायहरूमा अनुपम रूपान्तरण ल्याउने एउटा उपागम (Approach) हो ।

'सँगसँगै' शब्दले एउटै मनको हुनु भन्ने अर्थ दिन्छ र यसले मानिसहरूको सहकार्य गर्ने भावना समेट्दछ । यो शब्द पूर्वी अफ्रिकाको स्वाहिली भाषाबाट लिइएको हो । 'सँगसँगै'ले मण्डलीले समुदायमा काम गर्नुअघि मण्डलीमा हुनुपर्ने एकतालाई मूर्तरुप दिने कार्य गर्दछ ।



'सँगसँगै'का पाँचवटा चरणहरू

१. स्थानीय मण्डलीमा दर्शन विजारोपण गर्नु–स्थानीय मण्डलीका अगुवा तथा स्थानीय मण्डलीलाई आफ्ना समुदायमा सेवा गर्न परमेश्वरले धर्मशास्त्रद्वारा आव्हान गर्दै हुनुहुन्छ भनी बुझ्न सहायता गर्नु नै स्थानीय मण्डलीमा दर्शन विजारोपण गर्नु हो । यस चरणचाहिँ स्थानीय मण्डलीसँग भएका स्रोतहरू पहिचान गर्न र ती श्रोतहरू सदुपयोग गर्न स्थानीय मण्डलीलाई सहायता गर्दै स्थानीय मण्डलीको आत्मबल बढाउने कार्यसँग सम्बन्धित छ जसले गर्दा स्थानीय मण्डलीले परिवर्तन संभव हुनेरहेछ भनी विश्वास गर्न सक्छन् ।

२. स्थानीय समुदायमा दर्शन विजारोपण गर्नु–सम्पूर्ण समुदायलाई उनीहरूका परिस्थिति, आवश्यकता र उनीहरूसँग भएका स्रोतबारे छलफल गर्न, सूचना सङ्ग्रह गरेर विश्लेषण गर्न र समुदायको रुपमा मिलेर उनीहरूले गर्न सक्ने विषयमा निर्णय गराउन स्थानीय मण्डलीसँग सहकार्य गर्नु ।

३. सपना देख्नु र कार्य-योजना बनाउनु–परिवर्तनको निम्ति यो खाँचो रहेछ भनेर सबैले ऐक्यवद्धता जनाइसकेपछि मण्डली र समुदायले भविष्यको निम्ति दर्शन बढाउँदै लैजान र आफूसँग भएका स्रोत-साधनको प्रयोग गरेर यस्तो परिवर्तन कसरी ल्याउन सकिएला भनेर योजना निर्माण गर्न सहकार्य गर्दछन् ।

४. कार्य सम्पादन गर्नु–समुदायले कार्य सुरु गरेपछि बनाइएका योजनाहरू संचालन भइकन सकारात्मक परिवर्तन आउन सकोस् भनेर सहयोग पुऱ्याउनमा नै सबै किसिमका सुझाव तथा सल्लाहरू प्रदान गरिएका हुन्छन् ।



५. मूल्याङ्कनः अन्तिम चरणमा मण्डली र समुदायले मिलेर मानिसहरूका तथा समुदायका जीवनस्तर उकास्न योजना तर्जुमा गरेर कतिसम्म परियोजना संचालन गरेछन् भन्ने बारेमा गरिने समीक्षा / पुनरावलोकन हो ।

# 'सँगसँगै' किन उत्कृष्ट उपागम हो ?

## १. समुदायलाई फाइदा



- आत्म-निर्भरता
- आत्म-सम्मान
- दिगो परिवर्तन
- समुदायमा सम्बन्ध विकास
- भौतिक परिवर्तनहरू– राम्रो स्वास्थ्य,
- सरसफाइ, खाद्य सुरक्षा र आम्दानी

*"सँगसँगै' ले हामीलाई हामी गरीब छैनौं भन्ने महसुस गराएको छ, वास्तवमा हामीसित धेरै स्रोतहरू रहेछन् ।'*

-अनोनाका मुखिया, माउण्ट केन्या पूर्वी क्षेत्र, केन्या

## २. स्थानीय मण्डलीलाई फाइदा

'सँगसँगै' ले स्थानीय मण्डलीलाई निम्न गर्न सहयोग पुऱ्याउँदछ :

- समुदायिक जीवनमा सकारात्मक प्रभाव बन्न
- मण्डली बाहिरका मानिसहरूसित सम्बन्ध स्थापित गर्न
- आफूसँग भएका साधन-स्रोतहरू पहिचान गर्न र त्यसलाई अझ प्रभावकारी रूपमा सदुपयोग गर्न
- आकर्षक र बृद्धि हुँदैजाने समुदाय बन्न
- मण्डलीका आफ्ना अगुवाहरूलाई दर्शन र प्रेरणा दिएर र उनीहरूका सीप, ज्ञान र आत्मबललाई सुदृढ पारेर सशक्तीकरण गर्न
- मण्डलीका सदस्यहरू धनी भई अझ धेरै पैसा दिन सक्ने भएकोले आयको वृद्धि गर्न

'मण्डलीलाई विकासका अन्य उपागमहरू सम्बन्धि तालिम दिइसकेपछि हामीले मण्डली र समुदायमा दर्शन विजारोपण गर्ने उपागम प्रयोग गऱ्यौं । मण्डलीका पास्टरहरूले हामीलाई भने: "तपाईंहरूले यसबाट किन सुरु गर्नुभएन ? हामीलाई यो गर्ने इच्छा छ ? सम्पूर्ण समुदायसँग काम गर्ने तरिका सिकाएर हामीलाई आफ्नो बोझ कसरी बाँड्ने भनेर देखाउदै हुनुहुन्छ ।"

– कुथबर्ट गोन्डवे, इगल्स, मालावी



# भूमिका र जिम्मेबारी समीक्षा

'सँगसँगै'को कार्यक्रम प्रारम्भ गर्ने सन्दर्भमा यस कार्यक्रममा प्रत्यक्ष रूपमा सहभागी हुने व्यक्तिहरू र यस कार्यक्रममा सहयोग पुऱ्याउने समूहहरूका विविध भूमिका र जिम्मेबारीहरू पहिचान हुनु महत्त्वपूर्ण हुन्छ। तलका चित्रहरूद्वारा विभिन्न तहमा हुने संलग्नता र मानिसहरूका जिम्मेवारी देखाइएका छन्। (भूमिका र जिम्मेवारी सम्वन्धि अधिक जानकारीको निम्ति.....पृष्ठमा हेर्नुहोस्।

**स्थानीय मण्डली र समुदायका अगुवाहरू**

उनीहरू मण्डली र समुदायको दर्शन निर्माणको निम्ति सहजकर्तासित नजिकमा रहेर काम गर्छन्।



**स्थानीय समुदाय समायोजन समूह**

उनीहरू मिलेर 'सँगसँगै' परियोजना कार्यान्वयनको सुपरिवेक्षण गर्छन्।





**सहजकर्ता**

सहजकर्ता आधारमा रहेका मण्डली र समुदायसित काम गर्छन्। उनले 'सँगसँगै'का विभिन्न तहमा उनीहरूलाई लैजान सहजकर्ताको काम गर्छन्।



**संयोजक**

कार्यक्रम संयोजकले 'सँगसँगै'का सम्पूर्ण कार्यक्रमहरूको व्यवस्थापन गर्दछ। यस कार्यक्रममा मण्डली समदाय वा इसाई संस्थाहरूका तर्फबाट केही सहजकर्ताहरू मण्डली वा समुदाय संलग्न रहन सक्छन्।



**मण्डली वरिष्ठ अगुवाहरू**

उनीहरू विभिन्न सम्प्रदाय र इसाई संगठनमा 'सँगसँगै' लाई प्रोत्साहित र समर्थन गर्दछन्।

## 'सँगसँगै'का मुख्य सिद्धान्तहरू

केही मुख्य सिद्धान्तहरू र मान्यताहरू छन् जसले 'सँगसँगै' प्रक्रियालाई बलियो बनाउँदछः

### सहजीकरण
यो विधि वाहिरकाहरू आई समुदायलाई यो गर, त्यो नगर भन्ने होइन तर समुदायले आफ्नो क्षमता र स्रोतबारे थाहा गरी आफ्ना लागि काम गर्नु हो ।

### धर्मशास्त्र (बाइबलमा) आधारित
मण्डलीको काम बाइबलले सिकाए अनुसार पवित्रतामा आधारित हुनुपर्छ ।



### मण्डलीद्वारा प्रेरित
समुदायमा काम सुरु गर्ने प्रेरणा मण्डलीबाट हुनुपर्छ ।

### बन्धुत्व
असल सम्बन्ध र विश्वास निर्माण गर्न समय दिनु महत्त्वपूर्ण छ ।

### सशक्तीकरण
आफ्न विकासको निम्ति जिम्मेवारी लिन स्थानीय मण्डली र समुदायले सीप र विश्वास आर्जन गर्नुपर्छ ।

### सहभागी
सबै मानिसहरू यो प्रक्रियामा सहभागी हुनुपर्छ वा बनाउनुपर्छ । विशेषतः समाजले पाखा लगाएकाहरू जस्तै महिला, बालबालिका, शारीरिक चुनौती भएकाहरू तथा गरिबहरू ।

### खुल्ला र अनिर्देशात्मक
स्थानीय मण्डलीले र समुदायले काम लिएपछि त्यो पूर्ण रूपले उनीहरूकै हुन्छ । सहजकर्तासित उनीहरूले के गर्नुपर्छ भन्ने कुनै पूर्वनिर्धारित विचार हुँदैन ।

### मण्डली र समुदायको निजी स्रोत छोडिदिनु

यो पक्रिया सधै मण्डली र समुदायलाई आफ्नो स्रोतबारे जान्न र तिनको प्रयोग गर्न सहयोगद्वारा सुरु गरी मानिसहरूको पराकाष्टित मनोस्थिति तोड्नुपर्छ ।

### निरन्तरता र दिगोपन
स्थानीय सहजकर्ताहरूले सधै यो प्रक्रिया र परियोजनालाई बाह्य सहयोगको समाप्ति पछि धेरै कालसम्म टिक्ने उपायहरू हेर्नुपर्दछ ।



## ‘सँगसँगै’ लाई कति समय लाग्छ ?

‘सँगसँगै’ छिटो हुने प्रक्रिया होइन । चल्ला काढ्न २१ दिन लाग्छ, बच्चा हात्ती जन्मनभन्दा पहिले २२ महिना गर्भमा रहन्छ (जमिनमा हुने जनावरमा सबैभन्दा लामो गर्भमा रहने) । ‘सँगसँगै’ हात्तीका बच्चाहरू जन्माउनु सरह हो । यसले लिने समय बेग्ला बेग्लै हुनसक्छ तर स्थानीय मण्डली र समाजलाई कार्यान्वयन तहमा (कार्य गर्ने चरणमा) पुग्न प्रायः १८ महिना लाग्छ। अर्थपूर्ण परिवर्तनका निम्ति समय लाग्छ भनी हामी जान्दछौं किनकि यस प्रक्रिया अन्तर्गत भावना तथा अरूमा भर पर्ने मनोस्थितिमा परिवर्तन आउन र परियोजना सुरु गर्न र टुङ्गोमा पुऱ्याउन समय लाग्छ । सुरुको अवस्थामा र कार्य गर्ने चरणमा पुग्नुभन्दा धेरै अघि, परिवर्तन प्रष्टै देखिन्छ र उत्सुकतासुरु हुन्छ जुन कुराहरूले प्रक्रियालाई निरन्तरता दिन प्रोत्साहित गर्दछ ।



## 'सँगसँगै'का चुनौतीहरू

'सँगसँगै'ले मण्डली र समुदायमाथि रूपान्तरण गर्नसक्ने प्रभाव पार्नसक्छ यद्यपि यस्तो विधिमा मूल्य र चुनौतीहरू हुन्छन्। यसमा निम्न कुराहरू समेटिन्छन्:

**समय**

हामीले हेरिसकेका छौं कि हात्तीलाई जन्मन लामो समय लाग्छ। अक्सर मण्डली परिवर्तनको लागि अधैर्य हुन्छ। हामीहरू नतिजा तुरून्तै चाहन्छौं अथवा तीव्र गतिमा काम गर्छौं। 'सँगसँगै' समय लिन्छ किनकि योसित मूल्य मान्यता र मनोभावनाको परिवर्तन सम्बन्धित छ, अन्त्यमा यसले दीर्घकालीन् र दीगो रहने परिवर्तन ल्याउछ।





**अधिकारलाई चुनौती**

'सँगसँगै'ले मण्डली र समुदायलाई सशक्त बनाउँदछ। यसले उनीहरूलाई आफै सोच्न सहयोग गर्दछ। अगुवापनमा रहेकाहरूलाई यसले असजिलो बनाउन सक्छ।

**सहजकर्ताको माग**

यस प्रक्रियामा समय र उर्जा दुवै सम्बन्धि अनेकौं सहजकर्ताहरूको आवश्यकता हुन्छ। प्रक्रियालाई ठीक बाटोमा राख्न र सबै मानिसहरूले यसमा सहभागी हुँदैछन् भनी निश्चित गर्न धेरै सीप र असल सुनाइ चाहिन्छ।

**पराजिविता (अरूमा भर पर्ने) र दृढताको ह्रासमाथि विजय**

केही समुदायहरूलाई आफ्नो लागि काम गरिदिन बाहिरका निकायहरूमाथि भर पर्न बानी परिसकेको छ। यसले 'सँगसँगै' जस्ता प्रक्रियालाई अप्ठ्यारोमा पार्दछ किनकि सुरु सुरुको अवस्थामा अघि सित्तै पाएको काम अब आफूले गर्दा हिच्किचाँउछन्।
साथै धेरै समुदायहरूले आफ्नो परिस्थितिलाई हामी आफै परिवर्तन गर्नसक्छौं भन्ने दृढतालाई हराइसकेका छन्।



# विचार गर्नुपर्ने प्रश्नहरू

यहाँ केही प्रश्नहरू छन् जसले तपाईंको मण्डली सम्प्रदायमा वा संस्थालाई 'सँगसँगै' सुरु गर्न ठीक समय निर्णय गर्नमा सहयोग गर्नेछ:



## वरिष्ठ अगुवाहरूको लागि प्रश्न:

- मण्डलीले उत्प्रेरकको रूपमा काम गरी आफ्ना समुदायहरूमा दीगो परिवर्तन ल्याउन् भन्ने के वरिष्ठ अगुवाहरूको चाहना छ ?
- के उहाँहरू आफ्नो समय र संस्थाका केही स्रोतहरू खर्च गरी 'सँगसँगै' प्रक्रियालाई समर्थन गर्न र निगरानी राख्न तयार हुनुहुन्छ ?
- के उहाँहरू यस्ता प्रक्रियाले माथिदेखि तल्लो तहसम्मका अगुवाहरू र विकासात्मक विधिहरूको निम्ति चुनौतीपूर्ण हुन्छ भन्ने कुरालाई स्वीकार गर्न तयार हुनुहुन्छ ?



## तपाईंको सम्प्रदाय वा संस्थालाई सोध्नुपर्ने प्रश्नहरू:

- के तपाईंको सम्प्रदाय वा संस्थामा सहजकर्ता बन्ने क्षमतावान र उपलब्ध व्यक्तिहरू छन् ?
- के तपाईंको सम्प्रदाय वा संस्थामा यी सहजकर्ताहरूलाई तालिम दिनसक्ने कोही हुनुहुन्छ ?
- के तपाईंको सम्प्रदाय वा संस्थामा कार्यक्रम समायोजन गर्ने व्यक्ति छन् ?
- यो प्रक्रिया सम्पन्न गर्न के उनीहरूसँग पुग्दो स्रोत छन् ?



## स्थानीय मण्डली र समुदायलाई सोधिने प्रश्नहरू:

- के कुनै पास्टरहरू छन् जुनहरू आफ्नो समुदायमा नयाँ तरिकाले काम गर्न चाहन्छन् ?
- के कुनै समुदायहरू छन् जुनहरू स्थानीय मण्डलीहरूसँग मिलेर गर्नसकिने कामहरू खोज्न इच्छुक छन् ?
- के यस्ता कुनै समुदायहरू छन् जुनहरूको विकास क्षेत्रमा काम गर्ने निकायसँग त्यत्तिको सम्पर्क छैन र आफ्नो कार्यक्रमको निम्ति स्रोत जुटाउन तयार छन् ?

यदि यी मध्ये धेरै प्रश्नहरूका उत्तर 'छन्' वा सकारात्मक भएमा तपाईं 'सँगसँगै' सञ्चालन गर्न तयार हुनुहुन्छ । यदि तपाईंले 'छैन' वा नकारात्मक उत्तर दिनुभएमा ती विषयहरूबारे राम्रोसित विचार गर्नुहोस् र योजना बनाउनुहोस् ।

यदि यी मध्ये प्रश्नहरूको उत्तर 'छैन' भनी दिनुभएको छ भने 'सँगसँगै' सञ्चालनको निम्ति कस्ता तयार गर्नुपर्छ होशियार साथ विचार गर्नुहोस् र योजना बनाउनुहोस् ।

# २. 'सँगसँगै' कसरी सुरु गर्ने



# 'सँगसँगै' कसरी सुरु गर्ने

यो खण्डमा तलका क्षेत्रहरू समावेश छन्:

१. मण्डलीका अगुवाहरू दर्शन वा दृष्टि विकास गर्न कसरी सहायता गर्ने ?

२. 'सँगसँगै'मा अरूहरूको संलग्नता परिकल्पना गर्न मण्डलीका वरिष्ठ अगुवाहरूलाई कसरी सहायता गर्ने ?

३. मण्डलीका अगुवाहरूलाई निजहरूको मौजुद अगुवापनको भूमिकालाई 'सँगसँगै'को परिपेक्ष्यमा कसरी बुझ्ने भनी कसरी सहायता गर्ने ?

४. उपयुक्त मण्डलीहरू र समुदायहरूलाई कसरी पहिचान गर्ने ?

## १. मण्डलीका वरिष्ठ अगुवाहरूको दर्शन वा दृष्टि विकास गर्न कसरी सहायता गर्ने ?

जब मण्डलीका वरिष्ठ अगुवाहरू यो प्रक्रियामा संलग्न हुन्छन्, समर्थन गर्छन, र आफ्ना स्थानीय मण्डलीका अगुवाहरूलाई संलग्न हुन उत्साह दिन्छन्, यसले सम्पूर्ण सम्प्रदाय र धेरै समुदायलाई रूपान्तर गर्दछ । उनीहरूको सक्रिय सहयोगको अभावमा यो प्रक्रियालाई निरन्तरता दिन वा अन्य समुदायहरूमा यो प्रक्रियालाई सञ्चालन गर्न गाह्रो हुन्छ ।




यसैकारण मण्डलीका वरिष्ठ अगुवाहरूलाई यो प्रक्रियामा संलग्न गराउने उपायहरू खोज्न र यस प्रक्रियाका प्रत्येक चरणलाई वास्तविकता अनुकूल बनाई प्रभाव पार्नुपर्दछ ।

मण्डलीको दर्शनको निमित्त 'सँगसँगै' केन्द्रमा रहनुपर्दछ । मण्डलीका वरिष्ठ अगुवाहरूसँग काम गर्ने क्रममा यो सजिलो हुन्छ जुनहरू नयाँ विचार प्रति खुल्ला छन् र परिवर्तनको आवश्यकता देख्छन् ।

कुनै कुनै मण्डलीका अगुवाहरूको आफ्ना गोप्य कामहरू हुनसक्छन् जसले 'सँगसँगै' का उद्देश्यहरूलाई हानि पुऱ्याउन सक्छ । यी कुराहरूप्रति सहजकर्ताहरू सचेत रहनुपर्छ । जस्तै 'सँगसँगै' लाई प्रयोग गरी अर्के कामको निमित्त अर्थ प्राप्त गर्ने वा 'सँगसँगै' लाई प्रयोग गरी समुदायमा व्यक्तिगत प्रतिष्ठा र ख्याति प्राप्त गर्ने वा आफ्नो प्रभाव व्यापक बनाउने । यसैकारण समय लिएर मण्डलीका अगुवाहरूलाई चिन्न र 'सँगसँगै'का उपलब्धिहरू बारे उनीहरूको बुझाइ सम्बन्धि स्पष्ट हुनु आवश्यक छ ।



### मण्डलीका वरिष्ठ अगुवाहरूलाई संलग्न गराउने उपायहरू:

- 'सँगसँगै' के हो र यसले कसरी काम गर्छ भन्ने विषयमा अनुभव गर्न एकदिने परिचयात्मक कार्यक्रम राख्नुहोस् ।
- 'सँगसँगै' परियोजना अन्तर्गत संचालन भइरहेका क्षेत्रमा भ्रमणको व्यवस्था गर्नुहोस् । (कृपया पेज नं. ९२-९३)
- वार्षिक सम्मेलनमा मण्डलीका अगुवाहरूलाई विभिन्न मण्डलीमा संचालन भइरहेका 'सँगसँगै' कार्यक्रमको प्रतिवेदन दिन लगाउनुहोस् ।
- 'सँगसँगै'मा संलग्न सहजकर्ताहरूलाई प्रमाणपत्र वितरण गर्न उनीहरूलाई अनुरोध गर्नुहोस् ।
- अन्य सम्प्रदायका मण्डलीहरूमा आदान-प्रदान भ्रमणको व्यवस्था गर्नुहोस् जहाँबाट मण्डलीका वरिष्ठ अगुवाहरूले अरू मण्डलीका अनुभवबारे सुन्नेछन् ।
- मण्डलीका वरिष्ठ अगुवाहरूको लागि उनीहरूको आफ्ना सेवकाइमा यी अनुभवहरू प्रयोग गर्ने र बाइबल अध्ययन प्रयोग गर्ने मौका हेर्नुहोस् ।



मण्डलीका वरिष्ठ अगुवाहरू आफै धेरै दायित्वका कारण व्यस्त हुन्छन् भन्ने तथ्यलाई बुझ्नुपर्छ । उनीहरूको अघि आइपरेका केही चुनौतीहरूलाई सामना गर्न 'सँगसँगै'बाट सहायता पुग्ने कुरा देखाउनु सहयोगसिद्ध हुनेछ:

- यसले स्थानीय नेतृत्व विकास गर्न सहायता गर्नेछ ।
- स्थानीय मण्डलीलाई बाह्य सहयोग माथि कम भर पर्न सहायता गर्दछ ।
- यसले मण्डलीमा सदस्यको पूर्ण सेवकाइलाई उत्साह दिन सहायता गर्दछ र मण्डलीलाई "भौतिक निर्माणका" लागि मात्र प्राप्त हुने ठूला-ठूला बाह्य आर्थिक सहयोगले ल्याउने विकृतिबाट बचाँउछ ।

यो प्रक्रियाबाट आउने चुनौतीहरूबाट सुरुदेखि नै स्पष्ट हुनु आवश्यक छ र मण्डलीका वरिष्ठ अगुवाहरूलाई यी सबै कुराहरू बुझून् भनी निश्चित हुनुपर्छ । उदाहरणका लागि, स्थानीय मानिसहरूले आफ्नो लागि आफै निर्णय गरून् भन्ने जस्ता सशक्तीकरण प्रक्रियामा मण्डलीका अगुवाहरूलाई समायोजित हुन गाह्रो हुन्छ । विशेष यस्ता स्थितिमा जहाँ निर्णयहरू माथिल्लो तहमा गरिन्छन् र क्रमशः कार्यान्वयनको लागि तलतिर जान्छ । यस्तो स्थितिमा समायोजनको लागि समय चाहिन्छ ।

## मण्डलीका वरिष्ठ अगुवाहरूको लागि एक दिने कार्यशाला

मण्डलीका वरिष्ठ अगुवाहरूलाई 'सँगसँगै' सम्बन्धि जानकारी दिन र उनीहरूको यस सम्बन्धि दर्शन विकास गर्न उनीहरूको लागि आयोजना गरिने एक दिने कार्यशालाको संरचना यहाँ प्रस्तुत गरिएको छ । कार्यशाला संचालन गर्ने व्यक्तिहरूसित 'सँगसँगै' प्रक्रिया र योसित सम्बन्धित सहयोगी निर्देशिकाको राम्रो ज्ञान हुनु आवश्यक छ, र उनीहरू सहभागीहरूका फ्रिक्री र प्रश्नहरूका उत्तर दिन सक्नेछन् ।

'सँगसँगै'को वास्तविक अर्थ बुझी यसलाई समर्थन गर्न उनीहरूलाई उत्प्रेरित गर्न कार्यशालालाई जीवित र रमाइलो बनाउन आवश्यक छ। यसैकारण उत्साहवर्द्धक कार्यहरू तथा समूहगत छलफल प्रयोग गर्नुहोस् ।

| सेसन | विषय | टिप्पणी |
|---|---|---|
| सेसनः १<br><br>'सँगसँगै' के हो र मण्डलीको निमित्त किन यो महत्त्वपूर्ण छ | 'सँगसँगै' सम्बन्धि तपाईंले जान्नुपर्ने सबै कुराहरू (संयोजक पुस्तिका पेज नं ७ - १५) | यस अन्तर्गत छोटो छोटो प्रस्तुति क्रमिक रूपमा प्रस्तुत गरी प्रश्न गर्न र स्पष्टीकरण अवसर हुनुपर्दछ। मुख्य बुँदाहरू पहिले नै फ्लिप चार्टमा लेख्नुपर्छ र समूहमा प्रस्तुत गर्नुपर्छ । |
| सेसनः २<br><br>उमोजका विवरणहरू | संयोजक निर्देशिका परिशिष्टमा परिवर्तनका विवरणहरू हेर्नुहोस् (पेज नं ११२ - ११६) | विवरणहरू सम्बन्धि तलका प्रश्नहरूमाथि छलफल गर्न सहभागीहरूलाई स-साना समूहमा बाँड्नुहोस् ।<br>१. ठूला परिवर्तनहरू के-कस्ता थिए ?<br>२. यी परिवर्तनहरू कसरी हासिल भए?<br>३. मण्डलीलाई के फाइदा भयो ? |
| सेसनः ३<br><br>'सँगसँगै'का चरणहरूको सर्वेक्षण र विविध कार्यक्रमको अनुभव | क) स्रोतलाई सबल बनाउने प्रयोग गर्नु<br>ख) एलिशा बाइबल अध्ययन<br>ग) हाम्रो समुदायका कार्यक्रमको विवरण (मूल्याङ्कन)<br>घ) पानीमाथिको हिडाइ सम्बन्धि बाइबल अध्ययन (यी सबै सहजकर्ताको निर्देशिकामा छन्) | सहजकर्ताले सबल बनाउने तत्वहरू र कार्यक्रमहरू प्रदर्शन गर्नुपर्दछ र सहभागीहरूलाई ससाना समूहमा विभाजन गरी कार्य गर्न दिनुपर्छ। त्यसपछि मूल्याङ्कनको चरण हुनुपर्दछ जुन समयमा मण्डलीका अगुवाहरूले आफूले सिकेका कुराहरूको पुनरावलोकन गर्नुपर्दछ । |
| सेसनः ४<br><br>'सँगसँगै'को स्थापना र संचालन कसरी गर्ने | क) 'सँगसँगै'मा मण्डलीका वरिष्ठ अगुवाहरूलाई 'सँगसँगै'मा उनीहरूको भूमिकाबारे बुझ्न सहायता गर्ने (पेज नं. २२)<br>ख) उपयुक्त मण्डली र समुदायको कसरी पहिचान गर्ने (पेज नं.२३-२५)<br>ग) 'सँगसँगै'को विकासको निमित्त मण्डलीको संङ्गठनात्मक संरचनामा अनुकूल परिवर्तन ल्याउने (पेज नं. ९४ ) | 'सँगसँगै'को सपना सम्बन्धि मण्डलीका अगुवाहरूलाई व्यावसायिक पक्षको परिचय दिनलाई यी विषयहरू महत्त्वपूर्ण छन्। यी विषयहरू निरस हुन सक्छन् यसर्थ सहजकर्ताले समूहलाई क्रियाशील बनाउन कोशिस गर्नुपर्दछ । |
| समापन सेसन | 'सँगसँगै'लाई यसभन्दा अघि कसरी बढाउनेबारे सामूहिक छलफल गर्ने | 'सँगसँगै' सहजकर्ताहरूको लागि प्रतिवद्धता र समर्थनको कार्ययोजना तयार गर्ने |

## २. 'सँगसँगै'मा अरूहरूलाई पनि समेट्न मण्डलीका अगुवाहरूलाई कसरी सहायता गर्ने ?



मण्डलीका अगुवाहरूले एकपल्ट 'सँगसँगै'का प्रक्रियाहरू बुझेर आफू संलग्न भइसकेपछि, उनीहरूले अरूहरूलाई पनि समेट्न मण्डलीमा रहेका अरूहरूलाई 'सँगसँगै' प्रक्रिया प्रति मण्डलीको समर्थन छ भनी देखाउनु महत्त्वपूर्ण छ। यो 'सँगसँगै'को निमित्त आवश्यक छ किनकि यो प्रक्रिया मण्डलीले यसभन्दा पहिले गरेका तरिका भन्दा फरक छ जसको कारण मानिसहरूसित धेरै प्रश्न र समस्याहरू हुनसक्छ।

वरिष्ठ अगुवाहरूले अरूहरूलाई समेट्न र आफ्नो समर्थन जनाउने उपायहरू:



- आफ्नो प्रवचनमा (उपदेशमा) यसलाई सम्बोधन गर्ने (बाइबल अध्ययनका केही सामाग्रीहरू प्रयोग गर्नुहोस्)।
- 'सँगसँगै' सम्बन्धि बुझाउन स्थानीय मण्डलीका सबै अगुवाहरूको लागि सभा वा कार्यशालाको आयोजना गर्नुहोस्।
- 'सँगसँगै' संचालन गर्न मण्डलीहरूकहाँ गई बुझ्नुहोस् र समर्थन गर्नुहोस्।
- उनीहरूका कार्यकर्ता र स्थानीय मण्डलीका अगुवाहरूलाई 'सँगसँगै'मा संलग्न मण्डलीहरूमा भ्रमण गर्न उत्साह दिनुहोस्।
- स्तरीय बैठकमा 'सँगसँगै'लाई नियमित एजेन्डा बनाउनुहोस्।
- 'सामाजिक कार्यनीति' बनाउनुहोस् जुनमा सम्प्रदायको गरिब समुदायसित कार्य गर्ने प्रतिवद्धता लिखित रूपमा समावेश गरिन्छ।



## ३. 'सँगसँगै' कार्यक्रम आफ्नो भूमिकाको निरन्तरता सम्बन्धि मण्डलीका वरिष्ठ अगुवाहरूलाई कसरी सहायता गर्ने ?

'सँगसँगै' प्रक्रियाको क्रमिक विकासमा मण्डलीका वरिष्ठ अगुवाहरूको भूमिका छन्:

**१. प्रक्रियालाई सम्पन्न गर्न प्रयाप्त कर्मचारी र स्रोतको निश्चित गर्नु**



यस कार्य मण्डलीका वरिष्ठ अगुवाहरूलाई समर्थन गर्न, उनीहरूसित असल संचारको निश्चित रूपमा व्यवस्था हुनुपर्छ र तपाईं स्रोतको (मानिस, समय, अर्थ आदिको) परिमाण सम्बन्धि वास्तविक रूपमा स्पष्ट हुनुपर्छ ।

**२. उच्च तहको समितिमा कार्यक्रमको नियमित रूपमा प्रगतिमापन हुनुपर्छ र पाठहरू सिकेर नयाँ मण्डलीहरूमा (चर्चहरूमा) लागु गर्न निश्चय गर्नु**

मण्डलीका वरिष्ठ अगुवाहरूलाई सहयोग गर्न तपाईंले काम गरिरहनुभएको प्रत्येक समुदायका प्रक्रियाको प्रगतिबारे निरन्तर जानकारी दिनुपर्छ, र साथै कुनै उपयुक्त समयमा कार्यक्रमको मूल्याङ्कनमा उनीहरूलाई संलग्न हुन उत्साहित गर्नुपर्दछ ।

**३. उनीहरू संलग्न भएका सबै मण्डलीहरूको लागि कार्यक्रमको योजना निर्माण र विकास गर्नु**

यस सम्बन्धि वरिष्ठ अगुवाहरूलाई समर्थन गर्न तपाईंले उनीहरूलाई भविष्यको लागत बजेटको आवश्यकता बारे विचार गर्न उनीहरूलाई उत्साह दिनुपर्दछ । (अरू जानकारीको लागि यस निर्देशिका पुस्तकको अध्याय ..... हेर्नुहोस् ।)



## ४. उपयुक्त मण्डली र समुदायहरूको कसरी पहिचान गर्ने ?

यस खण्डले 'सँगसँगै' सफल हुनसक्ने मण्डलीहरू र समुदायहरूको छनौट गर्न मार्ग निर्देशन प्रदान गर्दछ ।

काम गर्नुपर्ने स्थानीय मण्डली वा समुदायहरूको छनौट एक महत्त्वपूर्ण निर्णय हो । सबै मण्डली र समुदाय 'सँगसँगै'को लागि उपयुक्त छैनन् । यस्ता स्थानहरूमा काम गर्नु नैराश्यपूर्ण हुनसक्छ र अरू स्थानहरूमा यो प्रक्रियाको प्रतिस्ठामा हानि पुऱ्याउन सक्छ । अर्कातिर, जहाँ मण्डली र समुदाय 'सँगसँगै'को निमित्त तयार छन्, यो प्रक्रियाले अपूर्व नतीजा हासिल गर्न सक्दछ जसले अरूहरूलाई उत्साह प्रदान गर्नेछ ।



'सँगसँगै'लाई प्रभावशाली बनाउने तत्वहरू

- **स्थानीय मण्डलीमा बलियो, सशक्त नेतृत्वः** जसले सम्पूर्ण मण्डलीलाई 'सँगसँगै'मा सहभागी गर्न उत्साह दिन्छ ।
- **मण्डलीमा दिगो नेतृत्वः** मण्डली र अगुवा अर्को तीन वर्षका लागि आफ्नो पदमा रहेमा, यसले प्रक्रियालाई लाभदायक निरन्तरता प्राप्त हुनेछ ।
- **यो काम गर्नु ठीक हो भनी बोलावट पाएका मण्डलीः** यो काम "गर्नु" भनी भनेकाले मात्र गरेका हौं अथवा यसले पैसा ल्याउँछ भन्ने भावना नभएका मण्डली ।



- **स्थानीय मण्डलीहरू र समुदायबीचको असल सम्बन्धः** यसले प्रक्रिया सुरु गर्नलाई विस्तृत प्रारम्भिक सहायता प्राप्त गर्न मद्दत गर्दछ ।



- **प्रक्रियाप्रति खुल्लापनः** गाउँ विकास समिति वा स्थानीय प्रशासन जस्ता समुदायमा निर्णय गर्नेहरू माझ प्रक्रिया प्रति खुल्लापन ।
- **समुदाय जुनहरू वाह्य स्रोतमा भर पर्दैनन्ः** किनकि उनीहरूलाई आफ्नो स्रोत पहिचान गर्न प्रयोग गर्न सजिलो लाग्छ । यदि समुदायमा अन्य परोपकारी (दिने) संस्थाले काम गरिरहे भने त्यसले 'सँगसँगै'लाई काम गर्न कठीन हुन्छ ।



- दिगो समुदायहरू: जहाँ मानिसहरूलाई विस्थापनको वा गर्नुपर्ने डर छैन । उनीहरू दीर्घकालिन परिवर्तनको निमित्त लगानी गर्नमा बढी इच्छुक छन् ।
- स्पष्ट निर्धारित समुदायहरू: जहाँ मानिसहरूलाई समुदाय के हो भन्ने बारे स्पष्ट ज्ञान छ, जस्तै: गाउँ जहाँ उनीहरूलाई काम गर्न सजिलो महसुस हुन्छ ।
- समुदायहरू जहाँ असल मिलाप छ: विभाजन भएको समुदायका सबै मानिसहरूलाई संलग्न गराउन असम्भव नभए पनि गाह्रो हुन्छ उदाहरणको लागि जातीय वा धार्मिक समुदायहरू । यस्तो अवस्थामा सहजकर्ताले संवेदनशील र धैर्यपूर्वक काम गर्नुपर्छ र सम्बन्ध निर्माणलाई प्रक्रियाको एक मुख्य भागको रूपमा हेर्नुपर्दछ ।
- समुदायहरू जसका नजिक 'सँगसँगै' समुदायहरू छन्: यसले समुदायहरूलाई एक अर्काबाट सिक्ने मौका प्राप्त हुन्छ ।

कुनै पनि मण्डली वा समुदायले माथि उल्लेख भएका सबै तत्वहरू भेटाउने छैनन् । तापनि सलेतपाईंलाई सम्भाव्य कमजोरीहरू तथा प्रक्रियाको क्रममा कुनै क्षेत्रमा ध्यान पुऱ्याउनुपर्छ सो बारे निर्देशन प्रदान गर्नेछ ।



# ३. सहजकर्ताको भर्ना र तालिम कसरी गर्ने

# सहजकर्ताको भर्ना र तालिम कसरी गर्ने

यो खण्डले 'सँगसँगै' सहजकर्ताहरूको पहिचान, भर्ना र तालिमबारे हेर्नेछ। नयाँ सहजकर्ताहरूको छनौटमा मुख्य कुरा आफ्नो समुदायलाई आफू संलग्न भई सहायता गर्ने उचित भावना र जोश भएको व्यक्तिहरूको पहिचान गर्नु हो। सीपमूलक तालिम अत्यन्त आवश्यक छ र यो तालिम कार्यशाला (वा कक्षा) मा गरिने व्यावहारिक कार्य तथा अनुभवी सहजकर्ताहरूसँगै समुदायमा गरिने कामद्वारा दिनु आवश्यक छ।

## १. सहजकर्ताको भूमिका



सहजकर्ता ती व्यक्ति हुन् जसले स्थानीय मण्डली र समुदायसित मिलेर आधारभूत तहमा 'सँगसँगै' प्रक्रियाको चरणलाई अघि बढाउँदछ।

उनीहरू समुदाय बाहिरका पनि हुन सक्छन्, अथवा समुदाय भित्रका सीप र विश्वसनियता भएका व्यक्ति हुनसक्छन्।

## २. सहजकर्ताको छनौट

सहजकर्ता छनौट गर्दा उनीहरूमा निम्न लिखित गुण र सीपहरू छन् कि छैनन् विचार गर्नुपर्छः

**असल सहजकर्ताका गुणहरूः**



- सिक्ने इच्छा
- नम्र
- मायालु
- मिलनसार
- मण्डली र समुदायबाट आदर प्राप्त भएको
- समर्थक
- सम्मिलत हुनसक्ने
- धैर्य
- अरूहरूलाई कदर गर्ने
- विश्वस्त
- लचकदार

*संसारमा तपाईंले चाहनुभएको परिवर्तन तपाईं आफूमा हुनुपर्छ।*

-महात्मा गान्धी

## ३. सहजकर्ताको तालिमका मुख्य तत्वहरू

तलको चित्रले सहजकर्ताहरूलाई तालिम दिनुपर्ने तीन मुख्य तत्वहरूलाई प्रष्ट्याएको छ । पछिल्ला पानाहरूमा यी क्षेत्रहरूबारे अरू विस्तृत जानकारी दिइएको छ, र निश्चित साधन र बाइबल अध्ययनका विस्तृत व्याख्या सहजकर्ताको निर्देशिकामा पाइनेछ ।

**भावना**

सहजकर्ताहरूसँग हुनुपर्ने मुख्य भावनाहरू यी हुन्:

- अरूबाट सिक्न खुल्लापन हुनु र नयाँ कुरा प्रयोग गर्नु
- माया
- अरूको कदर गर्नु

**सीपहरू**

सहजकर्ताहरूलाई तालिम दिनुपर्ने मुख्य सीपहरू निम्नानुसार छन्:

- सामूहिक काम
- असल सुनाइ
- खुल्ला प्रश्न
- सहजीकरण समूह
- उत्प्रेरक समूह



**ज्ञान**

सहजकर्तालाई तालिम दिनुपर्ने मुख्य ज्ञानका क्षेत्र यी हुन्:

- प्रौढहरू कसरी सिक्छन्
- 'सँगसँगै'का प्रमुख चरणहरू
- योजनाका साधन
- मूल्याङ्कन र पुनरावलोकनका साधनहरू
- समुदायको विकासका सिद्धान्तहरू जुनमा एच.आई.भी. र दुर्घटनाहरू पनि समावेश छन्

*मानिसहरूले सँगै मिलेर काम गरेमा एकल व्यक्तिले एक्लै काम गरी सम्पन्न गर्छु भनी नचिताएका काम सम्पन्न गर्नसक्छ ।*

-फ्रान्कलिन रूजभेल्ट

## ४. तालिमद्वारा सहजीकरण भावनाको विकास

सहजकर्ताको एक प्रमुख गुण उपयुक्त भावना हो जो समुदायलाई आफ्नो आवश्यकता आफ्ना स्रोतद्वारा पूरा गर्न आफ्नो सम्भाव्यतालाई पहिचान गर्न सहायता गर्ने कुरामा खुला रहन्छ। यसको निमित्त धैर्य र केही बाटो देख्न सक्ने प्रतिवद्धता चाहिन्छ।

धेरैका निमित्त, मण्डलीमा माथिबाट तलकालाई सिकाउने विधि मात्र थाहा पाउनेहरूले यसलाई पनि बाइबलकै ढाँचा भनी मानिलिने छन्। यसर्थ सहजीकरण सम्बन्धि येशूको विधिको खोज गर्नु सहयोगी नै हुनेछ। येशूको विधि प्रदर्शन गर्ने बाइबल अध्ययनको पाठ कुवामा उहाँको एउटा महिलासँगको भेटको घटना हो (यूहन्ना ४:१-२६)। यो पाठ सहजकर्ताको निर्देशिकामा पाउनुहुनेछ। विकल्पमा तलको बाइबल अध्ययन पनि प्रयोग गर्न सक्नुहुनेछ।

### मनोबृति थाहा पाउन बाइबलको प्रयोग



सहकर्ताको निर्देशिकामा लेखिएका बाइबल अध्ययनहरूले नयाँ सहजकर्ताहरूलाई अत्यन्त उपयुक्त मनोबृतिहरू सम्बन्धी सोच्न सहायता पुऱ्याउने सर्वोकृष्ट श्रोत प्रदान गर्दछन्।

अधिकांश मानिसहरुले झै उनीहरूले मण्डलीमा अनुभवयुक्त शिक्षा मात्र पाउनेछन्। उनीहरूले यो बाइबलीय नमूना हुनैपर्छ भनेर ठान्नछन्। सहजीकरणको सन्दर्भमा येशूको नमूना विचार गर्नु धेर्र उपयोगी हुनसक्छ। इनारमा सामरी स्त्रीलाई भेट्न नै येहूको कार्य गर्ने तरिका प्रस्तुत गर्ने बाइबल अध्ययनको एउटा असल नमूना हो (यूहन्ना ४:१-२६)। यो कुरा सहजकर्ताको निर्देशिकामा पाइन्छ। वैकल्पिक रूपमा तपाईले निम्न बाइबल अध्ययन चलाउन सक्नुहुन्छ।

### बाइबल अध्ययनः येशू आफ्ना चेलाहरूको खुट्टा धुनुहुन्छ।

यूहन्ना १३: १-१५ पढ्नुहोस्।

१. समूहमा काम गर्दा कस्ता परिस्थितिको सामना गर्नुपर्छ जहाँ तपाईंलाई येशूले आफ्ना चेलाहरूको खुट्टा धुनु भएको नम्रता चाहिन्छ ?

२. कस्ता कामहरू गर्न हामी तयार हुनुपर्छ ?

३. अरू मानिसहरू सहायता गर्दा हामीलाई कस्तो प्रकारले नम्र हुनु आवश्यक छ ?

४. आत्म-भरोसा नभएकाहरूलाई आफ्नो अनुभूति र विचार व्यक्त गर्न कसरी प्रोत्साहन दिन सकिन्छ ?

५. बाइबल अध्ययनबाट हामी अरू मानिसलाई कसरी सुन्नु र कदर गर्नु भन्ने पाठ कसरी प्रयोग गर्न सक्छौं ?

**चिन्तन**

एकअर्कालाई गम्भिरतापूर्वक र कदर गर्ने बानीको विकास नभएसम्म समूह समुदाय बन्न सक्दैन।



## धारणा र सहयोगको विचारबारे कार्यकलाप

### तपाईंसित भएकैबाट बनाउनुहोस् ।

यो कार्यकलापले समूहलाई सहयोग र संचार सम्बन्धि भावनाबारे बुझ्न सहायता गर्छ । यो अत्यन्तै रमाइलो हुनसक्छ ।



**निर्देशन**

१. कार्यकलापभन्दा पहिले पुराना लुगाका टुक्राहरू, कागज, पाइप, उपकरण, ढुङ्गा, सिसीले भर्नलाई गत्ताको बाकस खोज्नु पर्दछ । प्रत्येक बाकसमा १५ वा बढी विभिन्न किसिमका वस्तुहरू हुनुपर्दछ ।

२. कार्यकलाप सुरु हुनुभन्दा पहिले यो कार्यमा सहयोगलाई व्यवहारमा ल्याउनु कठिन हुन्छ भनी भन्नुहोस् । सहयोगबारे छलफल गर्नुभन्दा यो कार्यकलापले सहयोग गर्न उत्साह दिने कुराको व्याख्या गर्नुहोस् ।

३. सहभागीहरूलाई पाँच वा छ जना व्यक्तिहरूको समूह बनाई, प्रत्येक समूहलाई एउटा बाकसको चारैतिर खडा हुन अनुरोध गर्नुहोस् ।

४. त्यसपछि अभ्यास सम्बन्धि निर्देशन दिइन्छ:

   क) प्रत्येक समूहसित वस्तुहरूले भरिएको एउटा बाकस हुन्छ । प्रत्येक समूहले ती वस्तुहरूबाट एउटा अर्थपूर्ण चिज बनाउनुपर्छ –यो कुनै कुराको प्रतिरूप वा वास्तविक कुरा हुनसक्छ ।

   ख) समूहले चुपचाप काम गर्नुपर्छ र टिप्पणी वा नोट लेख्न निषेध छ । एक अर्कासँग संचार गर्न अरू नै विधि अपनाउनुपर्छ ।

   ग) आफ्नो सृजनात्मक कार्यको निमित्त उनीहरूलाई बाकसभित्र भएको वस्तुबाहेक अरू तीन कुराहरू थप्न दिइन्छ ।

   घ) सबैभन्दा सृजनात्मक र उत्कृष्ट निर्माण गर्ने समूहलाई उपहार प्रदान गरिनेछ ।

   ङ) उनीहरूले १५ मिनेटमा यो काम सिध्यानुपर्नेछ ।

५. निर्देशन र प्रश्न गर्ने समय दिइसकेपछि काम सुरु गर्ने संकेत दिनुहोस् ।

६. १५ मिनेटपछि अभ्यास बन्द गर्नुहोस् ।

७. सबैलाई प्रत्येक समूहमा गई के निर्माण गरिएको छ निर्माण गरिएको कृति चिन्न सकिन्छ कि सकिदैन हेर्न पठाउनुहोस् ।

८. उनीहरूले ताली बजाएर आफ्नो मत दिनुपर्नेछ । आफूले बनाएको कृतिलाई भने सम्बन्धित समूहले ताली बजाउन पाउनेछैन । सबैभन्दा जोडदार ताली प्राप्त गर्ने समूहको जीत हुन्छ ।

### छलफलका लागि प्रश्नहरू

१. तपाईंको समूहमा कुन कुराले सहयोगितालाई सहायता पुऱ्यायो ?

२. के ले सहयोगितामा वाधा पुऱ्यायो ?
- के कुनै समय तपाईं निराश हुनुभयो ?
- किन यस्तो अनुभव भयो ?
- समूहले अझ राम्रोसित काम गर्नलाई समूहले के गर्नसक्थ्यो ?

३. सहयोगिताबारे के सिक्नुभयो ?

४. के यस्ता कुराहरू वास्तविक जीवनमा पनि घट्छन् ? कसरी ?

५. यस्ता समस्याहरू कस्ता उपायहरूले समाधान गर्न सकिन्छ ?

## ५. तालिमद्वारा सहजीकरणको ज्ञान निर्माण गर्नु

### प्रौढ सिकाइको चक्र

सहजकर्ताहरूलाई यो थाहा हुनुपर्छ कि 'सँगसँगै' प्रक्रिया समुदायसँग मिलेर केही गर्ने हो, उनीहरूको निमित्त गरिदिने होइन । मण्डली र समुदायसँग काम गर्नुभन्दा अघि प्रौढहरूले कसरी सिक्छन् भन्ने कुरा सहजकर्तालाई थाहा हुनुपर्छ ।

**१. अनुभव**

मानिसहरूले पछिबाट चिन्तन गर्नसक्ने अनुभवद्वारा सिक्छन् ।

**४. कार्य**

भिन्दै प्रकारले काम गर्ने यो व्यावहारिक कदम हो ।



**२. चिन्तन**

अनुभवपछि उनीहरूले अनुभव कस्तो रह्यो र भविष्यको लागि यसले के अर्थ राख्छ भनी चिन्तन गर्छन् ।

**३. विश्लेषण**

यसले व्यावहारिक विकल्प र समाधानलाई हेर्छ जुनद्वारा आगामी अवस्था भिन्दै प्रकारका काम गर्न सकिन्छ ।

प्रौढ सिकाइ चक्र समुदायहलाई उनीहरूको अनुभवमाथि चिन्तन गर्न एक उपयोगी साधन हो र अन्य विभिन्न मुद्दाहरूमा पनि प्रयोग गर्न सकिन्छ। उदाहरणको लागि, बाढीपछिको अनुभव र अर्को पटक यस्तै घटना घटेमा कस्ता कदमहरूद्वारा फरक प्रकारले काम गर्न सकिन्छ भन्ने सम्बन्धि चिन्तन गर्न अनुरोध गर्न सकिन्छ।

## 'सँगसँगै'का चरणहरू र समूह-कार्यका साधनहरू

नयाँ सहजकर्ताहरूलाई 'सँगसँगै'का प्रमुख चरण सम्बन्धि तालिम दिन सहजकर्ता निर्देशिका प्रयोग गर्नुहोस् साथै प्रत्येक चरणमा चाहिने साधनहरू सम्बन्धि पनि। यो गर्ने सबैभन्दा राम्रो तरिका पहिले सम्पूर्ण प्रक्रियाको छोटकरी वर्णन दिनुहोस् र त्यसपछि ससाना खण्डमा बाँड्नुहोस्। साधनबारे कुरामात्र गर्नुभन्दा प्रत्येक सहभागीले साधन प्रयोगको अभ्यास गरी एक अर्कालाई प्रदर्शन गर्नु महत्त्वपूर्ण हुन्छ। पेज ... मा तालिम तालिका छ जसले तपाईंलाई सेसनको योजना निर्माणमा सहायता गर्नेछ।

## योजना तर्जुमा र निगरानी

मानिसहरूको निमित्त योजना तर्जुमा र निगरानी बुझ्नलाई गाह्रो धारणा हुन्। यसैले सहजकर्ताहरूले यो ज्ञान आफ्नो परिस्थितिमा प्रयोग गर्न सक्नलाई उनीहरूलाई यसबारे प्रशस्त समय दिनुपर्छ। यी क्षेत्रहरूमा नयाँ कार्यकर्ताहरूले तालिममा सहजकर्ता निर्देशिका प्रयोग गर्नुहोस्।



हामीले केही फरक ल्यायौं ?

हामीले गर्छौं भनेका कुरा गऱ्यौं ?

के हामीले समय र स्रोतको प्रभावकारी उपयोग गऱ्यौं ?

## ६. तालिम द्वारा सहजीकरण सम्बन्धि सीपको विकास

सहजीकरणका सीपहरू तल दिइएका छन् र सहजकर्ताहरूलाई यी क्षेत्रमा आत्म-निर्भर हुनलाई प्रशस्त समय दिनुपर्छ । सीप सिकाउने क्रममा सहजकर्ताहरूले पाँच वा छ पटकको अभ्यास पछि उक्त सीप सम्बन्धि आत्म-निर्भर हुन्छन् भन्ने कुरा जान्नु राम्रो हुन्छ । साथै नयाँ सहजकर्ताहरूले बढी अनुभवी सहजकर्ताहरूसँग समय बिताएमा उनीहरूले आवश्यक सीपको प्रदर्शन देख्नेछन् । यदि यो सम्भव नभएमा तलका चरणहरू सीप सिकाउनमा उपयोगी हुनेछन् ।




'सँगसँगै'बाट प्रशस्त फाइदा उठाउन सुनाइ, खुल्ला प्रश्न गर्न र राम्रो सहभागिता र व्यावहारिक कार्य जस्ता सीपहरूको विकास गर्नुपर्छ ।

## सुनाइका सीपहरू

'सँगसँगै'को एउटा प्रमुख खण्ड मानिसहरूलाई उनीहरूको अनुभव र विचारहरू मूल्यवान र सुन्ने लायक छन् भन्ने भरोसा दिलाउनु हो । यसर्थ राम्रो सुनाइ तपाईंको भूमिकाको महत्त्वपूर्ण भाग हो ।

**खराब सुनाइका आदतहरू**

समूहमा सुनाइका खराब आदतका उदाहरण सम्बन्धि छलफल गर्नुहोस् र त्यसपछि तलका आदतबारे विचार गर्नुहोस् । खराब सुनाइका आदतलाई कसरी सम्बोधन गर्न सकिन्छ कुरा गर्नुहोस् ।

क) **भित्र बाहिर सुनाइ**

धेरै जसो मानिसहरू बोल्नभन्दा चारगुणा चाँडो विचार गर्छन् यसैले विचार गर्ने धेरै फाल्तु समय बाकी रहन्छ। यसको अर्थ मानिसहरूले असम्बन्धित विषयहरूमा विचार गर्न पुग्छन् र जे भनिएको थियो त्यसमा केही बुझ्दैनन् वा भूल्छन् ।



ख) **अग्नि सुनाइ**

केही शब्द वा वाक्याशंहरूले हामीमा संवेदनात्मक प्रतिक्रिया प्रारम्भ गरिदिन्छ । हामी त्यो शब्दलाई प्रसङ्गबाट टिप्छौं र सुन्न छोड्छौं ।

ग) **बन्द मनको सुनाइ**

जे भनिएको छ त्यसबारे हामी एकैचोटी निस्कर्षमा पुग्छौं, "यो मैले पहिले पनि सुनेको थिएँ ..... यो पट्टाइ लाग्दो हुन्छ ... मलाई तिनीहरूभन्दा धेरै आउँछ" र त्यसपछि बोलिएको कुरा सुन्न मनलाई बन्द गरिदिन्छौं ।



जब विषय जटिल वा भद्रगोल हुन्छ स्रोता हैरान हुन्छ र सुन्न छोड्छ ।

## अभिनय कार्यक्रम

दुइ सहजकर्ताहरूलाई खराब सुनाइबारे हेर्न लगाउनुहोस् र वार्तालापको अभिनय गर्न लगाउनुहोस् जहाँ ती दुइमध्ये एउटाले खराब सुनाइ प्रदर्शन गर्नेछ । अभिनय सम्बन्धि समूहमा छलफल गर्न लगाउनुहोस् । दर्शकहरूलाई खराब सुनाइ गर्ने व्यक्तिले प्रदर्शन गरेका गुणहरूको सूची तयार गर्न लगाउनुहोस् । छलफलको क्रममा प्राप्त हुन आएका प्रतिक्रिया (पृष्ठपोषण) हरू ठूलो कागजमा लेख्नुहोस् । त्यसपछि असल सुनाइका वाधकहरूलाई कसरी सम्बोधन गर्नुपर्छ छलफल गर्नुहोस् ।

**असल सुनाइका सीप विकासको निमित्त केही विचार यहाँ प्रस्तुत गरिएको छन्:**

**अशाब्दिक सुनाइका सीपहरू**

- कुनामा बस्नुहोस् (यो काम औपचारिक हुन्छ)
- खुल्ला मनोस्थिति राख्नुहोस् (वक्तालाई खुल्लापनको निम्ति उत्साह दिनुहोस्)
- अलि झुक्नुहोस् (यसले अभिरूचि प्रदर्शन गर्दछ)
- आँखा जुझाउनुहोस् (आँखा जुझाउनुभएन भने वक्ताले तपाईंको अभिरूचि सेलाएको अर्थ लगाउने छ)
- आरामसित बस्नुहोस् (तनावग्रस्त स्रोताले वक्तालाई अत्याँउछ)

**शाब्दिक सुनाइका सीपहरू**



- उत्साह दिनुहोस् (ए, मैले बुझें, ठीक भन्नुभयो)
- आत्मसाथ गर्नुहोस् (सायद यो तपाईंको निम्ति निकै कष्टप्रद भयो होला)
- स्पष्ट गर्नुहोस् (कृपया फेरि भन्नुहोस्..... मैले राम्रोसँग बुझिनँ)
- विचार दोहोऱ्याउनुहोस् (तपाईंले भन्नुभएको मैले यसरी बुझें.....)

**प्रश्न गराइ**

बन्द प्रश्न भन्दा खुला प्रश्नले तपाईंलाई धेरै जानकारी प्राप्त गर्नमा सहायता गर्नेछ। बन्द प्रश्नको उत्तर 'हो' वा 'होइन' मात्र हुन्छ। कुनै विषयमा कुनै मानिसको धारणा के रहेछ बुझ्नमा खुल्ला प्रश्नले सहायता गर्छ।

**हाते विधि**

सोधिने खुल्ला प्रश्नहरू स्मरण गर्न हातमा रहेका प्रत्येक औंलालाई बेग्लाबेग्लै खुल्ला प्रश्नको रूपमा हेर्नुहोस्।




तलका कार्यले यो सीपका साथै अशाब्दिक र शाब्दिक सुनाइका सीपहरू विकास गर्नमा सहायता गर्नेछ।

जोडा कार्य:

समूहलाई जोडा जोडी गरी बाँड्नुहोस् र प्रत्येक व्यक्तिलाई गएको हप्ता बारे कुरा गर्न सहायता गर्ने किसिमको एउटा प्रश्न बनाउन लगाउनुहोस् । व्यक्ति 'क' ले प्रश्न गर्नुपर्छ र व्यक्ति 'ख' लाई २ मिनेट बोल्न दिनुहोस् । त्यसपछि व्यक्ति 'ख' ले प्रश्न कस्तो थियो र वार्तालाप सुरु गर्न वा बन्द गर्नमा सहायता गऱ्यो कि गरेन भन्नेबारे प्रतिक्रिया दिनेछ । अब व्यक्ति 'क' ले व्यक्ति 'ख' ले बाले को कुराको सारांश दिनेछ । व्यक्तिको भूमिका फेरेर यो कार्यक्रम पुनः दोहोऱ्याउनुहोस् । त्यसपछि जोडाको दुवैले सम्पूर्ण समूहलाई आफ्नो प्रतिक्रिया दिनेछ ।

जोडा समुदाय प्रश्न

यो कार्य खुल्ला प्रश्न सोध्ने अभ्यासको निमित्त उत्तम छ । मानिसहलाई जोडा जोडा भएर प्रश्न गर्न तयार गर्न लगाउनुहोस् जुन प्रश्न उनीहरू समूहका अर्का व्यक्तिलाई सोध्न सक्छन् । यी प्रश्नहरूले उनीहरूलाई समुदायबारे व्यक्तिको धारणा अरू बढी थाहा पाउन सहायता गर्नसक्छ । यहाँ खुल्ला प्रश्नका केही उदाहरणहरू छन् ।

तपाईंको विचारमा

- हाम्रो समाजमा चाँडै प्रभावित हुने को-को छन् ?
- तपाईंको विचारमा यो समुदायमा बस्नु पर्दाका तनावहरू के-के हुन् ?
- आराम गर्न धेरैजसो मानिसहरू कहाँ जान्छन् ?
- कुन समयमा मानिसहरू एक अर्कालाई सहायता गर्न इच्छुक हुन्छन् ?
- आफ्नो एक्लो बसाइको कसरी सामना गर्नुहुन्छ ? (तपाईं आफू एक्लै कसरी बस्नुहुन्छ)
- किन धेरै मानिसहरू विद्यालय छोड्छन् ?

बन्द प्रश्नका केही उदाहरणहरू:

- सडकमा कति बालबालिका बस्छन् ?
- छोडिदिउँ जस्तो लागेन ?
- तपाईंको विचारमा यस्तो धारणा अनुत्तरदायी छैन र ?

विभिन्न प्रकारका प्रश्नहरू विभिन्न समयमा उपयोगी हुन्छन् । कुनै समय बन्द प्रश्नहरू उपयुक्त हुन्छन् जस्तै जब तपाईं कुनै कुरालाई प्रष्ट्याउँदै हुनुहुन्छ । तर कुराकानीको सुरुमा खुल्ला प्रश्न महत्त्वपूर्ण हुन्छ जुनबेला कुनै विषय सम्बन्धि मानिसहरूको धारणा बुझ्न चाहदैहुनुहुन्छ ।

जोडीहरूलाई अर्को जोडासँग मिल्न लगाउनुहोस् । जोडा 'क' का एक व्यक्तिले जोडा 'ख' का अर्को व्यक्तिलाई आफूले सोचेका प्रश्न सोध्नुहोस् ।  बाकी अरू दुइले श्रोतामाथि प्रश्नको असर र उनको सुनाइका शैलीको अवलोकन गर्नुपर्छ ।

चार पाँच मिनेटपछि, समूहले चलिरहेको कार्य बन्द गर्नुपर्दछ र प्रश्नहरूको उपयुक्तता र प्रभावकारिताबारे छलफल गर्नुपर्दछ । प्रश्नकर्ताको सुनाइ-शैली सम्बन्धि प्रतिक्रिया पनि दिन सकिन्छ । यो प्रक्रियालाई दोहोऱ्याउनुहोस् -जोडा 'ख' को एकजनाले जोडा 'क' को एउटालाई आफ्ना प्रश्नहरू सोध्न लगाउनुहोस् ।

जोडाहरूले सम्पूर्ण समूहलाई आफूले सिकेका पाठ सम्बन्धि पृष्ठपोषण (प्रतिक्रिया) दिन सक्नेछन् र यो पृष्ठपोषणबाट सहजकर्ताले विशेष गरी असल प्रश्नहरूको सूची तयार गर्न सक्नेछन् ।

## सामुहिक छलफलको सहजीकरण



राम्ररी नेतृत्व गरिएका छलफलहरुद्वारा मानिसहरुसँग गरिएका कुनै पनि व्यक्तिगत वार्तालापले भन्दा अझै गहिराइमा समस्याहरु खोतल्न सकिन्छ ।

सम्पूर्ण समुदायले सहभागी हुने अवसर प्राप्त गरुन् भनेर सुनिश्चित गर्ने कार्य अत्यन्तै महत्त्वपूर्ण हुन्छ र यो कार्य एउटा साँचो सीपमा पर्दछ ।

तल प्रस्तुत गरिएका दुईवटा क्रियाकलापहरुले सहजकीकरण सीप अभिवृद्धिमा टेवा पुऱ्याउँदछ ।

### १. भित्ते क्रियाकलापमा झिङ्गाहरु

"के गर्दा असल सहजकर्ता भइन्छ?" भन्ने विषयमा माथापच्ची गर्दै यस क्रियाकलापको प्रारम्भ गर्नुहोस् । यस क्रियाकलाप अन्तरगत समूहमा यस्ता सीपहरु अभ्यास गरिनु पर्दछ भनेर प्रष्ट्याइ दिनुहोस् । समूहले चयन गरेको कुनै पनि विषयमा सबैले पालैपालो छलफल गर्नुपर्छ भनेर बताउनुहोस् ।

सहभागीहरुलाई दुई समूहमा विभाजन गर्नुहोस् । एउटा समूहलाई अलिक सानो झुण्ड र अर्को समूहलाई ठूलो झुण्ड बनाउनुहोस् । सानो समूहलाई ठूलो समूहभित्र गोलाकार बन्न लाउनुहोस् । सहजकर्तालाई १० मिनेटदेखि १५ मिनेटसम्म समय दिएर छलफललाई अगाडि बढाउन लाउनुहोस् । बाह्य वृताकारका सहभागीहरुको बिचार अनुसार के के राम्रो भयो र के के चाहिँ सुधार गर्नुपर्ने हो त्यस बारे उनीहरुले रचनात्मक सल्लाह दिनुपर्ने हुन्छ । अनि त्यसपछि अर्को व्यक्तिलाई त्यही विषयमा वा अन्य कुनै नयाँ विषयमा सहजीकरण गर्न लाउनुहोस् । यदि समय छ भने बाह्य वृतका सहभागीहरुबाट एउटा नयाँ समूह बनाउनुहोस् ।



### २. सहजीकरण द्विविधा क्रियाकलाप

त्यस समूहलाई विभक्त गरेर पाँच वा छ जना व्यक्तिहरुको सा-सानो झुण्ड बनाउनुहोस् । प्रत्येक समूहलाई निम्न द्विविधाहरु मध्ये एउटा समस्यामा पालैपालै भूमिका निर्वाह गर्न लाउनुहोस् । बाँकी झुण्डले चाहिँ त्यस परिस्थिति कसरी समाधान गर्न सक्छन् सो बारे छलफल गर्न लाउनुहोस् ।

- छलफलमा प्रभुत्व जमाउने मानिसहरुलाई कसरी रोक्न सक्नुहुन्छ ?
- चुपचाप बस्ने मानिसहरुलाई छलफलमा योगदान पुऱ्याउन कसरी प्रोत्साहन गर्नुहुन्छ ?
- पुरुषहरुका आवाज हावी भइरहेको परिप्रेक्ष्यमा महिलाहरुका आवाजलाई कसरी बुलन्द पार्न र त्यस आवाजको गम्भीर रुपमा सुनुवाइ हुने बनाउन सक्नुहुन्छ ?
- बालबालिकाका आवाजलाई कसरी बुलन्द पार्न र त्यस आवाजको गम्भीर रुपमा सुनुवाइ हुने बनाउन सक्नुहुन्छ ?
- छलफललाई कसरी सुचारु बनाइ राख्न र उद्देश्यदेखि नमोडिने बनाइराख्न सक्नुहुन्छ?
- छलफल चाहेजस्तो भयो भनेर उत्कृष्ट निष्कर्ष कसरी प्रस्तुत गर्न सक्नुहुन्छ ?

**राम्रो सहभागिता सुनिश्चित गर्ने उपयोगी सुझावहरु**

- सा-साना समूह, रुचि समूह, माथापच्ची र अभिनय जस्ता क्रियाकलापद्वारा समूहगत छलफलको निम्ति विभिन्न प्रकारको सामुहिक कार्यको प्रयोग गर्नुहोस् ।
- समान समूह बनाउनुहोस् (उमेर,लिङ्ग,आदि) । सबैलाई उही प्रश्न सोध्नुहोस् अनि त्यसपछि समूहहरुलाई एउटै ठाउँमा भेला गर्नुहोस् ।
- धेरै बोल्न खोज्ने मानिसहरुलाई नियन्त्रण गर्न विभिन्न किसिमका तरिका तथा उपायहरु प्रयोग गर्नुहोस् । उदाहरणार्थ, कुनै चीज उचालेको बखतमा मात्र व्यक्तिले बोल्न पाउने नियम बनाउन सकिन्छ ।



- टोली-टोलीले सूचना सङ्कलन गर्दा सिमान्तकृत समूहहरु जस्तै महिला,आदि समूहहरु सूचना सङ्कलन तथा सूचना उपलब्ध गर्दा सहभागी हुन् सकून् भनेर सुनिश्चित गर्नुहोस् ।
- विशेष छलफलद्वारा वा विद्यालय तथा फुटबल क्लबहरुमा गएर बालबालिका र किशोरकिशोरीहरुका धारणाहरु बारे बुझ्दिन सुनिश्चित गर्नुहोस् ।
- समूहलाई चित्र, नक्शा तथा दृश्य-सामाग्रीहरु प्रयोग गरेर सूचना प्रस्तुत गर्न तथा बताउन लाउनुहोस् ।
- लजालु स्वभावका मानिसहरुलाई सहभागी हुन प्रोत्साहित तुल्याउने उद्देश्यले समूहलाई सा-साना झुण्डमा विभाजन गर्नुहोस् ।
- मानिसहरुलाई सिकाइ प्रक्रियामा सक्रिय रुपले सहभागी गराउने खालका सामुहिक छलफल तथा क्रियाकलापहरु सञ्चालन गर्नुहोस् ।
- हरेक व्यक्तिले आ-आफ्ना धारणाहरु बाँड्न स्वतन्त्र महसुस गर्न सकून् भनेर समुहलाई केही आधारभूत सिद्धान्तहरुमा सहमति जनाउन लाउनुहोस् ।
- अरु पनि मानिसहरुले मौका पाउन सकून् भन्ने उद्देश्यले प्रभुत्व जमाउने खालको मानिसलाई निर्दिष्ट कार्यको जिम्मेवारी दिनुहोस् ।

**अतिरिक्त सीपहरु**

माथि उल्लेखित नगरिएका अन्य थुप्रै सीप तथा कलाहरु छन् । यी सीपहरु चहिँ सहजकर्ता निर्देशिकामा हाइलाइट गरिएका छन् । यी सीपहरु योजना, सुपरिवेक्षण र सङ्गठन कार्यसँग सम्बन्धित छन् । समुदायमा जानुअघि सहजकर्तासँग रहेर यस्ता सीपहरु अभ्यास गर्नु महत्त्वपूर्ण हुन्छ । यस्ता कार्यहरु कसरी अझै राम्ररी गर्न सकिएला भनेर यस्ता कुनै पनि सीपहरु सम्बन्धी चिन्तन गर्न सकियोस् भनेर समय निकाल्नु पनि महत्त्वपूर्ण हुन्छ ।

सहजीकरण सीप सम्बन्धी अधिक जानकारी चाहिएमा सहजीकरण सीप कार्यपुस्तिका बारे www. Tearfund.org/tilz वेबसाइटमा हेर्नुहोला ।

## ७. सहजकर्ताहरूको तालिम सम्बन्धि आवश्यकताहरूको मापन

तलका तालिकालाई नयाँ सहजकर्ताहरूको साथै यसलाई सहजकर्ताको तालिममा पूरा गर्नुपर्ने विषयहरूको रूजुतालिका (checklist) को रूपमा प्रयोग गर्न सकिनेछ ।

| भावना (ATTITUDE) | विरलै | कहिलेकाही | अक्सर | सँधै |
|---|---|---|---|---|
| म नयाँ कुरा सिक्न इच्छुक छु | | | | |
| परिवर्तन प्रति म लचिलो र खुल्ला छु | | | | |
| सीमान्तकृत र कमजोरप्रति मेरो सहानुभूति छ | | | | |
| जाति, लिङ्ग र उमेरको विचार नगरी सबैलाई समावेश भएको चाहन्छु | | | | |
| मानिसहरू के गर्छन र जे जस्ता छन् म ग्रहण गर्छु | | | | |
| म धैर्यवान र समर्थक छु | | | | |
| म अरूहरूको योगदानको कदर गर्छु | | | | |
| **ज्ञान (KNOWLDGE)** | **कम** | **ठीकै** | **असल** | **उत्कृष्ट** |
| प्रौढ सिकाइ सम्बन्धि मेरो ज्ञान यस्तो छ | | | | |
| 'सँगसँगै'का मुख्य चरण सम्बन्धि मेरा ज्ञान यस्तो छ | | | | |
| उत्प्रेरकहरू सम्बन्धि मेरो ज्ञान यस्तो छ | | | | |
| योजना निर्माणका विभिन्न साधनहरूको उपयोग सम्बन्धि मेरा ज्ञान यस्तो छ | | | | |
| मूल्याङ्कन र पुनरावलोकनका साधन सम्बन्धि मेरो ज्ञान यस्तो छ | | | | |
| बैठक व्यवस्थापन कसरी गर्ने भन्ने ज्ञानबारे मेरो ज्ञान यस्तो छ । | | | | |
| **सीप** | **कम** | **ठीकै** | **असल** | **उत्कृष्ट** |
| सामूहिक सहभागीता निश्चित गर्न मेरो क्षमता यस्तो छ | | | | |
| खुल्ला प्रश्न सोध्ने मेरो क्षमता यस्तो छ | | | | |
| सुन्ने मेरो क्षमता यस्तो छ | | | | |
| बाइबल अध्ययन अगुवाइ गर्न मेरो क्षमता यस्तो छ | | | | |
| प्रत्यायोजन गर्ने मेरो क्षमता यस्तो छ | | | | |
| बैठक संचालन गर्ने मेरो क्षमता यस्तो छ | | | | |
| जानकारी सङ्कलन र विश्लेषण गर्ने मेरो क्षमता यस प्रकार छ | | | | |
| अरूहरूको विचारलाई संक्षेप गर्ने मेरो क्षमता यस्तो छ | | | | |
| संचार सम्बन्धि मेरा सीपहरू यस्तो छ | | | | |
| प्रस्तुतिकरण गर्ने मेरो क्षमता यस्तो छ | | | | |

## ८. सहजकर्ताहरूको तालिमको संरचना

'सँगसँगै' तालिमको अत्यन्त प्रभावकारी तरिका निम्नानुसार छन्:

- प्रशिक्षकले सहजकर्ताहरूलाई 'सँगसँगै'को एउटा चरणमा तालिम दिन्छन् ।
- त्यसपछि प्रशिक्षकले यो प्रक्रियालाई एक वा दुई तालिम समुदायमा अघि बढाउछन् र यसमा सहजकर्ताहरू एक्लो वा जोडी भई आफूले सिकेका कुराहरू अर्को समुदायमा प्रयोग गर्छन् ।
- केही हप्ता पछि सहजकर्ताहरू प्रशिक्षकसँग काम यस्तो भयो, उनीहरूले के सिके, कुन कुराहरू राम्रो भयो, यसलाई अझ राम्रो कसरी गर्नसकिन्छ आदि बारे विचार गर्न र प्रशिक्षणको तरिकामा परिवर्तन ल्याउन सहमत हुन केन्द्रमा फर्कन्छन् ।
- त्यसपछि प्रशिक्षकले सहजकर्ताहरूलाई 'सँगसँगै'को अर्को चरणको तालिम दिन्छन् र यो चक्र सम्पूर्ण चरणहरू समाप्त नभएसम्म चलिरहन्छ ।



यस्तो तरिकाले धेरै समय खान्छ र सम्भवत: खर्चालु पनि हुन्छ किनकि यसमा धेरै कार्यशालाहरू र भ्रमणहरूको आवश्यकता पर्छ । तर यो तरिकामा सहजकर्ताहरूले सिक्दै जान्छन् र उनीहरूले पहिले प्रक्रिया निर्माण भएको देख्छन् र त्यसपछि उनीहरू आफै काम गर्छन् जसको कारण उनीहरूको आत्मनिर्भरता बढ्दैजान्छ र उनीहरूलाई आफ्ना अनुभवहरूबारे चिन्तन गर्न सहायता प्राप्त हुन्छ । यसले प्रशिक्षकहरूलाई सहजकर्ताहरूको विविध क्षमताबारे राम्ररी बुझ्ने मौका दिन्छ, र आवश्यकता भएअनुसार सहायता पुऱ्याउन सकिन्छ ।



## स्थानीय सहजकर्ताहरूको तालिमको रूपरेखा

तल सहजकर्ताहरूको तालिम सम्बन्धि चार कार्यशालाको रूपरेखा दिइएको छ । आदर्श रूपमा यी कार्यशालाहरू दुई वा तीन महिनाको अन्तरालमा संचालन हुनुपर्छ । यसो भएमा सहजकर्ताहरूले आफ्नो सिकाइलाई प्रयोग गर्ने मौका पाउनेछन् । यो कार्य अलि अनुभवी सहजकर्ताहरूलाई सम्मिलित गराई सम्पन्न गर्न सकिन्छ । दिइएका पानाकासंख्याहरूले सहजकर्ता-निर्देशिकालाई संके त गर्दछ तर संयोजक-निर्देशिका भएमा यस्तो ८ संकेत दिइनेछ ।

| **कार्यशाला १: "मण्डलीको दर्शन निर्माण र मण्डलीलाई सुसज्जित गर्नु"** | **(पृष्ठ संख्या)** |
|---|---|
| दिन १ | |
| 'सँगसँगै'को सर्वेक्षण | ८ - १३ |
| सहजीकरण के हो र यो किन महत्त्वपूर्ण छ | १७ - २१ |
| मण्डलीको दर्शन निर्माणको निमित्त बाइबल अध्ययन | ३२ - ३४ |
| सहजीकरणका सीपहरू | ३४ - ३९ |
| दिन २ | |
| आफ्न स्रोत उपयोग गर्नेबारे बाइबल अध्ययन | ४० - ४३ |
| बाइबल अध्ययनको प्रयोग सम्बन्धि समूहगत कार्य | |
| सहजीकरणका सीपहरू | ३४ - ३९ |
| दिन ३ | |
| मण्डली अग्रसरताको योजना निर्माण | ४६ |
| उत्प्रेरणा र नून र ज्योति सम्बन्धि बाइबल अध्ययन | ४७ - ४८ |
| मिनिबस अभ्यास | ४९ |
| सहजीकरणका सीपहरू | ३४ - ३७ |
| सिकाइ र चिन्तन | ५३ |

| **कार्यशाला २: "समुदायको दर्शन निर्माण"** | |
|---|---|
| दिन १ | |
| कार्यशाला १ देखि अहिलेसम्म सहभागीहरूले के-के गरे पुनरावलोकन गर्नुहोस् | ६० - ६२ |
| उत्प्रेरक कार्यहरू: "आगो बाल्ने" र "नदी तर्ने" | ६३ |
| समुदायमा हामीले कसरी काम गर्ने ? | ५९ |
| असल सामरी सम्बन्धि बाइबल अध्ययन | |
| दिन २ | |
| हाम्रो सामुदायिक उपकरणको वर्णन | ६९ - ७८ |
| बाइबल अध्ययन | ६८ |
| जानकारी सङ्कलन गर्ने साधन | ९६ |
| अभिलेख राख्ने र प्रस्तुत गर्ने सीपहरू | ८४ |
| दिन ३ | |
| विश्लेषण र प्राथमिकताका विधिहरू | १०६ |
| बाइबल अध्ययन | ९८ |
| 'सँगसँगै' कार्यक्रममा कसले के गर्छ, सो को पुनरावलोकन गर्ने | |
| कार्य योजना | |

**कार्यशाला ३: "कार्य र आफू व्यवस्थित बन्ने योजना निर्माण"**

| | |
|---|---|
| दिन १ | |
| बाइबल अध्ययन | ११३ |
| पछिल्लो कार्यशाला पछिको प्रगतिको पुनरावलोकन | ११० |
| कार्य-योजनाको सर्वेक्षण | १११ |
| सपना देख्ने | |

| | |
|---|---|
| दिन २ | १२० |
| बाइबल अध्ययन | १२२ - १२६ |
| कार्यको लागि साधनको योजना निर्माण | ३४ - ३९ |
| सहजीकरणका सीपहरूको पुनरावलोकन | |
| समूहगत योजना निर्माण | |
| दिन भरिको कार्यको पुनरावलोकन | |

| | |
|---|---|
| दिन ३ | |
| बाइबल अध्ययन | १३५ |
| सुपरिवेक्षण र मूल्याङ्कन वा विधिहरू | १३७ -१३९, ६१ - ८९ |
| समूहगत कार्य र कार्य-योजना | |

**कार्यशाला ४: "कार्य सम्पादन"**

| | |
|---|---|
| दिन १ | |
| बाइबल अध्ययन | १३५ |
| पछिल्लो कार्यशाला पछिको प्रगतिको पुनरावलोकन | |
| "कार्य सम्पादन" का मोड्युलहरूको पुनरावलोकन र छनोट | १३३ - १५३ |
| छनोट भएका मोड्युलहरू सम्बन्धि समूहगत कार्य | |

| | |
|---|---|
| दिन २ | |
| बाइबल अध्ययन: संयोजकको चयन | |
| छनोट गरिएका मोड्युलहरू सम्बन्धि समूहगत कार्य | |
| चिन्तन र सिकाइ | १५३ |
| सहजीकरणका सीपहरूको पुनरावलोकन | ३४ - ३९ |

| | |
|---|---|
| दिन ३ | |
| बाइबल अध्ययन: संयोजकको चयन | |
| छनोट गरिएका मोड्युलहरू सम्बन्धि समूहगत कार्य | १३३ - १५३ |
| सुपरिवेक्षण र मूल्याङ्कन | १५५, ६१ - ८९ |
| प्रतिवेदन लेखन सीपहरू | १६४ |

## कार्य-योजना

| | महिना | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
| सहजकर्ताहरूको भर्ना | ■ | ■ | | | | | | | | | | | | | | | |
| मण्डलीको दर्शन सम्बन्धि कार्यशाला | | | ■ | | | | | | | | | | | | | | |
| समुदायको दर्शन सम्बन्धि कार्यशाला | | | | | | ■ | | | | | | | | | | | |
| कार्यको निमित्त योजना निर्माण र कार्यशालाको लागि आफूलाई तयार गर्ने | | | | | | | | | ■ | | | | | | | | |
| कार्य सुरु सम्बन्धि कार्यशाला | | | | | | | | | | ■ | | | | | | | |
| सुपरिवेक्षण प्रमाण | | | | ■ | | | | ■ | | | | ■ | | | ■ | | |
| प्रशिक्षण र सल्लाह प्रदान | | | | | ■ | | | | ■ | | | | ■ | | | ■ | |
| मण्डलीका अगुवाहरूलाई प्रतिवेदन | | | | | | | ■ | | | | | | | ■ | | | |

## ९. सहजीकरण सम्बन्धि समस्याहरू

के स्थानीय मण्डलीका अगुवाहरू सहजकर्ता बन्न सक्छन् ?

स्थानीय पास्टरहरू सहजकर्ता हुँदा फाइदा पनि छ र बेफाइदा पनि छ। त्यसकारण यस्तो किसिमले उहाँहरूलाई संलग्न गराउने विषयमा राम्रो विचार पुऱ्याउनुपर्दछ।



**फाइदा**

उहाँहरू समाजमा बस्नुहुन्छ र काम गर्नुहुन्छ अनि विश्वासको सम्बन्ध अघिबाटै भएर आएको हुन्छ।

मण्डलीका इमान्दार अगुवाहरूलाई इज्जत गरिनेछ र यसले प्रक्रियालाई स्वीकार गर्न सहयोग गर्नेछ।

मण्डलीका अगुवाहरूले प्रक्रियामा मण्डलीको निरन्तरता निश्चित गर्दछ।

उहाँहरूले सिक्नुभएको सीपहरू मण्डली र समुदाय दुवैको लागि सहयोगी बन्न सक्छ।

उहाँहरू समुदायमा अरूभन्दा धेरै लेखपढ गर्न जान्नेहरू हुनसक्नुहुन्छ।

**बेफाइदा**

यसले समुदाय र अरू मण्डलीका सदस्यहरूलाई निरुत्साह गर्नसक्छ यदि त्यहाँ हुने प्रक्रिया सम्बन्धित अगुवाको मण्डलीसित नजिक रहेमा।

यसलाई अगुवाहरूको निमित्त रूचि विरोधाभास खडा गर्नेछ जस्तै उहाँहरूको पास्टरीय (गोठालोपन) को तुलनामा 'सँगसँगै'मा कति समय खर्चनुपर्छ।

कुनै-कुनै मण्डलीका अगुवाहरू आफूभन्दा तलकाहरूलाई आदेश दिने किसिमका हुन्छन् र उहाँहरूलाई अरूहरूको निमित्त सहजकर्ता र समर्थक हुन गाह्रो हुनसक्छ।

कुनै-कुनै मण्डली सम्प्रदायमा पास्टरहरू घरि-घरि अरू मण्डलीमा सरुवा हुने हुँदा निरन्तरता कायम गर्न कठीन हुन्छ।

यदि मण्डलीका अगुवा सहजकर्ता भएनन् भने उनीहरूलाई स्थानीय मण्डली परिचालनको प्रथम चरणमा कुनै न कुनै किसिमले सहभागी गराउन निकै महत्वपूर्ण हुन्छ।

### सहजकर्ताहरूको पारिश्रमिक

सहजकर्ताहरूलाई पारिश्रमिक दिनु वा उनीहरूबाट स्वेच्छा सेवा लिनु- यो विषय निर्णय गर्न गाह्रो छ। प्रत्येक परिस्थितिमा केही मात्रामा भएपनि फरक निर्णय गर्नुपर्ने आवश्यकता हुन्छ। यहाँ तल केही मण्डली र संस्थाहरूले यससम्बन्धि गरेका कामहरूको उदाहरण दिएको छः

- स्थानीय समुदायलाई आफ्ना सहजकर्ताहरूको लागि उनीहरूले प्रक्रियामा आफ्नो समय दिए बापत आर्थिक सहयोग प्रदान गर्ने सोचाइको निमित्त उत्साह दिएका छन्।
- संस्थाले सहजकर्ताको निमित्त समुदायमा पुग्न र छिटो होस् भन्नाका खातिर साइकल प्रदान गरेको छ।
- संस्थाहरूले सबै यात्रा र बासको खर्च भर्नको साथै सहजकर्ताले समय दिए बापत कदर स्वरूप केही पारिश्रमिक प्रदान गरेको छ।



- संस्थाले सहजकर्ताको तालिम र आफ्न समुदायमा काम गरे बापत पैसा दिँदैन, तर अरूहरूलाई तालिम दिएमा वा अरू समुदायमा काम गरेको भएमा पैसा प्रदान गर्छ। यसरी 'सँगसँगै' काम गरिरहेकालाई पुरस्कार दिनका साथै यस्तै कार्यक्रम अन्य ठाउँमा गर्न उत्साह दिन्छ।
- संस्थाले सहजकर्ताहरूको कामलाई ठूलो मान्यता दिन्छ। मण्डलीको विशेष सभाहरूमा उनीहरूलाई नियुक्ती दिनका साथै तालिम समाप्त भएपछि प्रमाण पत्र प्रदान गर्छन् र उनीहरूको नाम र अन्तर्वाताहरू समाचारपत्र र प्रतिवेदनमा प्रकाश गर्छन्।
- संस्थाले आफ्ना कर्मचारीलाई सहजकर्ता बन्न अनुमति दिन्छ र उनीहरूले आफ्नो साबिक तलब पाइरहन्छन्।
- सहजकर्ताहरूलाई पारिश्रमिक दिइन्छ, तापनि उनीहरूलाई कदर गर्नु महत्त्वपूर्ण छ र उनीहरूका कामहरूलाई मान्यता दिइन्छ भन्ने कुरा उनीहरूले थाहा पाउनुपर्छ। सहजकर्ताहरू 'सँगसँगै'का निमित्त आधार हुन् यसैले अत्यन्त उत्प्रेरित र उत्साही सहजकर्ताहरू, जुनहरू आफूलाई कदर र समर्थन गरिएको थाहा पाएका हुन्छन् उनीहरूले सम्पूर्ण कार्यक्रममा ठूलो भिन्नता ल्याउन सक्दछन्।

## १०.सहजकर्ताहरूको सीप मापन र विकास गर्नका निमित्त मापन पत्र

यो स्व-मूल्याङ्कन मापन पत्रले चिन्तन प्रक्रियालाई सहायता गर्दछ । यो सहजकर्ता निर्देशिकामा पाइन्छ र सहजकर्ताहरूलाई आफूले गरेका कामहरूका बारे चिन्तन गर्न, अतितका अनुभूतिबाट सिक्न र सुधार गर्न यो मापन पत्र नियमित रूपमा उपयोग गर्न, उत्साह दिन राम्रो हुनेछ ।

- मैले मानिसहरूलाई कस्तो अनुभव गर्न दिएँ - आरामदायी र स्वागतयोग्य ?
- मैले बाँडेका जानकारी समूहलाई प्रयोग गर्न कतिको उपयुक्त थियो ? मैले बाँडेको जानकारीलाई समूहको निमित्त उपयुक्त बनाउनलाई कसरी स्थिति अनुकुल बनाएँ ?
- समूहका नबोल्ने सदस्यहरूलाई कार्यक्रममा सहभागी गराउन मैले कसरी प्रोत्साहन दिएँ ?
- मत विभिन्नताको समाधानको लागि मैले के गरेँ ?
- समूह छलफलमा प्रभुत्व जमाउने मानिसहरूसँग कसरी व्यवहार गरेँ ?
- समूहका सदस्यबाट आएका प्रश्नहरूको उत्तर कसरी दिएँ ? के मैले उनीहरूलाई उत्तर दिनसकेँ ? यदि नसकेको भए, भविष्यमा आउने प्रश्नहरूको उत्तर दिनलाई आवश्यक जानकारी कसरी प्राप्त गर्नसक्छु ?
- मैले छलफल कसरी सुरु गरेँ ? यसलाई अझ राम्ररी कसरी गर्न सकिन्थ्यो ?
- थप छलफलको निमित्त मैले कसरी उत्साह दिएँ ?
- मैले संवेदनशील समस्याहरूलाई कसरी समाधान गरेँ ?
- के मैले छलफललाई सन्तोषप्रद निष्कर्षमा ल्याएँ ? यसलाई कसरी राम्रो गर्नसक्थेँ ?
- मैले भविष्यको छलफल, सामूहिक योजना निर्माण वा अरूहरूसँग बाँड्नलाई समूहको विचार टिपोट राख्न कसरी निश्चित गरेँ ?
- के मैले समूहका सदस्यहरूले सिकाइलाई व्यवहारमा कसरी ल्याउने कुनै निर्णय गरे ? यदि नगरेको भए, यस विषयमा मैले कसरी उत्साह दिन सक्थेँ ?
- छलफल गरिएका विषयहरू सम्बन्धि मूल विचार र धारणाहरूबारे थप कार्य गर्नलाई अरू कस्ता बढी जानकारी र अनुगमन छलफलको आवश्यकता पर्दछ ?

## सहजीकरणबारे अन्तिम विचार

सहजीकरण भनेको:

- प्रत्येकको विचार छ भनी निश्चित गर्नु हो
- प्रत्येक व्यक्तिलाई आफ्नो सम्भाव्यताको पहिचान गर्न समर्थन गर्नु हो
- प्रत्येकको देनलाई मान्यता छ भनी निश्चित गर्नु हो
- सामान्य समस्याहरूको समाधान गर्न प्रत्येकलाई मिलेर काम गर्न सक्षम बनाउनु हो

मानिसकहाँ जाओ,
उनीहरूसँग बस,
उनीहरूबाट सिक,
उनीहरूलाई माया गर ।
उनीहरूले जान्नेबाट सुरु गर, उनीहरूसँग भएकोबाट निर्माण गर ।
तर सर्वश्रेष्ठ अगुवाहरूसँग, जब काम गरिन्छ,
काम सम्पन्न हुन्छ, मानिसहरूले भन्नेछन्,
"हामी आफैले यो गर्‍यौं ।"

–लाओ चु, चीन ७०० ख्री पू



# ४. 'सँगसँगै'को व्यवस्थापन कसरी गर्ने



# ‘सँगसँगै’को व्यवस्थापन कसरी गर्ने

## परिचय

कार्यक्रम संयोजकको हैसियतमा तपाईंले ‘सँगसँगै’ सुरु गर्नलाई प्रशस्तै बल र दक्षताको प्रयोग गर्नसक्नुहुन्छ अनि मण्डली र समुदायको पहिचान गरी सहजकर्ताको भर्ना र तालिम गरेर यसलाई जनसाधारणमा उतार्न सक्नुहुन्छ । सहजकर्ताले काम सुरु गरिसकेपछि पछि हट्न र यसलाई बिचमै रोक्नका लागि विभिन्न परीक्षाहरू आउँछ । अनुभवहरूले के देखाएको छ भने सहजकर्ता र समुदायप्रति संयोजकको नियमित सहयोग र अनुगमन चाहिँ कार्यक्रमको समग्र सफलताको लागि एकदमै गहन हुन्छ ।

तलको डायग्रमले ‘सँगसँगै’लाई प्रभावकारी रूपमा व्यवस्थापन गर्नका लागि संयोजकले ध्यान पुऱ्याउनुपर्ने आवश्यक पाँच क्षेत्रहरू देखाउँछ ।

**कागजपत्र**

- प्रत्येक समुदायबाट आएका अनुगमन प्रतिवेदनहरूलाई एकैठाउँ मिलाएर राख्ने ।
- आवश्यक परेको बेलामा दातालाई देखाउनका लागि अन्तरिम र पुरा प्रतिवेदन तयार गरिराख्ने ।

**मण्डलीहरू**

- नेतृत्वको भूमिका प्रदान गरेर ‘सँगसँगै’ आफ्नु कार्यक्रम हो भन्नेमा निश्चिन्त गराउने ।
- मण्डलीलाई समुदायसँग राम्रो सम्बन्ध निर्माण गर्न पक्का गराउने ।



**समुदाय र स्थानिय संयोजन समूह**

- परिवर्तनको प्रक्रियालाई अनुगमन गर्ने ।
- मण्डली र समुदायको सम्बन्ध कस्तो छ भनी अनुगमन गर्ने ।
- समुदायको आवश्यकता र योजनाको बारेमा भएका कागजपत्रहरू र प्रतिवेदनहरू कस्तो छन् भनी अनुगमन गर्ने ।

**सहजकर्ताहरू**

- सहजकार्यको क्षमतालाई अनुगमन गर्ने ।
- सिकाउने र कक्षाहरू लिने ।
- प्राविधिक सहायताहरू उपलब्ध गराउने ।

**‘सँगसँगै’को प्रक्रिया**

- सरसमाग्रीको उपलब्धताको बारेमा अनुगमन गर्ने ।
- पुनः सम्बोधन गर्नुपर्ने र बल प्रदान गर्नुपर्ने क्षेत्रहरू हेर्ने ।
- अरू समुदायमा ‘सँगसँगै’ कसरी पुनः लागू हुनसक्छ र यो प्रक्रियालाई दोहोऱ्याउन सक्छ भनी विचार गर्ने ।

## १. सहजकर्ताहरूलाई कसरी अनुगमन गर्ने र प्रशिक्षण दिने

सहजकर्ताहरूलाई नियमित सहयोग र अनुगमनको खाँचो पर्छ । सहजकर्ता सजिलै खराब व्यवहार मा उत्रिन सक्छन् जस्तै, समूहलाई सहजकार्य गर्ने साटो आफैमात्रै जान्ने भएर शिक्षा दिने आदि । उनीहरूको सहजकार्यमा भएका कमी कमजोरीहरूप्रति सचेत नभएका हुनसक्छन् जस्तो महिलाहरूलाई छलफलमा सहभागी गराउने कुरामा उनीहरू चुकिरहेका हुनसक्छन् । यस्ता कुराहरू हेर्नका लागि पनि कोही एकजना अर्को व्यक्तिको खाँचो पर्छ ।



यस्तो खालको सहयोग समकक्षी सहजकर्ताले वा संयोजकले गर्न सक्छन् ।

### समकक्षी सहजकर्ताहरूद्वारा प्रदान गरिने सहायता

सहजकर्ताहरूलाई स्थानीय समुदायमा तीन वा चार जनाको स-सानो समूहमा राख्दा यो निकै उपयोगी हुनसक्छ । एकाअर्काको समुदायहरूमा नियमित गएर र उनीहरूले 'सँगसँगै'मा गरेको सहजकार्य हेरेर यी समूहमा भएका सहजकर्ताहरू उत्साहित हुनुपर्छ । यसो गर्दा प्रत्येक सहजकर्ताहरूले उनीहरूका समकक्षीहरूद्वारा अमूल्य पृष्ठपोषण पाउनसक्छन् । अरूले कसरी सहजकार्य गर्छन् भनी हेर्न र सिक्नका लागि यसले उनीहरूलाई अवसर प्रदान गर्दछ ।

एकअर्काको सहजकार्य अवलोकन गर्न र पृष्ठपोषण दिनका लागि सहजकर्ताको निर्देशिकामा भएको स्व-मूल्याङ्कनको फारम उपयोगी सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ ।



**'सँगसँगै'का संयोजकद्वारा प्रदान गरिने सहायता**

समकक्षीहरूद्वारा गरिने मूल्याङ्कन बाहेक संयोजकको हैसियतले तपाईंले सहजकर्ताहरूले समुदायमा गरिरहेको काम हेर्नुपर्छ । त्यसपछि मात्रै उनीहरूले सिकेका कुरा तालिममा राम्रोसँग लागू गरिरहे का छन् भनी जान्न तपाईं सक्षम हुनुहुनेछ । आफूले गरेको अवलोकनको पृष्ठपोषण दिनका लागि उनीहरूलाई मण्डली वा समुदायको बैठकपछि भेट्नुहोस् । कसरी अझ राम्रोसँग सहजकार्यको सीप विकाश गर्न सकिन्छ भनी उनीहरूलाई सुझाव दिन सक्नुहुन्छ । साथै के कुरा राम्रो भयो र के हुन सकेन अनि भविष्यमा 'सँगसँगै' मिलेर यसलाई कसरी सुधार गर्नसकिन्छ भनी योजना गरी छलफल गर्नुहोस् ।

सहजकर्ताको अभ्यास हेर्नका साथसाथै अरू पृष्ठपोषणका तरिकाहरू अवलम्बन गर्नुपर्ने हुन्छ । यसका लागि सहजकर्ताहरूलाई प्रत्येक चरणको 'सँगसँगै'पछि नियमित रूपमा प्रतिवेदन फारम भर्न लगाउनुहोस् जसले सहजकर्ताहरूले कत्तिको राम्रो गर्दैछन् भनी जाच्नलाई मद्दत पुऱ्याउँछ । यसका साथै उपयुक्त अवसर पारी मण्डली वा समुदायका अगुवाहरूसँग सिधै कुरा गरी उनीहरूको प्रतिक्रिया बुझ्नु राम्रो हुन्छ ।

यदि कुनै समस्याहरू जस्तो सहजकर्ता र मण्डलीका अगुवाहरूको बीचमा संचार नभएको स्थिति देखा पर्न थालेको छ भने त्यसकोसमाधानका लागि तुरुन्तै पहल गरीहाल्नुपर्छ । पछि गएर मानिसहरू निराश हुने र परिवर्तन गर्न नचाहने स्थिति आउनुभन्दा अघि नै समस्या समाधान गरी हाल्नुपर्छ किनकि समस्याहरू सुरुमा नै सम्बोद्धन गर्न सजिलो हुन्छ ।



## २. सामुदायिक अग्रसरतालाई सहायता उपलब्ध गराउने

'सँगसँगै'का संयोजकहरूको साझा अनुभव यो हो कि, परियोजनाको कार्यान्वयन गर्नमा समुदायलाई सहायता पुऱ्याउन 'सँगसँगै'को सुरुको चरणहरू राम्रोसँग र उत्साहपूर्वक होस् भन्ने उनीहरूको चाहनाका साथ 'सँगसँगै'का संयोजकहरूले प्रशस्त मेहनत गर्नसक्छन् । हुनत यो चाहिँ कामको एकदमै महत्त्वपूर्ण भाग हो र यसमा प्रशस्त तालिम, सल्लाह, सहायता र परामर्शको खाँचो पर्छ ।

कार्यान्वयनको चरणमा संयोजकहरूले समुदायहरूलाई निम्न तरिकाले सहयोग उपलब्ध गराउन सक्छन्:

### विशेषज्ञको सल्लाह उपलब्ध गराउने

जब समुदायले उनीहरूको स्थानीय स्तरमा भएका विषयवस्तुहरूको पहिचान गर्दछन्, अथवा उनीहरूले चाहेको अग्रसरता लिन निर्णय गर्छन्, उनीहरूलाई विशेषज्ञको ज्ञान उपलब्ध गराएर सहायता गर्नु निकै उपयोगी हुन्छ । उदाहरणका लागि: पानीको इनार बनाउने बारेमा, स्थानीय मानिसहरूले जानेको कुरा र उनीहरूले लिएको अग्रसरता सही छ अनि अरू समुदायले गरेको गल्ती दोहोरिएको छैन भनी विशेषज्ञको रायले पक्का हुन सहायता पुऱ्याउँछ ।




विशेषज्ञको राय चाहिँ सरकारी कर्मचारीहरू, अरू संस्थाहरू र दक्ष सामुदायिक सदस्यहरूबाट पाउन सकिन्छ । साथै सहायता पुऱ्याउन सक्ने अरू लिखित किताबहरू पनि उपलब्ध छन् (कृपया पृष्ठ सङ्ख्या ११७ मा भएको सहयोगी स्रोतहरू हेर्नुहोस्) ।

विशेषज्ञको राय चाहिँ समुदायको स्वतन्त्रतामा कुनै खलल नपुग्ने हुनुपर्छ, अथवा 'सँगसँगै'ले विकास गर्न चाहेको कुरा स्वजागरण मनोवृत्तिलाई असर पार्ने कुनै त्यस्तो ठूलो स्रोत उपलब्ध गराइदिने प्रलोभन रहित हुनुपर्छ । समुदायको लागि विशेषज्ञ एजेन्सी सिफारिस गर्नुभन्दा अघि पछिसम्म यसले पार्ने प्रभावका बारेमा समग्रमा ध्यान पुऱ्याउनु राम्रो हुन्छ ।

### अध्ययन भ्रमणका लागि उत्साह प्रदान गर्ने

जानकारीहरू र सल्लाह पाउनको लागि अर्को महत्त्वपूर्ण स्रोतचाहिँ समुदायका केही सदस्यहरू अर्को उस्तैखाले समस्या सम्बोधन गरेको समुदायको भ्रमण गर्नु हो । अर्को समुदायले गरेको अभ्यासलाई हेर्नाले यसले समुदायको प्रतिक्रियाबाट प्रेरणा प्राप्त गर्न र समुदायलाई जानकारी गराउन सहयोग पुऱ्याउँछ ।



## अक्षयकोष उपलब्ध गराउने

'सँगसँगै' सामुदायिक परियोजनाको लागि बाह्य स्रोतको व्यवस्था एउटा विवादास्पद क्षेत्र हो अनि विभिन्न संस्थाहरू यसको बारेमा फरक-फरक निष्कर्षमा पुगेका छन् । कसैका लागि, समुदायको अग्रसरता अलिकति बाह्य स्रोतको आभाष पाएमा (समुदायको अग्रसरताका लागि सहयोग गर्न उपलब्ध गराइने अलिकति पैसा) त्यसले समुदायको स्वजागरण र निर्भरताको मानसिकता तोड्ने कुराबाट समुदायलाई अन्यत्रै मोड्न सक्ने खतरा हुन्छ । अरूहरूका लागि, अक्षयकोषले समुदायको अग्रसरतालाई झनै बढाइदिन्छ जसले काम छिटो र थप सफलताउन्मुख बनाउँछ ।

यसका बारेमा विचार गर्नुअघि मनन गर्न सहयोग पुग्नसक्ने केही सिद्धान्तहरू तल दिइएको छः

- सुरुको अग्रसरताको लागि बाह्य सहायता उपलब्ध गराउने प्रस्ताव दिनु अघि समुदायले आफ्नै स्रोतको उपयोग गरेको राम्रो इतिहास् हुनुपर्दछ । उनीहरू स्व-जागरण देखाउन सक्षम हुनपर्दछ । यदि यी बुँदाहरूमा ध्यान नपुऱ्याइ अक्षयकोष उपलब्ध गराएमा समुदाय स्व-जागृत हुने कुरामा सदाको लागि कठीन हुनसक्छ ।
- समुदायले गरेको अग्रसरतामा सदैव उनीहरूको आफ्नै हुनुपर्छ । यदि सुरुको कोष ठूलो अनुपातमा उपलब्ध गराइने भयो भने यो अग्रसरता "दाताको परियोजना" बन्न जान्छ जो एकदमै अनुपयुक्त हो ।
- अग्ररताकै विचार गर्दा, यदि सुरुको कोष पूरा रूपमा समुदायबाट नआउन पनि सक्छ । समुदायले सुरुमा योजना नै नगरेको कुरामा दाताले कोष प्रदान गर्ने प्रस्ताव गर्छ भने, यसले लामो समय सम्म स्वामित्त्व सम्बन्धि प्रश्न खडा गर्नसक्छ ।



- हुनसक्छ भने अक्षयकोष ऋणको रूपमा उपलब्ध गराउन सकिन्छ । यसको सीमा चाहिँ समुदायले तिर्नसक्ने खालको हुनुपर्छ र समुदायकै हातमा परियोजनाको अग्रसरता भएको स्पष्ट हुनुपर्छ ।
- समुदायले राम्रो योजना गरेको र परियोजना व्यवस्थापन गर्ने सीप भएको अनि हिसाबकिताबमा पक्का जवाफदेहिता भएको अवस्थामा अक्षयकोष उपलब्ध गराउन सकिन्छ ।
- समुदायलाई वाह्य सहायताको आवश्यकता छ कि छैन भनी विचार गर्न उत्साह दिनुहोस् । बाह्य सहायताको सकारात्मक र नकारात्मक पक्षहरूबारे विचार गर्न र त्यसको बारेमा सृजनशील र राम्रो छलफल सहितको निर्णय गर्नुहोस् । एकदमै आपतकालिन अवस्थामा पनि समुदायले बाह्य सहायता खोज्छ भनी अनुमान नगर्नुहोस् । यसका लागि पहिला छलफल गर्नुहोस् ।
- अक्षयकोष उपलब्ध गराउने साटो सकेसम्म समुदायलाई अरू आर्थिक सहायताहरू प्रदान गर्नु उपयुक्त हुन्छ, जसमा समुदायका सदस्यहरूलाई अरूहरूले के गर्दैछन् भनी सिक्नलाई अरू समुदायमा पठाउने अथवा विशेषज्ञको तालिममा पठाउने आदि गर्न सकिन्छ ।

## ३. समस्या समाधान

यस खण्डको उद्देश्य चाहिँ 'सँगसँगै'को अवधिमा समस्या उत्पन्न हुँदा के गर्ने भनी केही साधारण सुझाव उपलब्ध गराउने हो । केही सुझावहरू तपाईंलाई संयोजकको रूपमा उपयुक्त हुन्छ । अरू सुझावहरू सहजकर्तालाई दिनु राम्रो हुन्छ जब तिनीहरूले यी समस्याहरूको सामना गरिरहेका हुन्छन् ।

### तपाईंले के गर्नुसक्नुहुन्छ जब...

...धीमा परिवर्तनको कारण दाता असन्तुष्ट हुन्छन् ?

- प्रक्रिया 'हात्ती' हो 'कुखुरा' होइन र दीगो स्थायी परिवर्तनका लागि समय लाग्छ भनी याद दिलाउनुहोस् ।
- समुदायमा हालसम्म भएका परिवर्तनहरूको कथा सुनाउनुहोस् । यी परिवर्तनहरू त्यत्तिकै भएका होइनन् तर परिवर्तनको बहावमा नै यी भएका हुन् भनी देख्नलाई सहायता गर्नुहोस् । उनीहरूको आत्मविश्वास बढाउनका लागि सम्भव भएमा उल्लेखिय रूपान्तरण भएका 'सँगसँगै' समुदायको उदाहरण दिनुहोस् ।
- यो प्रक्रियाले कुनै फरक ल्याएको छ कि छैन भनी समुदायमा आएर मानिसहरूलाई आफै हेर्न र उनीहरूसँग कुरा गर्न निमन्त्रणा दिनुहोस् ।



...मण्डलीका वरिष्ठ अगुवा स्थानीय मण्डलीका सदस्यहरूको सशक्तीकरणबाट डराएमा ?

- किन स्थानीय मण्डलीका सदस्यहरू यस्तो गर्दैछन् भनी व्याख्या गर्नको लागि मण्डलीका वरिष्ठ अगुवाहरूसँग समय बिताउनुहोस् । यसको सकारात्मक पक्षहरू देख्नलाई सहायता गर्नुहोस् ।
- मण्डली तथा समुदायहरू कसरी रूपान्तृत भए भनी मण्डलीका वरिष्ठ अगुवाहरूलाई देखाउनुहोस् र ती ठाउँहरूमा भ्रमण गर्नको लागि उत्साह प्रदान गर्नुहोस् ।
- स्थानीय समुदायसँग काम गर्दा उनीहरूको सशक्त व्यवहार मण्डलीका वरिष्ठ अगुवाहरूको दृष्टिमा छ भनी महसुस गर्न सहायता गर्नुहोस् । सृजनशील रूपमा बातचित गर्न सक्नको लागि उनीहरूलाई सहायता गर्नुहोस् ।



...सहजकर्ताले राम्रोसँग काम नगरेमा ?

- उनीहरूले कसरी सुधार गर्न सक्छन् र नजिक भएर काम गर्न सक्छन् भनी सहजकर्तासँग परिचित हुनुहोस् । हुनसक्छ, अरू केही चरणहरूमा उनीहरूसँगै तपाईंले सहजकार्य गर्न सक्नुहुन्छ ।
- यस प्रक्रियाको लागि र आवश्यक सीपको लागि नमुना बन्नको लागि अर्को अनुभवी तथा प्रतिस्पर्धी सहजकर्तालाई उनीहरूसँग सँगै मिलेर सहजकार्य गर्न लगाउनुहोस् ।
- लामो समयको लागि यस्तो स्थिति हुन नदिनुहोस् । नत्र, समुदायले नै खराब सहजीकरणको मार खेप्नुपर्नेछ । यदि सहजकर्ताले राम्रो गर्न सक्दैन भन्ने लाग्यो भने प्रक्रियाको दुरावस्था आउनुअघिनै चाँडो भन्दा चाँडो अर्को अनुभवी सहजकर्ता उनको सट्टामा नियुक्त गरिहाल्नुहोस् ।

...समुदायमा द्वन्द देखा परेमा ?

- 'सँगसँगै'ले द्वन्द समाधान गर्न केही गर्नसक्छ कि भनी गृहकार्य गर्नुहोस् । द्वन्दको कारण पत्ता लगाउन र यसको समाधान नभएमा के कस्तो परिणाम व्यहोर्नुपर्छ भनी विवेचना गर्न मानिसहरूलाई सँगै राख्नुहोस् ।
- सकेसम्म तटस्थ रहनुहोस् । बाहिरी मानिसको रूपमा तपाईंले, मानिसहरूलाई कारणको बारेमा विचार गर्न चुनौति दिन सहायता गर्ने "सटिक" प्रश्न सोध्नुहोस् ।
- मण्डलीहरूलाई वा विश्वासी समुदायलाई यो प्रक्रिया संलग्न गराउनुहोस् र शान्ति स्थापनाका लागि उनीहरूले मध्यस्तताको भूमिका खेल्न सक्छन् कि भनी हेर्नुहोस् ।



...स्थानीय संयोजन समूहका सदस्यहरूले आफ्नो संलग्नता घटाएमा ?

- उनीहरूले किन त्यत्ति सहभागीता जनाइराखेका छैनन् भनी उनीहरूबाट पत्ता लगाउनुहोस् । के प्रक्रियाले धेरै कुराको माग गर्छ ? के तिनीहरू प्रक्रियालाई उल्टो बुझिरहेका छन् ? के तिनीहरू चाहिएको जति सहायता बाट बन्चित छन् ?
- तपाईं र सहजकर्ता सँगै मिलेर यी समस्याहरू समाधान गर्ने उपाय हेर्नुहोस् ।
- उनीहरूलाई मानिसहरूको सामुन्ने मूल्यवान बनाउने उपाय अवलम्बन गर्नुहोस्, उदाहरणका लागि विशेष पुरस्कार प्रदान गरेर, सूचनापत्रमा नाम उल्लेख गरेर, बाहिर भ्रमणमा जाने मौका प्रदान गरेर र अर्को समुदायमा भ्रमण गर्न दिएर यो काम गर्न सकिन्छ । उनीहरूको पारिश्रमिक उचित किसिमको छ कि छैन ख्याल गर्नुहोस् ।
- समयको दबाब नै मुख्य कारण हो भने समुदायका अरू सदस्यहरूले पनि उनीहरूलाई कसरी संलग्न गराउन सकिन्छ भनी उपाय हेर्नुहोस् । साथै उनीहरूको अरू व्यक्तिगत काममा सघाइदिन समुदायलाई उत्साहित गर्नुहोस् ताकि तिनीहरूले 'सँगसँगै'को काम निर्धक्क भएर गर्नसक्छन्, जस्तैः उनीहरूको चौपायाहरू हेरिदिने आदि ।



...यो प्रक्रियाको लागि धेरै समय दिनुपऱ्यो भनी समुदायले गुनासो गरेमा ?

- समयको रूपरेखा स्पष्ट तय गर्नको लागि मण्डली र समुदायलाई सहायता गर्नुहोस् ।
- प्रक्रियामा "बिदाको अवधि" तय गर्नुहोस्, खासगरी श्रमिक दिवसको समय वा अन्नबाली कटनीको समय इत्यादिमा ।
- विशेष उपलब्धी हासिल गरेको समयमा वा मुख्य परिवर्तन भएको बेला उत्सव मनाउनको लागि समुदायलाई उत्साह दिनुहोस् । यसले गर्दा प्रक्रियाले काम गर्दैछ र यो फलदायी छ भनी जान्न मानिसहरूलाई सहायता पुऱ्याउँछ ।

...समुदायका मुख्य समस्याहरू, एच.आई.भी. वा लैङ्गिक भिन्नता जस्ता विषयवस्तुलाई समुदाय र सहजकर्ताले वेवास्ता गरेमा ?

- सहजकर्ताहरूलाई शिक्षा प्रदान गर्न र विषयवस्तुहरूमा सचेत गराउन उनीहरूसँग काम गर्नुहोस् ।
- यस्ता विषयवस्तुको बारेमा छलफल गरी मण्डली र समुदायमा सहजकार्य गर्न उनीहरूलाइ आवश्यक सीप र साधनहरू उपलब्ध गराउनुहोस् ।
- सम्भव भएमा, संवेदनशील विषयवस्तु सम्हाल्नको लागि आवश्यक सहायता र अनुभवहरू सहजकर्तालाई उपलब्ध गराउनको लागि उनीहरूसँग केही छलफलको समय पनि राख्नुहोस् ।
- यस्ता विषयवस्तुहरूलाई सम्बोधन गर्न सहायता गर्नका लागि एच.आई.भी. र अरू विषयवस्तुहरूको बारेमा सहयोगी निर्देशिकाहरू हेर्नुहोस् ।





# ५. ‘सँगसँगै’को अनुगमन तथा मूल्याङ्कन कसरी गर्ने

# 'सँगसँगै'को अनुगमन तथा मूल्याङ्कन कसरी गर्ने

## १. परिचय

यो खण्ड अन्तर्गत 'सँगसँगै'को काम गर्ने शैलीबारे तथ्य सङ्कलन गर्न समुदायसँग प्रयोग गर्न सकिने केही औजारहरू र 'सँगसँगै'को अनुगमन तथा मूल्याङ्कन कसरी गर्ने भन्ने कुरा समेटिएको छ। यो क्षेत्रमा संयोजकले निर्वाह गर्नुपर्ने एउटा महत्त्वपूर्ण भूमिकाको अपेक्षा गर्नुका साथै संयोजक समूह तथा सहजकर्ताद्वारा तल उल्लेख गरिएका तरिकाहरू बुझेर अभ्यास गरिसकेपछि ती तरिकाहरू प्रयोगमा ल्याउन सकिने कुराको आशा गरिन्छ।

'सँगसँगै'को अनुगमन तथा मूल्याङ्कनमा संयोजकको भूमिका :

- 'सँगसँगै'को प्रगतिबारे अनुगमन गर्ने
- अन्तिम मूल्याङ्कनको आयोजना तथा संचालन गर्ने
- अन्तिम मूल्याङ्कनबाट प्राप्त नतिजाको दस्तावेज तयार गर्ने
- मूल्याङ्कनबाट सिकेको कुरा लागु गर्ने
- मूल्याङ्कनबाट प्राप्त भएको सिकाइ सो प्रक्रियामा संलग्न व्यक्तिहरू तथा समुदायसँग बाँडिएको कुराको निश्चित गर्ने
- सहजकर्ता तथा संयोजक समूहलाई अनुगमन तथा मूल्याङ्कनका विधिहरू सम्बन्धि तालिम प्रदान गर्ने

अनुगमन तथा मूल्याङ्कनका फाइदाहरू के-के हुन् ?




- यसले भविष्यको लागि पाठहरू सङग्रह गर्दछ।
- यसले समुदायमा उनीहरूको जीवनस्तर उकास्न मद्दत पुऱ्याउने वास्तविक प्रगतिहरू छ कि भनी हेर्दछ।
- यसले एउटा यस्तो साधन उपलब्ध गराउँछ जसद्वारा समुदायप्रति उत्तरदायी प्रक्रिया संचालन गर्न सकिन्छ।
- यसले संयोजक समूह र सहजकर्तालाई समर्थन तथा प्रोत्साहन गर्नुका साथै अन्य तालिमको आवश्यकता पहिचान गर्दछ।
- यसले 'सँगसँगै'को विधि परिक्षण गर्नुको साथै समुदाय र मण्डलीको सन्दर्भमा मेल खाने गरी यसको परिवर्तन तथा परिमार्जन गर्नुपर्ने आवश्यकताको पहिचान गर्दछ।

## अनुगमनको परिभाषा

अनुगमन भन्नाले यस्तो तथ्य सङ्कलन गर्नु हो जसले 'सँगसँगै' तथा त्यसबाट प्रभावित परियोजनाहरूले कसरी काम गरिरहेको छ भन्ने कुरा बुझ्न मद्दत पुऱ्याउँछ। यस अन्तर्गत अक्सर गरेर सहभागीहरूको सूचनाबाट र परियोजनाहरूको उपयोगिताबारे समुदायको पृष्ठपोषणबाट नियमित रूपमा सूचना सङ्कलन गर्नुका साथै बजेट तथा खर्चको पुनरावलोकन गर्ने कार्य पनि पर्दछ। अनुगमन साँच्चै नै उपयोगी सिद्ध छ किनभने यसले प्रक्रियाको अन्त्यमा मूल्याङ्कन गरिदा प्रयोग गर्न सकिने प्रशस्त जानकारीहरू उपलब्ध गराउँछ।

यदि तपाईंले एउटा यस्तो नारीहरूको परियोजना अनुगमन गर्न चाहनुहुन्छ जसले उनीहरूलाई एच.आई.भी. संक्रमितसँग बस्न तथा व्यवसायिक सीपहरू हासिल गर्न सहायता गर्दछ भने तपाईंले निम्न कुराहरूको अनुगमन गर्नुपर्ने हुन्छ :

- उनीहरू तालिम कार्यशालाहरूमा कत्तिको सहभागी हुन्छन् ?
- उनीहरूमध्ये कति जनाले आफूले हासिल गरेका सीपहरू उनीहरूको नयाँ व्यवसायमा प्रयोग गरिरहेका छन् ?
- के सो परियोजनाको परिणाम स्वरूप उनीहरूको आय वृद्धि भइरहेको छ ?
- के सो परियोजनाको परिणाम स्वरूप उनीहरूको जीवन स्तरमा सुधार भएको छ ?
- के सो परियोजनाले बजेटको दायित्व बहन गरिरहेको छ ?



अनुगमन 'सँगसँगै'को जीवनभरि निरन्तर रूपमा भइरहन आवश्यक छ। पृष्ठ सङ्ख्या ६५ मा देखाइएको विवरणात्मक चित्रले ती प्रमुख चरणहरू दर्शाउँछ जसले अनुगमन कतिखेर सुरु गरिन्छ र कसरी अन्तिम मूल्याङ्कनसँग मेल खान्छ भन्ने देखाउँछ।

## मूल्याङ्कनको परिभाषा

मूल्याङ्कन कुनैपनि सम्पन्न भएको परियोजनाको अन्त्यमा अथवा सो प्रक्रियाको कुनै महत्त्वपुर्ण मध्य भागतिर गरिन्छ र यसले तल उल्लेख गरिएका तीन प्रमुख प्रश्नहरूको उत्तर खोज्दछ । कुनैपनि समुदायलाई बितेका कुराबाट सिक्न र भविष्यको लागि निर्दिष्ट योजना तर्जुमा गर्न सक्षम बनाउने कामको लागि मूल्याङ्कन प्रक्रिया लाभदायक हुन्छ । यसले कसरी कुनै कुरा प्राप्त गर्न सकियो र के-के कुरामा भिन्नता ल्याउन सकियो भन्ने कुरा पनि देखाउँछ । मूल्याङ्कनको तयारीको लागि एउटा महत्त्वपूर्ण भाग भनेको सम्पूर्ण अनुगमन प्रतिवेदनहरू सङ्कलन गर्ने र त्यो समयभित्र के-के परिवर्तनहरू भयो भनी नियाल्नु पनि हो । प्रायजसो मूल्याङ्कन गर्दा समुदायसँग निर्दिष्ट समूहको छलफल तथा अन्तर्वार्ता गरिन्छ र त्यो पनि मूल्याङ्कन गर्न केही अनुभव भएका स्थानीय बासिन्दाको सानो समूहद्वारा गरिन्छ ।

**के हामीले भिन्नता/परिवर्तन ल्याएका छौं ?**

**के हामीले गर्नेछौं भनेका कामहरू गऱ्यौं ?**




**के हामीले हाम्रो सीपहरू, दक्षता तथा अन्य श्रोत साधनहरू भिन्न-भिन्न तरिकाले प्रयोग गर्न सक्यौं ?**

## अनुगमन र मुल्याङ्कनको चरणहरू



**चरण १: स्थानीय मण्डलीको चित्रण**

व्यक्तिगत परिवर्तन र मण्डली परिवर्तनको अनुगमन

**चरण २: समुदायको चित्रण**

संयोजक समूहको परिवर्तन, व्यक्तिगत परिवर्तन र मण्डली परिवर्तनको अनुगमन

**चरण ३: कार्य योजना**

संयोजक समूहको परिवर्तन, व्यक्तिगत परिवर्तन र मण्डली परिवर्तनको अनुगमन

**चरण ५: मूल्याङ्कन**

समुदाय परिवर्तन, मण्डली परिवर्तन, संयोजक समूहको परिवर्तन र व्यक्तिगत परिवर्तनको मूल्याङ्कन

**चरण ५: मूल्याङ्कन**

समुदाय परिवर्तन, मण्डली परिवर्तन, संयोजक समूहको परिवर्तन र व्यक्तिगत परिवर्तनको मूल्याङ्कन

## सङ्ख्यात्मक तथा गुणात्मक सूचनाको मापन

कुनै पनि सूचनाको अनुगमन गर्दा सङ्ख्यात्मक तथा गुणात्मक दुवै सूचना सङ्कलन गर्न सचेत हुनु आवश्यक छ। दुवै प्रकारका सूचनाको परिभाषा तथा उदाहरणहरू तल उल्लेख गरिएको छः

सङ्ख्यात्मक सूचना

कुनैपनि परियोजनाको प्रगतिबारे प्रभावकारी ढंगले अनुगमन गर्न त्यसको सङ्ख्यात्मक सुचनाहरू जस्तैः आम्दानी तथा हाजिरी सङ्ख्या आदि राम्ररी हेर्नुपर्दछ। उदाहरणको लागि महिलाहरूको व्यवहारिक जीवन सम्बन्धी परियोजना अन्तर्गत स-साना व्यवसायहरूबाट आम्दानी वृद्धिको स्तर, कार्यक्रममा सहभागी महिलाहरूको सङ्ख्या तथा तालिमका विभिन्न चरणहरूमा सहभागी महिलाहरूको सङ्ख्या आदि पर्दछन्।

सङ्ख्यात्मक तथ्याङ्क सहजकर्ताको निर्देशिकामा उल्लेखित पूर्ण विवरणसहितको सुचनात्मक तालिकाहरूबाट लिन सकिन्छ। यो काम अनुगमनका विभिन्न चरणहरूको समयावधिमा निरूपण गर्न सकिन्छ।



## गुणात्मक सूचना




तपाईंले सङ्कलन गर्नुपर्ने अर्को सूचना चाहिँ गुणात्मक सूचना हो, उदाहरणका लागि सकारात्मक जीवन जिउने समूह भएको कारण महिलाहरूले कस्तो आपसी सहायता र उत्साह पाएका छन् इत्यादि । यसमा उनीहरूले आफैलाई कस्तो सम्झन्छन्, उनीहरूले सामना गरिरहेको समस्याहरूको बारेमा कुरा गर्न उनीहरूको आत्मविश्वास र समुदायका अरू सदस्यहरूसँग बातचित गर्न अझ खुल्लापन इत्यादि समावेश हुन्छ । गुणात्मक सूचना सङ्कलन गर्ने कुरामा मानिसहरूको अनुभवहरूको कथाहरू सङ्कलन गर्ने र कुन कथाले उनीहरूमा भइरहेको परिवर्तनलाई प्रकाश पार्छ भनी त्यसलाई प्राथमिकता दिने कुरा समावेश हुन्छ ।

यस भागको अन्तमा भएका सामग्रीहरू कथाहरू र गुणात्मक सूचनाको अरू माध्यमहरूको लागि एकदमै राम्रो स्रोत हो ।

## २. अनुगमन

### अनुगमनको योजना

जब अनुगमनको काम सुरु हुन्छ र यो गरिन्छ यसलाई स्थानीय सहजकर्तासँग बसेर योजना बनाउनु राम्रो हुन्छ । 'सँगसँगै'को प्रक्रिया र यसको प्रभावको बारेमा अनुगमन गर्नका लागि तलको चक्रमा दिइएको आवश्यक कदमहरू चाल्नुपर्दछ । यो चक्रलाई सहजकर्ताहरू र संयोजन समूहहरूलाई देखाउनको लागि उपयोगि हुन्छ ताकि उहाँहरूले अनुगमनको कार्यलाई 'सँगसँगै' कसरी लैजान सकिन्छ भनी बुझ्नसक्नुहुनेछ ।

१. प्रबन्ध गरिएको योजना

- अनुगमन कहिले गरिने ?
- कहाँ गरिने ?
- को सहभागी हुनुपर्ने ?
- सूचनाको कुन चाहिँ माध्यम हामीले हेर्नुपर्छ ?



२. तरिकाहरू

- हामीले सोध्नुपर्ने मुख्य प्रश्न के-के हुन् ?
- सूचना सङ्कलन गर्ने कुन चाहिँ साधन हामी प्रयोग गर्नेछौं ?
- हामीले कसलाई कुन तरिकाबाट तालिम दिनुपर्छ ?
- कुन-कुन समूहलाई हामीले समावेश गर्नुपर्छ, उदाहरणका लागि महिला, वृद्ध, अपाङ्ग तथा किशोरकिशोरीहरू ?

३. अनुगमनका कदमहरू

- गुणात्मक र सङ्ख्यात्मक दुवै सूचनाहरू सङ्कलन गर्ने
- अङ्क प्रदान गर्नका लागि पृष्ठ सङ्ख्या ७१-७६ मा भएको परिवर्तनको परिसूचक तालिका प्रयोग गरी विश्लेषण गर्ने
- निष्कर्षलाई समुदायसँग मिलेर पर ीक्षण गर्नुहोस्
- निष्कर्षलाई अन्तिम रूप प्रदान गर्नुहोस्

४. सुझावहरू

- 'सँगसँगै'को संचालनमा सुधारका लागि
- समुदाय पारिरहेको प्रभावको वृद्धिका लागि

५. सिकेका कुरा बाँड्चुड गर्न

- स्थानीयबासीहरूसँग
- संयोजना समूहसँग
- समुदायसँग

६. सिकाइ अनुसार गर्न

- सिकेका कुरा र सुझावहरू कसले कार्यान्वयन गर्ने ?
- कहिले ?

**'सँगसँगै'को नतिजा स्वरूप आएको विभिन्न तहको परिवर्तनको अनुगमन**




माथिको चित्रले 'सँगसँगै'को प्रक्रियाका विभिन्न तहहरूमा गर्नुपर्ने अनुगमनहरू देखाउँछ । परियोजनाको मूल्याङ्कन गर्दा, अनुगमनमा सङ्कलन गरिएका सबै सूचनाहरूलाई यो प्रक्रिया कसरी गइरहेको छ भनी पुनरावलोकन गर्न प्रयोग गरिन्छ साथै परियोजनाको प्रभावलाई पनि पुनरावलोकन गरिन्छ ।

## तलका परिसूचक तालिकाहरूको प्रयोग कसरी गर्ने

१. कुनचाहिँ तह पहिले हेर्ने भनी निर्णय गर्नुहोस् ।
२. सोधिने प्रश्नहरू तपाईंको समूहको लागि पर्याप्त छ कि छैन कि अरू केही थप्नुपर्छ भनी हेर्नुहोस् ।
३. प्रश्नको प्रयोग गर्दा सबैभन्दा उपयुक्त साधनको प्रयोग गर्नुहोस् ।
४. सबै सूचनाहरू सङ्कलन गरिसकेपछि यसलाई परिसूचक तालिकामा राख्नुहोस् र परिवर्तनको तह मापनका लागि अङ्क प्रदान गर्नुहोस् ।
५. प्रदान गरिएको अङ्कलाई समर्थन गर्ने प्रमाणित गर्नका लागि उदाहरण दिनुहोस् । परिवर्तन देखाउनका लागि अतिरिक्त तथ्याङ्क विद्यालय, स्वास्थ्य केन्द्र अथवा स्थानीय प्रशासनबाट ल्याउन सक्नुहुन्छ ।
६. तपाईंले पत्ता लगाएका कुरा समूहलाई बाँड्नुहोस् र उनीहरू यसमा सहमत छन् कि कुनै थप नयाँ कुरा छ सो हेर्नुहोस् ।
७. तपाईंले पत्ता लगाएका कुराहरूलाई पृष्ठ सङ्ख्या ७१ मा भएको नमूना प्रयोग गरी लेख्नुहोस् ।

## व्यक्ति परिवर्तनका परिसूचकहरू

व्यक्ति परिवर्तनको बारेमा सूचना सङ्कलन गर्न प्रयोग गरिने मुख्य प्रश्नहरू:

१. बाइबल अध्ययनहरूबाट तपाईंले के सिक्नुभयो ?
२. बाइबल अध्ययनहरूले तपाईंको मण्डली र समुदायप्रतिको दृष्टिकोणमा के परिवर्तन ल्यायो ?
३. समुदायसँग काम गरेर तपाईंले कुन नयाँ कुरा थाहा पाउनुभयो ?
४. समुदायमा सँगलग्न भएर तपाईंले कुन नयाँ सीप सिक्नुभयो ?
५. यस अनुभवका कारण तपाईंले के कुरा भिन्दै किसिमले गर्नुहुनेछ ?

माथिको प्रश्नका लागि प्रयोग गर्न सिफारिस गरिएको साधनहरू (पृष्ठ सङ्ख्या ८३-८९):

- लक्षित समूह छलफल
- व्यक्तिगत परिवर्तनको समयरेखा
- मानिसहरूलाई कथा भन्ने

### परिसूचक तालिकाको प्रयोग कसरी गर्ने

यो तालिका व्यक्ति-व्यक्तिले भर्दैनन् तर सबै सूचनाहरू सङ्कलन गरिसकेपछि व्यक्तिहरूको समूहले भर्छन् । यसले 'सँगसँगै'द्वारा कसरी व्यक्तिहरू परिवर्तन भए भनी सामान्य तस्विर प्रदान गर्दछ । सूचनाहरूको विश्लेषण गर्न र व्यक्ति परिवर्तनको सामान्य तस्विरलाई अङ्क प्रदान गर्न पृष्ठ सङ्ख्या ७१ मा भएको तालिका प्रयोग गर्नसक्नुहुन्छ ।

## व्यक्तिगत परिवर्तनका परिसूचकहरू

| मनोवृत्ति | एकदमै कम | कम | राम्रो | एकदमै राम्रो |
|---|---|---|---|---|
| केही नयाँ गर्न खुल्लापन, उदाहरणका लागि बालीको नयाँ तरिका, आम्दानी गर्ने नयाँ उपाय अथवा विभिन्न समुदायका मानिसहरूसँग काम गर्ने कुरामा खुल्लापन हुनु । | | | | |
| आफ्ना अनुभवहरू, तरिका र सीपहरू अरू मानिसहरूलाई बाँड्ने कुरामा खुल्लापन । | | | | |
| विश्वास सम्बन्धि कुरा खुलस्त गर्न खुल्लापन | | | | |
| कृपया माथिको अङ्कलाई समर्थन गर्ने प्रमाणहरू उपलब्ध गराउनुहोला | | | | |

| ज्ञान | एकदमै कम | कम | राम्रो | एकदमै राम्रो |
|---|---|---|---|---|
| सँगैसँगै काम गरेर हासील गरेको ज्ञान, व्यक्तिहरूले उनीहरूका अनुभवहरूद्वारा सिकेका कुराहरू जुन उनीहरूले नयाँ अग्रसरताका लागि प्रयोग गर्न सक्छन् | | | | |
| सँगैसँगै कसरी काम गर्ने भनी हासील गरेको नयाँ समझदारी | | | | |
| 'सँगसँगै'ले कसरी काम गर्छ, यसमा के समावेश हुन्छ र विभिन्न सामाग्रीहरूको प्रयोग कसरी गर्ने भनी हासील गरेको ज्ञान | | | | |
| कृपया माथिको अङ्कलाई समर्थन गर्ने प्रमाणहरू उपलब्ध गराउनुहोला | | | | |

| मनोवृत्ति | एकदमै कम | कम | राम्रो | एकदमै राम्रो |
|---|---|---|---|---|
| केही नयाँ गर्न खुल्लापन, उदाहरणका लागि बालीको नयाँ तरिका, आम्दानी गर्ने नयाँ उपाय अथवा विभिन्न समुदायका मानिसहरूसँग काम गर्ने कुरामा खुल्लापन हुनु । | | | | |
| आफ्ना अनुभवहरू, तरिका र सीपहरू अरू मानिसहरूलाई बाँड्ने कुरामा खुल्लापन । | | | | |
| विश्वास सम्बन्धि कुरा खुलस्त गर्न खुल्लापन | | | | |
| कृपया माथिको अङ्कलाई समर्थन गर्ने प्रमाणहरू उपलब्ध गराउनुहोला | | | | |

## मण्डली परिवर्तनका सुचकहरू

मण्डली परिवर्तका सूचनाहरू सङ्कलन गर्न प्रयोग गरिने मुख्य प्रश्नहरू:

१. नेतृत्ववर्गले 'सँगसँगै'लाई कसरी समर्थन र प्रवर्द्धन गरेका छन् ?
२. 'सँगसँगै'ले मण्डलीका अगुवाहरूलाई कस्तो प्रभाव पारेको छ ?
३. बाइबल अध्ययनहरूले मण्डलीका सदस्यहरूलाई कति प्रभाव पारेको छ ?
४. 'सँगसँगै'को नतिजा स्वरूप मण्डलीका सदस्यहरूले के कुरा बेग्लै किसिमले गर्दैछन् ?
५. जीवनस्तर उकास्नको लागि मण्डलीका सदस्यहरूले समुदायसँग मिलेर कुन-कुन व्यवहारिक कुराहरू गर्दैछन् ?
६. एकदमै सफल कुरा के भयो ?

माथिका प्रश्नहरू सोध्नका लागि प्रयोग गर्न सिफारिस गरिएको साधनहरू (पृष्ठ सङ्ख्या ८३-८९):

- लक्षित समूह अन्तर्क्रिया
- प्रत्येक व्यक्ति कसरी परिवर्तन भए भनी समय रेखा
- मानिसहरूको कथा
- नक्साङ्कन
- श्रेणीकरण

माथिका प्रश्नहरूद्वारा सूचनाहरू सङ्कलन गरिसकेपछि त्यसलाई तलको तालिका प्रयोग गरी विवेचना गर्न र परिवर्तनको तह कति छ भनी अङ्क प्रदान गर्न सक्नुहुन्छ ।

| नेतृत्ववर्ग | एकदमै कम | कम | राम्रो | एकदमै राम्रो |
|---|---|---|---|---|
| 'सँगसँगै' प्रति सर्मथन र प्रतिवद्धता | | | | |
| बाइबल शिक्षणमा सेवाग्राही सोच लिन सक्ने क्षमता | | | | |
| मण्डलीलाई नेतृत्व र उत्प्रेरित गर्ने क्षमता | | | | |
| कृपया माथिको अङ्कलाई समर्थन गर्ने प्रमाणहरू उपलब्ध गराउनुहोला | | | | |

| मण्डलीका सदस्यहरू | एकदमै कम | कम | राम्रो | एकदमै राम्रो |
|---|---|---|---|---|
| उत्साहजनक अनुभूति र बाइबल अध्ययनबाट प्रभावित | | | | |
| बाइबल अध्ययनको नतिजा स्वरूप मण्डलीको जीवन, मण्डलीमा भूमिका र समुदायसँगको सम्बन्ध जस्ता कुराहरूमा हेर्ने दृष्टिकोणमा खुलापन, | | | | |
| बाइबल अध्ययनमा भाग लिने सहभागीहरूको स्तर | | | | |
| अन्तर्क्रियात्मक सिकाइको तरिकामा उत्साह | | | | |
| कृपया माथिको अङ्कलाई समर्थन गर्ने प्रमाणहरू उपलब्ध गराउनुहोला | | | | |

| सम्बन्ध | एकदमै कम | कम | राम्रो | एकदमै राम्रो |
|---|---|---|---|---|
| 'सँगसँगै' गर्ने बेलामा मण्डलीसँग काम गर्दा खुल्लापन | | | | |
| मण्डलीका सदस्य तथा अगुवाहरूको मण्डली भन्दा बाहिरकाहरूसँग काम गर्दा खुल्लापन | | | | |
| कृपया माथिको अङ्कलाई समर्थन गर्ने प्रमाणहरू उपलब्ध गराउनुहोला | | | | |

| व्यवहारिक कार्य | छैन | विरलै | कहिलेकाही | सधैं |
|---|---|---|---|---|
| अन्तर्क्रियात्मक बाइबल अध्ययनलाई नियमित उत्साहित गरिएको | | | | |
| मण्डलीका सदस्यहरूलाई दिइने प्रचार र शिक्षा जसले उनीहरूलाई जिज्ञासु र विचारशील बनाउँछ | | | | |
| यस प्रक्रियाको नतिजा स्वरूप मण्डली थुप्रै सामाजिक परियोजनामा संलग्न छ | | | | |
| मण्डलीले उसका आफ्ना आवश्यकताहरू आफूसँगै भएका स्रोतद्वारा पुरा गर्न सक्छ भनी परिचित भएको | | | | |
| कृपया माथिको अङ्कलाई समर्थन गर्ने प्रमाणहरू उपलब्ध गराउनुहोला | | | | |

## संयोजन समूह परिवर्तनका सूचकहरु

संयोजन समूह परिवर्तन सम्बन्धी सूचना सङ्कलन गर्दा प्रयोग गरिने प्रमुख प्रश्नहरु

१: संयोजन समूहले समूहमा मिलेर कार्य गर्दा के के सिकेको छ ?

२: संयोजन समूहले भोग्नु परेको सबैभन्दा ठूलो चुनौती के हो ?

३: संयोजन समूहले यस्तो चुनौतीमाथि  कसरी विजय भयो ?

४:  संयोजन समूहले सामुहिक रुपमा कार्य गर्दा के कुरालाई अत्यन्तै महत्त्व दिन्छ ?

माथिका प्रश्नहरु प्रयोग गर्न सुझाइएका केही तौरतरिकाहरु

- सामुहिक छलफलमा जोड दिनुहोस् ।
- व्यक्तिहरु परिवर्तन कसरी भए त्यसको समय थाहा पाउनु
- मानिसहरुलाई कथा वाचन गर्नु

तपाईले माथिका प्रश्नहरुद्वारा जानकारी सङ्कलन गरिसकेपछि सूचना विश्लेषण गर्न र परिवर्तनको तह अङ्क मापन गर्न तल दिइएको तालिका प्रयोग गर्नुहोस् ।

| संयोजन समूहको क्षमता | एकदमै कमजोर | कमजोर | राम्रो | धेरै राम्रो |
|---|---|---|---|---|
| समूहमा कार्य गर्ने, सूचना सङ्कलन गर्ने, यो जना तथा निर्णय गर्ने क्षमता | | | | |
| सीप, अन्तरदृष्टि तथा अनुभव बाँड्ने क्षमता | | | | |
| समीक्षा गर्ने र अनुभवद्वारा पाठ सिक्ने क्षमता | | | | |
| समुदायलाई दर्शन बिजारोपण गर्ने, अभिप्रेरणा दिने र हौसला दिने क्षमता | | | | |
| समुदायका समस्याहरु समाधान गर्ने, तनाव कम पार्ने र द्वन्द हल गर्ने क्षमता | | | | |
| मण्डली र समुदायका अगुवाहरुसँग सञ्चार गर्ने क्षमता | | | | |
| कानूनी तथा सरकारी निकायहरुसँग सञ्चार गर्ने र सञ्जाल विकास गर्ने क्षमता | | | | |
| माथि उल्लेखित अङ्क पुष्टी गर्न प्रमाण उपलब्ध गर्नुहोस् । | | | | |
| सामुदायिक द्वन्द समाधान तथा व्यवस्थापन गर्ने क्षमता | | | | |
| कृपया माथिको अङ्कलाई समर्थन गर्ने प्रमाणहरू उपलब्ध गराउनुहोला | | | | |

### समुदाय परिवर्तनका सूचकहरू

यस खण्डमा समुदायको आपसी साथ, जीवनस्तर, स्वास्थ्य र शिक्षाको क्षेत्रलाई समेट्ने चार सूचक तालिकाहरू समावेश गरिएको छ । अग्रसरता लिने समयमा थाहा गरिएको कुरा के हो भने परियोजनाको सुरुवात नभई यी सूचकहरू उपलब्ध हुनसक्दैन । तथापि समुदायको आपसी साथ भन्ने पहिलो तालिका समुदायको दर्शन निर्माण गर्ने चरणको कार्य थालनी भन्ने तहमा प्रयोग गर्न सकिन्छ ।

समुदायको परिवर्तनका सम्बन्धमा सूचना सङ्कलन गर्दा प्रयोग गरिने मुख्य प्रश्नहरूः

कृपया समुदायले लिएको परियोजनालाई उपयुक्त हुने प्रश्नहरूको छनोट गर्नुहोस् ।

१. के समुदायको जीवनस्तरमा परिवर्तन आएको छ ? छ भने कसरी ?
२. के समुदायको स्वास्थ्यमा सुधार आएको छ ? छ भने कसरी ?
३. के केटाकेटीहरूको पढाईमा सुधार आएको छ ? छ भने कसरी ?
४. समुदायको कत्तिको एकतावद्ध छ ? उदाहरण दिनुहोस् ।
५. आइपर्ने विपत्ति र दुर्घटनाको लागि के समुदाय तयार छ ? उदाहरण दिनुहोस् ।

माथिका प्रश्नहरू सोध्नका लागि प्रयोग गर्न सिफारिस गरिएको साधनहरू (पृष्ठ सङ्ख्या ८३-८९):

- लक्षित समूह अन्तर्क्रिया
- प्रत्येक व्यक्ति कसरी परिवर्तन भए भनी समय रेखा
- मानिसहरूको कथा
- नक्साङ्कन
- श्रेणीकरण

माथिका प्रश्नहरूद्वारा सूचनाहरू सङ्कलन गरिसकेपछि त्यसलाई तलको तालिका प्रयोग गरी विवेचना गर्न र परिवर्तनको तह कति छ भनी अङ्क प्रदान गर्न सक्नुहुन्छ ।

| समुदायको आपसी साथ | एकदमै कम | कम | राम्रो | एकदमै राम्रो |
|---|---|---|---|---|
| उत्तम समुदाय निर्माणका लागि देखेको भविष्यको दर्शनका लागि 'सँगसँगै' काम गर्ने क्षमता | | | | |
| सबैलाई समेटेर निर्णय गर्ने क्षमता | | | | |
| समुदायको आवश्यकता पहिचान गर्ने क्षमता | | | | |
| एकदमै पिडीत र सीमान्तकृतलाई वास्ता गर्ने क्षमता | | | | |
| 'सँगसँगै' योजना गर्ने क्षमता | | | | |
| समुदायका मुख्य अगुवाहरूलाई समावेश गराउन सक्ने क्षमता | | | | |
| अरू एजेन्सीहरू र स्थानीय प्रशासनसँग संजाल कायम गर्ने क्षमता | | | | |
| प्रत्यायोजन गर्ने क्षमता | | | | |
| सूचनाहरू बाँड्ने र पुनरावलोकन गर्ने क्षमता | | | | |
| सामुदायिक द्वन्द समाधान तथा व्यवस्थापन गर्ने क्षमता | | | | |
| कृपया माथिको अङ्कलाई समर्थन गर्ने प्रमाणहरू उपलब्ध गराउनुहोला | | | | |

| जीवनस्तर | एकदमै कम | कम | राम्रो | एकदमै राम्रो |
|---|---|---|---|---|
| खानेकुराको प्रशस्त र नियमित आपूर्तिको उपलब्धता | | | | |
| अन्न भण्डारणलाई नियन्त्रण गर्ने क्षमता | | | | |
| शुद्ध खानेपानीको उपलब्धता | | | | |
| पारिवारिक आम्दानीमा सुधार | | | | |
| घर तथा वासस्थानको सुधार | | | | |
| खानीपानीको आपूर्ति तथा फोहोर व्यवस्थापनमा सुधार | | | | |
| विपत्तीहरूको सामना गर्न तयारी भएको क्षमतामा सुधार | | | | |
| कृपया माथिको अङ्कलाई समर्थन गर्ने प्रमाणहरू उपलब्ध गराउनुहोला | | | | |

| स्वास्थ्य | एकदमै कम | कम | राम्रो | एकदमै राम्रो |
|---|---|---|---|---|
| प्राथमिक स्वास्थ्य उपचारको उपलब्धतामा सुधार | | | | |
| पानीको कारण हुने रोगमा कमी | | | | |
| शिशु मृत्युदरमा कमी | | | | |
| एच.आई.भी. को बारेमा र यसलाई कसरी रोक्ने भन्ने बारेमा चेतनाको बृद्धि | | | | |
| व्यक्तिगत पोषण र स्वास्थ्यमा सुधार | | | | |
| पोषणमा सुधार | | | | |
| कृपया माथिको अङ्कलाई समर्थन गर्ने प्रमाणहरू उपलब्ध गराउनुहोला | | | | |

| शिक्षा | एकदमै कम | कम | राम्रो | एकदमै राम्रो |
|---|---|---|---|---|
| विद्यालयको हाजिरीमा समग्र वृद्धि | | | | |
| विद्यालयमा छात्राहरूको हाजिरीमा वृद्धि | | | | |
| अध्ययन पूरा गर्ने छात्राहरूको सङ्ख्यामा वृद्धि | | | | |
| महिला र पुरुष | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| कृपया माथिको अङ्कलाई समर्थन गर्ने प्रमाणहरू उपलब्ध गराउनुहोला | | | | |

प्रतिवेदन अनुगमन गर्नका लागि नमुना

यो नमुना एउटा निर्देशिका मात्रै हो तर यसले प्रतिवेदनको अनुगमन गर्नको लागि आवश्यक सूचनाहरूको सबै पक्षलाई समेट्छ । कार्यक्रमको अन्तिम मूल्याङ्कन गर्नका लागि यो प्रतिवेदन फाइल गर्न र अभिलेख राख्न सकिन्छ ।

प्रतिवेदनको अनुगमन

अनुगमन मिति

सहभागी मानिसहरूको सूची

पृष्ठपोषणका लागि सम्पर्कमा रहेका विशेष समूहहरू

प्रयोग गरिएका तरिकाहरू

तालिका र अङ्कहरूको सूची

अङ्कहरूको प्रमाणको सूची

'सँगसँगै' कसरी गइरहेको छ, के सुधार गर्न सकिन्छ र आगामी तीन महिना वा छ महिनामा कुन काम गर्नुपर्छ भनी साधारण निष्कर्ष

## ३. मूल्याङ्कन

### मूल्याङ्कन गर्दा अपनाइने कदमहरू

तलको चक्रले मूल्याङ्कनको योजना गर्न र संचालन गर्न आवश्यक मुख्य कदमहरू देखाउँछ। यसको लागि पहिलेनै योजना बनाउनुपर्छ ताकि समुदायका सबैजना नै मूल्याङ्कनका लागि तयार र योगदान दिने हुनसक्छन्। मूल्याङ्कनको तयारीका लागि कहिलेकाही मूल्याङ्कन के हो, यो किन महत्त्वपूर्ण छ र उनीहरू कसरी सहभागी हुनसक्छन् भनी समुदायमा स-सानो कार्यशाला राख्न उपयुक्त हुन्छ।

तार्किकता:
- मूल्याङ्कनको योजनाका लागि स्थानीय सहजकर्ता र संयोजन समूहलाई भेट्नुहोस्
- मिति, स्थान, समय इत्यादिमा सहमत हुनुहोस्
- को सहभागी हुने भनी निर्णय गर्नुहोस्

तरिका:
- प्रयोग गरिने मुख्य प्रश्नहरूको निर्णय गर्नुहोस्
- प्रयोग गरिने उत्तम सामग्री के हुन सक्छ भनी निर्णय गर्नुहोस्
- सामाग्री र प्रश्नहरू कसरी चलाउने भनी सहजकर्ता र संयोजन टोलीलाई तालिम प्रदान गर्नुहोस्
- अनुगमन गरिएका सबै प्रतिवेदनहरूलाई जम्मा गर्नुहोस् ताकि त्यसको पुनरावलोकन हुनसकोस्।

मूल्याङ्कन
- समुदायका सबै सूचनाहरू जम्मा गर्नुहोस् र अभिलेख राख्नुहोस्
- परिसूचक तालिकामा प्रयोग भएका सबै सूचनाहरूको विवेचना र पुनरावलोकन गर्नुहोस् (पृष्ठ सङ्ख्या ७१-७६)
- अतिरिक्त जानकारी र सुधारका लागि समुदायलाई पृष्ठपोषण प्रदान गर्नुहोस्
- तीनवटा मूल्याङ्कन प्रश्नका आधारमा निष्कर्ष लेख्नुहोस्
- हामीले गर्छौं भनेको कुरा के हामीले गऱ्यौं ?
- के हामीले कुनै फरकपन ल्यायौं ?
- के हामीले आफूसँग भएका स्रोत प्रभावकारी रूपमा प्रयोग गर्नसक्यौं ?

सुझावहरू:
- समुदायमा सुधारोन्मुख प्रभाव पार्न 'सँगसँगै'को संचालनमा सुधार ल्याउनका लागि
- भविष्यमा लागू गर्न सकिने सिकेका पाठहरूको सूची

सिकाइलाई बाड्नु:
- स्थानीय संयोजन समूहसँग
- समुदायसँग

सिकाइमा गरिने कार्य:
- सिकाइ र सुझावलाई कसले लागू गर्ने ?
- कहिले गर्ने ?



### मूल्याङ्कनका लागि आवश्यक सूचनाको स्रोतहरू

'सँगसँगै' कसरी चलिरहेको छ र के कुरा हासिल गऱ्यो भनी समग्र तस्वीर प्रदान गर्नको लागि तल दिइएका सूचनाका स्रोतहरू सङ्कलन गर्नु आवश्यक छ ।

समुदायबाटको सूचना



स्वास्थ्य केन्द्रहरू, विद्यालयहरू र सरकारी अधिकारीहरूबाटको सूचना

प्रतिवेदन मूल्याङ्कन गरेपछि प्राप्त सूचना

सबै सूचनाहरू सङ्कलन गरिसकेपछि यसलाई परिसूचक तालिकाको प्रयोग गरी विवेचना गर्न उपयोगी हुन्छ (पृष्ठ सङ्ख्या ७१-७६) । कार्यक्रम कस्तो भइरहेको छ र के हासिल गर्न सकियो भनी यसले केही स्पष्ट परिसूचाङ्क प्रदान गर्न मद्दत गर्दछ विशेषगरी तब, जब मूल्याङ्कन गर्दा पत्ता लागेको कुरा अनुगमन प्रतिवेदनसँग दाजिन्छ ।

सूचनाहरू विश्लेषण गर्ने अर्को राम्रो तरिका चाहिँ बाकस विश्लेषण हो जुन पृष्ठ सङ्ख्या ८६ मा व्याख्या गरिएको छ ।

## मूल्याङ्कनका परिणामहरू

जब तपाई कुनै कुराको मूल्याङ्कन गर्नुहुन्छ, तपाईंको परियोजनाको परिणाम स्वरूप प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्राप्त सबै नतिजाहरू सुचिकृत गर्नु महत्त्वपूर्ण हुन्छ। उदाहरणको लागि एच.आई.भी. संक्रमितहरूसँग बसिरहेका मानिसहरूलाई सहयोग गर्ने परियोजनाको प्रभावस्वरूप देखा पर्न सक्ने केही परिणामहरू चित्र सहित तल सुचिकृत गरिएको छ।



## सामुदायिक मूल्याङ्कन प्रतिवेदन कसरी लेख्ने

प्रत्येक समुदायले मूल्याङ्कनबाट प्राप्त जानकारी सङ्कलन गर्ने बित्तिकै त्यसबाट प्रतिवेदनको खाका कोर्न सजिलो हुन्छ । यो लेख्ने काम सहजकर्ताले गर्नुपर्छ र त्यसपछि समुदायसँग र यसको नेतृत्व पक्षसँग छलफल गर्नुपर्छ। संयोजकले सो कार्यक्रममा सहभागी सबै समुदायहरूबाट त्यसको विवरण प्राप्त गरेपछि उसले कार्यक्रम प्रतिवेदन संङग्रह गर्न सक्छ ।

मूल्याङ्कन प्रतिवेदन लेख्दा सहजकर्ताको लागि सुझावस्वरूप केही उल्लेख्य शीर्षकहरू तल दिइएको छ ।



## दाताहरूले के चाहन्छन् ?




यो खण्ड अन्तर्गत दातालाई चाहिएको 'सँगसँगै' कार्यक्रमको मूल्याङ्कनबाट प्राप्त गर्न सकिने जानकारी समेट्न सकिन्छ जुन 'सँगसँगै' कार्यक्रम अन्तर्गत थुप्रै समुदायहरूलाई समेट्न पनि सकिन्छ, । सामुदायिक तहमा के भइरहेको छ भन्नुका साथै थुप्रै समुदायहरूको माझमा 'सँगसँगै' कसरी संचालन भइरहेको छ भन्ने बारे दुवै प्रकारको जानकारी समेट्ने खालको प्रतिवेदन एकत्रित गर्ने जिम्मेवारी संयोजकको हुन्छ ।

दाता प्रतिवेदनमा निम्न उल्लेखित खण्डहरू समेट्नु पर्छ ।

### मूल्याङ्कनको पृष्ठभूमि

उक्त कार्यक्रमको उद्देश्य तथा पृष्ठभूमिबारे संक्षिप्त जानकारी ।

'सँगसँगै'मा संलग्न विभिन्न समुदायहरूको दृष्टिकोण जसमा समुदायले सम्बोधन गर्न चाहेको समस्याको स्पष्ट धारणा तथा व्याख्या समावेश गरिएको हुनुपर्छ । यसलाई केही आधारभूत तथ्याङ्क तथा प्रमाणहरूद्वारा स्पष्ट पारिनुपर्छ ।

प्रत्येक समुदायको परियोजनाको ढाँचा जसले उनीहरूले जे गरिरहेका छन् त्यो किन गरिरहेका छन्, उनीहरूले यो कसरी गर्न गईरहेका छन् र यो कसरी व्यवस्थित गरिनेछ भन्ने बारे व्याख्या गर्दछ, सोको संक्षिप्त जानकारी ।

### मूल्याङ्कन

कार्यक्रम मूल्याङ्कनको क्षेत्रको रूपरेखा र यसले लक्षित गर्ने प्रमुख प्रश्नहरू ।

सबै समुदायहरूमाझ मूल्याङ्कनमा प्रयोग हुने विधिहरूबारे धारणा ।

'सँगसँगै'को परिणामस्वरूप समुदायहरूमा के परिवर्तन आएको छ भन्ने सम्बन्धमा पत्ता लागेका विशेष प्राप्तिहरू, ठोस प्रमाण तथा उदाहरणहरू सहित ।

निष्कर्षहरू तथा जे-जे कुराहरूमा सुधार्न तथा सुदृढीकरण गर्न आवश्यक छ, सोको लागि सल्लाह तथा सुझावहरू

### सुझावहरू

१. मूल्याङ्कन प्रतिवेदनहरूमा हुने धेरैजसो गल्तीहरू भनेको कार्यक्रममा गरिएका सबै क्रियाकलापहरू सुचिकृत गर्नु तर ती क्रियाकलापहरूद्वारा निर्देशित परिवर्तनहरू उल्लेख नगर्नु हो ।

२. अभिलेख धेरै लामो भएमा दाताहरूको चाख गुम्ने भएकोले प्रतिवेदन तयार पार्दा २५ पेजभन्दा बढी नबनाउनुहोस् ।

३. दस्तावेजको सुरुवातमा विशेष सारांशले मूल्याङ्कनका परिणामहरूको सामान्य रूपरेखा तयार पारेको छ भनी निश्चित गर्नुहोस् ।



### ४. परियोजनाको अनुगमन तथा मूल्याङ्कनका लागि औजारहरू

व्यक्तिगत, मण्डली, संयोजक समूह तथा समुदायिक परिवर्तन भइरहेको छ कि छैन भनी निर्धारण गर्न तल दिइएको औजारहरू ज्यादै उपयोगिसिद्ध हुनसक्छ। ती सबै औजारहरू प्रयोग गर्नुपर्छ भन्ने आवश्यक छैन तर तिनीहरूको संयुक्त प्रयोगले परियोजनामा के भएको छ भन्ने बारेमा राम्रो चित्रण गर्न सक्छ। मूल्याङ्कन प्रतिवेदन तयार पार्दा तपाईले कुन-कुन औजारहरू प्रयोग गर्नुभयो र के-के विशेष कुराहरू पत्ता लगाउन सकियो भनी प्रष्ट्याउनु वास्तवमै उपयुक्त हुन्छ।

### क) निर्दिष्ट समूहको छलफल

समुदायलाई लिङ्ग, उमेर वा जातीय पृष्ठभूमिको आधारमा स-सानो निर्दिष्ट समूहमा विभाजन गर्नुहोस्। छलफललाई सहजीकरण गर्न प्रश्नहरूको श्रेणीमाथि सहमति जनाउनुहोस् (अधिक जानकारीको लागि सहजकर्ताको सहयोगि, पृष्ठ ८५ मा निर्दिष्ट समूह शिर्षकमा हेर्नुहोस्)।



### ख) उल्लेखनीय परिवर्तनको कथाहरू भन्ने

यो एउटा साधारण विधि हो जसमा एउटा यस्तो समूह सम्मिलित हुन्छ जसले यो परियोजनाको परिणामस्वरूप समुदायमा उनीहरूले देखेका परिवर्तनका कथाहरू बाँडचुँड गर्दछन्।



यो विधि परिचित गराउने एउटा सजिलो उपाय भनेको परिवर्तन भएको घटना दर्शाउने खालका विभिन्न कथाहरू देखाउँदै पत्रपत्रिका जस्तो रूपक अलंकार प्रयोग गर्नु हो । त्यसपछि यो विधिले कसरी एउटा सानो समुदायमा काम गर्छ जसले यसलाई प्रयोग गर्न सक्छ र पछि सहजकर्ता बन्न सक्छ भनी एउटा ठूलो सामुदायिक भेलामा प्रष्ट्याउनुहोस् ।



तल दिइएको प्रश्न समूहलाई सोध्नुहोस् र उनीहरूलाई एउटा यस्तो कथा सोच्न लगाउनुहोस् जसले कुनै अर्थपूर्ण परिवर्तन प्रष्ट गर्दछ ।




यदि सम्भव भएमा व्यक्त गरिएका प्रत्येक कथाहरू कसैलाई जस्ताको तस्तै लेख्न लगाउनुहोस् । एउटा व्यक्तिले उनीहरूको कथा भनेर सिध्याएपछि सम्पूर्ण समूहलाई सो कथाको शीर्षक के हुन सक्छ भनी निर्णय गर्न लगाउनुहोस् र उनीहरू किन त्यो कथा अर्थपूर्ण छ भनी सोच्छन् भन्ने विषयमा केही बुँदाहरूमाथि सहमति जनाउन लगाउनुहोस् । ती कुराहरू लेख्नुहोस् ।



ती कथाहरू व्यक्तिगत अन्तरवार्ताहरूबाट वा समूहबाट सङ्कलन गर्न सकिन्छ। समूहको एउटा फाइदा यो पनि हो कि एउटा कथाले अरू कथाहरूको समूहलाई झल्काउँछ।

एकपटक सबै कथाहरू भनेर सिध्याएपछि र कार्डहरूमा लेखिसके पछि उनीहरूको विचारमा सबै भन्दा बढी परिवर्तन झल्काउने तीनदेखि पाँचवटा कथाहरू छान्न समूहलाई प्रेरित गर्नुहोस्। केही अवस्थाहरूमा प्रत्येक सामुदायिक परियोजनाको लागि यो क्रियाकलाप गर्न उपयुक्त हुन्छ। सामुदायिक परियोजनाको चुनौतिहरू तथा नकारात्मक पक्षहरूको बारेमा भएको कथाहरूको सङ्कलन हुनु पनि उपयोगिसिद्ध हुनसक्छ।



### ग) चित्रहरू

यो सहजकर्ताको निर्देशिकामा चित्रहरूसँग हाम्रो समुदायको उत्सव मनाउने क्रियाकलाप जस्तै हो तर तपाईले परियोजनाको जीवनमा र यसले चित्र कोर्ने कामद्वारा के गरेको छ भन्ने विषयमा ध्यान केन्द्रित गर्नुहोस्। त्यसपछि ती चित्रहरू तुलना गरिन्छ र के साझा विषयहरू छन्, सकारात्मक र नकारात्मक दुवै, भनी थाहा पाउन छलफल गरिन्छ।



### घ) कोष्ठ विश्लेषण औजार

यो औजारको उद्देश्य भनेको कसरी कुनै विशेष क्रियाकलाप वा परियोजना सकियो र भविष्यमा यसलाई अझ असल बनाउन के-के कुराहरूमा ध्यान दिनुपर्छ भनी पुनरावलोकन गर्नु हो ।

**अत्यावश्यक चरणहरू :**

१. समूहलाई स-साना समूहहरूमा विभाजन गर्नुहोस् । यदि तपाईले समूहलाई त्यो क्रियाकलापमा उनीहरूले खेल्ने विभिन्न भूमिकाहरूको आधारमा समूह विभाजन गर्नुभयो भने त्यो सबैभन्दा प्रभावकारी हुन्छ ।

२. प्रत्येक समूहलाई उनीहरूले परियोजना कसरी सकियो भनी सोच्छन् सो कुरालाई सबैभन्दा राम्रो तरिकाले प्रतिनिधित्व गर्ने खालको यातायातको साधनको रूपमा चित्र कोर्न लगाउनुहोस् ।

३. प्रत्येक समूहलाई सबल पक्षहरू, दुर्बल पक्षहरू, अवसरहरू र धम्कीहरू लेखिएका रंगिन कार्डहरू दिनुहोस् । परियोजनको बारेमा उनीहरूको टिकाटिप्पणीहरू उपयुक्त कार्डहरूमा लेख्न लगाई उनीहरूको विचार तथा मतहरूको बारेमा दिमाग खियाउन लगाउनुहोस् ।

४. प्रत्येक समूहलाई उनीहरूले बनाएको यातायतको रूप अंकित चित्र र कोष्ठ विश्लेषण सम्पूर्ण समूहको माझमा प्रस्तुत गर्न लगाउनुहोस् ।

५. समूहको रूपमा रहेर साझा विषयहरूको बारेमा छलफल गर्नुहोस् र कागजको ठूलो ताउमा लेख्नुहोस् ।

६. परियोजनामा सुधार ल्याउन आवश्यक पर्ने छोटो अवधिका कार्यकलापहरू बारे छलफल गर्नुहोस् । (आगामी ६ महिनाको)

७. परियोजनामा सुधार ल्याउन आवश्यक पर्ने लामो अवधिका कार्यकलापहरू बारे छलफल गर्नुहोस् । (आगामी १२-१८ महिनाको)

८. अभ्यासमा विशेष जोड दिइएको विषयमा प्राप्त उपलब्धिहरूको लागि खुशीयाली मनाउनुहोस् ।



कोष्ठ विश्लेषण औजारको प्रयोग सम्बन्धि एउटा सानो सामुदायिक संङठन (आमाहरूको सङ्घ) को उदाहरण

| | |
|---|---|
| **सबल पक्षहरू**<br><br>समूहको रूपमा राम्रो काम गर्नु<br>सामुदायिक आवश्यकताहरूको बारेमा राम्रो समझदारी हुनु<br>सङ्कष्टमा जवाफदेही हुन सधै तयार रहनु<br>राम्रो प्रकारको विवेकशक्तिको लहर<br>बाइबल अध्ययनको प्रति समर्पित<br>एकअर्काको आवश्यकताहरूमा मेल<br>उदेकपूर्ण गायन समूह | **दुर्बल पक्षहरू**<br><br>संङ्गठनात्मक सीपहरू<br>वित्तिय प्रणालीहरू<br>फाईलिङ्ग<br>धेरै गफ गर्नु |
| **अवसरहरू**<br><br>अनाथहरूको परियोजनामा क्याथोलिक चर्चसँग साझेदारीमा काम गर्नु<br>अन्तर-साम्प्रदायिक गायन कार्यक्रममा प्रस्तुति<br>प्रत्येक सदस्यहरूको गाउँमा एच आई भी लागेकाहरूसँग बसिरहेका मानिसहरूको लागि सकारात्मक जीवनशैली सम्बन्धि कार्यक्रम सुरुवात गर्नु | **धम्कीहरू**<br><br>विभिन्न जातिहरू बिचमा नागरिक संघर्ष<br>खराब कटनी<br>खराब स्वास्थ्य<br>मण्डलीभित्रैबाट प्रतिस्पर्धासम्बन्धि आवश्यकताहरू |



### ङ) समयरेखाको प्रयोगद्वारा गरिने मूल्याङ्कन

यो औजारको उद्देश्य परियोजनाको सुरुवातदेखिको पुनरावलोकन गर्नु तथा यसको उच्च र निम्न विन्दुहरू तथा उपलब्धिहरूको लेख राख्नु हो । यो काम पूरा गर्न लगभग एक घण्टा लाग्छ ।

यसको लागि तपाईलाई कागजको ठूलो ताउहरू एकसाथ टाँसेर बनाइएको एउटा लामो ताउ र मार्कर पेनहरू चाहिन्छ ।

**अत्यावश्यक चरणहरू :**

१. पेपरलाई टेबलमाथि अथवा भुइँमा राखेर बेर्नुहोस् र पेपरको एक छेउले परियोजनाको सुरुवातलाई प्रतिनिधित्व गर्दछ भनी स्पष्ट पार्नुहोस् ।

२. यो विन्दुदेखि हालसम्मको लागि समूहले एउटा रेखा खिच्छन् । यो काम गर्दा उनीहरूले त्यो समयावधिको सकारात्मक तथा नकारात्मक दुवै सम्मिलित प्रमुख घटनाहरूमा चिन्ह लगाउनु आवश्यक हुन्छ ।

३. सकारात्मक तथा नकारात्मक अनुभवहरूलाई दर्शाउन समूहलाई चित्रमा कोर्न अथवा देखाउन उत्साह दिनुहोस् ।

४. रेखा कोर्ने काम सकिएपछि समूहलाई सकारात्मक तथा नकारात्मक अनुभवहरूप्रति के-के कुराले योगदान पुऱ्यायो भन्ने बारेमा छलफल गर्न उत्साह दिनुहोस् । उनीहरूले सिकेका कुराहरू बुझ्न र आगामी परियोजनामा के-के कामहरू भिन्न तरिकाले गर्नलागेका छन् भनी निश्चय गर्न उनीहरूलाई सोध्नुहोस् ।

मण्डली र समुदायको लागि भिन्दा-भिन्दै अथवा संयुक्त समय रेखाहरू प्रयोग गर्न सकिन्छ । छलफलको अन्त्यमा, प्रभुले के गरिरहनुभएको छ भन्ने कुराको झलक देखाउने र केही प्रार्थना गर्ने व्यक्तिहरूलाई निम्त्याउनु राम्रो अवसर हुन सक्छ ।



### च) नक्साङ्कनको प्रयोगद्वारा गरिने मूल्याङ्कन

यो औजार प्रयोग गर्नुको उद्देश्य समुदायमा के-के ठुला परिवर्तनहरू भएका छन् भनी पत्ता लगाउनु हो । यो काम सम्पन्न गर्न लगभग ३० मिनेट लाग्छ ।

यसको लागि तपाईलाई पेपरको ठुला-ठुला टुक्राहरू र मार्कर पेनहरू आवश्यक पर्छ ।



**अत्यावश्यक चरणहरू :**

१. सहभागीहरूलाई सात वा आठ जनाको समूहमा विभाजन गर्नुहोस् ।

२. प्रत्येक समूहलाई पेपरको एउटा ठुलो टुक्रा दिनुहोस् र सम्बन्धित क्षेत्रको नक्सा, बाटोहरूको चिन्ह, प्रमुख विशेषताहरू र असल क्षेत्रहरूको नक्सा कोर्न लगाउनुहोस् ।

३. प्रक्रिया सुरु भएदेखि ती क्षेत्रमा के-के ठुला परिवर्तनहरू भए भन्नेबारेमा समूहलाई चिन्तन् मनन् गर्न र त्यसलाई नक्सामा कोर्न लगाउनुहोस् । कुन-कुन परिवर्तनहरू उक्त प्रक्रियाको परिणाम स्वरूप देखा परेका हुन् भनी छलफल गर्न लगाउनुहोस् ।

४. उनीहरूले सोचेका ठुला परिवर्तनहरू कुन-कुन हुन् भनी छुट्याउन प्रत्येक समूहसँग चार-चार मतहरू हुन्छ ।

५. प्रत्येक समूहलाई पृष्ठपोषण प्रदान गर्न र त्यसका परिणामहरू नक्सामा उल्लेख गर्न लगाउनुहोस् ।

६. यदि सम्भव भए, सम्पूर्ण समूहलाई अरू नक्साहरूबाट प्राप्त पृष्ठपोषणको संक्षिप्त जानकारी दिने खालको एउटा नक्सा कोर्न उत्साह दिनुहोस् ।

# ६. ‘सँगसँगै’ कार्यक्रमको परिमार्जन तथा विस्तार



# 'सँगसँगै' कार्यक्रमको परिमार्जन तथा विस्तार

## परिचय

व्यक्तिगत, मण्डली तथा सामुदायिक जीवनमा 'सँगसँगै'ले नाटकीय ढंङ्गले प्रभाव पार्न सक्छ । 'सँगसँगै'लाई सहजीकरणगर्ने ख्रीष्टिय संङ्गठन वा ख्रीष्टिय सम्प्रदाहरूबाट राम्रो समर्थन, समर्पणता तथा विशेष ध्यान प्रदान गर्दा यसको बृद्धि हुन सक्छ ताकि सयौं मण्डलीहरू तथा उनीहरूको समुदायहरू यस प्रक्रियामा कटिबद्ध रूपमा संलग्न हुने हुनाले सम्पूर्ण जिल्लाहरू, क्षेत्रहरू तथा पुरै राष्ट्रमा पनि यसले नाटकीय ढंगले प्रभाव पार्न सक्छ । यसको प्रमुख कारण दर्शनको मुटुमा, संर चनामा र संङ्गठनको विचारमा 'सँगसँगै' स्थापति गर्नु हो ।



यो हुनको लागि, 'सँगसँगै'लाई सहजीकरण गर्ने संङ्गठनले (चाहे मण्डली सम्प्रदाय होस् वा कुनै ख्रीष्टिय संङ्गठन) तल दिइएको प्रमुख क्षेत्रहरू खोज्नु आवश्यक हुन्छः

१. संङ्गठनको वरिष्ठ नेतृत्वलाई पूर्ण रूपमा स्वीकार गर्न र 'सँगसँगै'को नेतृत्व गर्नको लागि सहायता गर्ने ।
२. 'सँगसँगै'को वृद्धिमा सहयोग पु¥याउन मण्डली तथा संङ्गठनात्मक संरचनाहरूमा समायोजन गर्ने ।
३. स्थानीय मण्डलीको अगुवाहरूलाई 'सँगसँगै'सँग सम्मिलित हुनु भनेको उनीहरूको सेवकाईको एक अभिन्न अंग हो भनी बुझ्न सहायता गर्ने ।
४. सहजकर्ताहरूलाई तालिम प्रदान गर्न योग्य थुप्रै मानिसहरू तयार गर्ने ।
५. सहजीकरण 'सँगसँगै' समुदायहरूसम्म पु¥याउने ।
६. विशेष संदर्भमा 'सँगसँगै'को समायोजन गर्ने ।

## १. संङ्गठनको वरिष्ठ नेतृत्वलाई पूर्ण रूपमा स्वीकार गर्न र 'सँगसँगै'को नेतृत्व गर्नको लागि सहायता गर्ने ।

पुस्तकको सुरुमै हामीले मण्डलीका वरिष्ठ अगुवाहरूलाई 'सँगसँगै'को लागि दर्शन पक्रन र त्यसपछि अरूहरूलाई त्यो दर्शनमा देख्न कसरी सहायता गर्ने भनी पत्ता लगाई सक्यौं । उल्लेख्य रूपमा 'सँगसँगै' समुदायहरूको सङ्ख्या वृद्धि गर्न वरिष्ठ अगुवाहरूले 'सँगसँगै'प्रति समर्पित तथा चित्रित हुनबाट आफैं उनीहरूको संङ्गठनभित्रै यसको मालिक तथा अगुवा बन्न अग्रसर हुनु आवश्यक छ ।

यहाँ केही यस्ता उपायहरू दिइएका छन् जसमा तपाईले उनीहरूलाई यसो गर्न सहायता पुऱ्याउन सक्नुहुन्छ :

**१. उनीहरूलाई सुरुका 'सँगसँगै' मण्डलीहरू तथा समुदायहरूको मूल्याङ्कनमा सहभागी गराउनुहोस् ।**

यो 'सँगसँगै'को प्रभावबारे मूल्याङ्कन तथा विश्लेषणको लागि निर्दिष्ट समय दिन उनीहरूलाई मद्दत पुऱ्याउने एउटा भरपर्दो उपाय हुन सक्छ । यसले उनीहरूलाई कार्यक्रम तथा संङ्गठनको भावी मार्गदर्शनको लागि यसको उपयोगिताहरूको बारेमा विचार गर्न सहयोग पुऱ्याउँछ ।

**२. समुदायहरूमा उनीहरूलाई पुनःचित्रण गर्न के-के भइरहेको छ भनी हेर्न उनीहरूलाई लैजानुहोस् ।**

यदि वरिष्ठ अगुवाहरूलाई मूल्याङ्कन प्रकियामा सम्मिलित गराउन गाह्रो भए उनीहरूलाई 'सँगसँगै' मण्डली तथा समुदायहरूमा भेटघाटको लागि लाने काम गर्न सजिलो हुन सक्छ । के-के भइरहे को छ भन्ने कुरा हेर्ने र समुदायका सदस्यहरूबाट रूपान्तरणका कथाहरू सुन्ने काम गर्नाले उनीहरूको मण्डली वा संङ्गठनको 'सँगसँगै'प्रतिको समर्पणतालाई व्यवस्थित गर्ने र समर्थन जनाउने उनीहरूको ईच्छामा ठूलो परिवर्तन ल्याउन सक्छ ।

**३. मण्डली वा संङ्गठनको उद्देश्य तथा दर्शन र 'सँगसँगै'बाटको सिकाइको प्रकाशमा यसका विभिन्न विभागहरूको पुनःमूल्याङ्कन गर्न उनीहरूलाई उत्साह दिनुहोस् ।**

'सँगसँगै'ले मण्डली विकासको काम र मण्डलीमा गोठालोपनको काममा पनि विल्कुलै फरक धार को तरिका (विधि) प्रदर्शन गर्न सक्छ । 'सँगसँगै' सिद्धान्त जस्तैः- सहभागिता, आधिकारिकता, मण्डलीको सुरुवात हुनु र भरण पोषण आदिको प्रकाशमा सम्पूर्ण सम्प्रदाय वा मण्डलीको उद्देश्य पुनःमूल्याङ्कन गर्नाले केही हदसम्म नाटकीय ढंगले परिवर्तन गराउन अग्रसर गर्न सक्छ ।

**४. उनीहरूको पूर्वनियोजित योजना तथा श्रोत साधनको व्यवस्थापनको प्रमुख भागको रूपमा 'सँगसँगै'लाई समावेश गर्न उत्साह दिनुहोस् ।**

प्रायजसो 'सँगसँगै' कार्यक्रमहरू वाह्य दाताद्वारा प्रायोजित, संङ्गठनको विकास विभागको एक छेउमा बाँधिएको एउटा सानो परियोजनाको रूपमा सुरुवात गर्न सकिन्छ । तरपनि, यसलाई संङ्गठनको जीवन-रगतको एक भाग बन्नको लागि वरिष्ठ अगुवाहरूलाई कसरी आफुले 'सँगसँगै'लाई मण्डली वा संङ्गठनको मुख्य कार्य योजनामा सम्मिलित गराउन सकिन्छ र उनीहरूको आफ्नो श्रोत साधनको व्यवस्थापन गर्दै प्राथमिकतामा राख्ने काम सुरु गर्न सकिन्छ भन्ने कुराको विचार गर्न सहयोग गर्नु अत्यावश्यक हुन्छ ।



## २. 'सँगसँगै' वृद्धिको लागि सक्षम बनाउन मण्डली तथा संङ्गठनात्मक संरचनाहरूमा समायोजन गर्ने ।

जब वरिष्ठ अगुवाहरू पूर्ण रूपमा तयार हुन्छन् र 'सँगसँगै'को नेतृत्व गर्न थाल्छन् , उनीहरू 'सँगसँगै' कार्यक्रमको वृद्धि तथा विकासको लागि सक्षम छन् कि छैनन् भनी थाहा पाउन संस्था (चाहे यो खीष्टिय संङ्गठन होस् वा खीष्टिय सम्प्रदाय) को वर्तमान संरचनाहरू निर्धारण गर्नु महत्त्वपूर्ण हुन्छ ।

धेरैजसो साम्प्रदायिक मण्डलीहरूमा विकास विभाग र मण्डली सेवा विभाग छुट्टाछुट्टै हुन्छ। यस्तो अवस्थाहरूमा, 'सँगसँगै' व्यवस्थापनको लागि को उत्तरदायी हुनुपर्छ भन्ने सन्दर्भमा गहिरो ध्यानाकार्षण हुनुपर्छ ।

एउटा साम्प्रदायिक मण्डलीभित्र 'सँगसँगै' विस्तार गर्नको लागि दुई वटा तरिकाहरू मध्ये कि त यसलाई मण्डलीको विकास विभाग अन्तर्गत राख्नुपर्छ या मण्डली सेवकाई विभाग अन्तर्गत राख्नुपर्छ ।



मण्डली विकास विभाग





मण्डली सेवकाई विभाग

तल दिइएको टेवलले यी विभागहरूद्वारा कार्य गर्दा हुने केही फाइदा तथा बेफाइदाहरूको रूपरेखा देखाउँछ ।

| तरिका | फाइदाहरू | बेफाइदाहरू | टिप्पणी |
|---|---|---|---|
| विकास विभाग अन्तर्गत 'सँगसँगै' | विकास विभागलई स्थानीय मण्डलीहरूसँग बलियो सम्बन्ध गाँस्न सहायता गर्दछ ।<br><br>'सँगसँगै'ले विकास विभागबाट थुप्रै प्राविधिक सहायता जुटाउन सक्छ (जस्तैः- स्वास्थ्य, खाने पानी तथा सरसफाई, कृषि, आय वृद्धि)। | दाताहरूबाट धेरै आर्थिक सहायता भएको एउटा अर्को श्रोत साधनको रूपमा ग्रहण गर्नु ।<br><br>केही पादरीहरूद्वारा यसलाई स्थानीय मण्डलीबाट धेरै टढाको विषयवस्तुको रूपमा ग्रहण गर्नु । | 'सँगसँगै' कार्यक्रमलाई अर्थपूर्ण रूपमा विस्तार गर्ने प्रतिबद्धता लिएका केही साम्प्रदायिक मण्डलीहरूले यसलाई उनीहरूको विकास विज्ञहरूको सबैभन्दा उपयोगी माध्यम हो भनी निश्चय गरेका छन् र उनीहरूको अन्य क्षेत्रगत विशेष विकासका क्रियाकलापहरूलाई कम प्राथमिकतामा राख्न सुरु गरेका छन् । |
| सेवकाई विभाग अन्तर्गत 'सँगसँगै' | 'सँगसँगै'लाई स्थानीय मण्डलीको सेवकाईको र जीवनको अझै महत्त्वपूर्ण हिस्सा बनाउँछन् ।<br><br>अझ धेरै स्थानीय मण्डली र मण्डलीका अगुवा्को सहायता गर्ने प्रवृतिमा वृद्धि । | प्राविधिक सहायता सुरु गर्न धेरै कठिन हुन सक्छ ।<br><br>सेवकाई विभागद्वारा दाताहरूसँगको सम्बन्ध वा सम्पर्कको अभावमा श्रोत कोष खडा गर्न धेरै कठिन हुन सक्छ । | केही मण्डली सम्प्रदायको सन्दर्भमा 'सँगसँगै' कार्यक्रमको थालनी विकास विभाग अन्तर्गत नै भयो तर जब वरिष्ठ नेतृत्ववर्गबाट कार्यक्रम विस्तार को निर्णय भयो उनीहरूले यसलाई मण्डलीको एउटा सेवकाई विभाग अन्तर्गत समेट्न पुग्यो । |

एशियाली सन्दर्भका केही अवस्थाहरूमा, 'सँगसँगै' एउटा स्थानीय समुदायमा आधारित संस्थाद्वारा मात्रै सञ्चालन हुन सक्छ ।

### क्षेत्रिय तहका 'सँगसँगै' संयोजकहरू

जब 'सँगसँगै' कार्यक्रमले विस्तारित रूप लिन्छ, एक जना 'सँगसँगै' कार्यक्रम संयोजकले सबै सहजकर्ताहरूलाई तालिम दिने तथा व्यवस्थापन गर्ने काम सम्भव हुँदैन । यसको लागि केही निश्चत क्षेत्रमा सहजकर्ताहरूसँग काम गर्ने बोझ भएका स्थानीय वा क्षेत्रीय स्तरका संयोजकहरूको आवश्यकता पर्छ ।



क्षेत्रीय स्तरका संयोजकहरूको व्यवस्थापनको लागि सम्भाव्य संरचना युगाण्डाको एउटा साम्प्रदायिक मण्डलीद्वारा श्रृजना गरिएको हो । क्षेत्रीय स्तरका कार्यक्रम संयोजकहरूको रेखीय व्यवस्थापन राष्ट्रिय स्तरका 'सँगसँगै' कार्यक्रम संयोजकद्वारा गरिने भएतापनि मण्डलीका क्षेत्रीय कार्यालयहरूमा आधारित हुन्छ र अन्य क्षेत्रका मण्डलीका कर्मचारीहरूसँग दैनिक सम्पर्क भइरहेको हुन्छ । यसको मतलब उनीहरू ती प्रमुख क्षेत्रीय वैठकहरूमा संलग्न हुन्छन् जहाँ उनीहरूले 'सँगसँगै' प्रवर्दन गर्न सक्छ र वरिष्ठ क्षेत्रीय नेतृत्ववर्गसँग नियमित तवरले भेटघाट गर्न सक्छ । त्यही परिस्थितिमा, उनीहरू अझै उनीहरूको काममा दक्ष ज्ञान हासिल गरेका केही विशेषज्ञद्वारा प्रबन्धन गरिएका हुन्छन् ।

### मुख्य कार्यकर्ताहरूको सहारा तथा वृद्धि

'सँगसँगै'ले मानिसहरूलाई अझै शक्तिशाली बनाउने तथा आत्म विश्वास र नयाँ सीपहरू दिने काम गर्छ । तसर्थ, 'सँगसँगै' कार्यक्रम संयोजकहरूलाई उनीहरूको मण्डली वा सम्प्रदायमा मुख्य व्यक्तिको रूपमा देखिनु तथा अरू कार्यहरूको लागि उत्साहित देखिनुमा आश्चर्य मान्नु पर्दैन । उनीहरूको प्रस्थानले 'सँगसँगै' कार्यक्रमलाई चुनौति दिन सक्छ ।

सुरु देखि नै विभिन्न सम्प्रदाय तथा संङ्गठनहरूले काम छोडेर अन्यत्र जानेहरूको रिक्त स्थानमा नयाँ व्यक्ति प्रतिस्थापन गर्न नयाँ नेतृत्वको विकास कसरी गर्ने भनी विचार गर्नु आवश्यक छ । तिनीहरूको दृष्टिमा 'सँगसँगै' कार्यक्रमको कौशलता कस्तो छ भनी बुझ्नु पनि आवश्यक छ । यदि मण्डलीका अगुवाहरूले यसलाई मुख्य रूपमा लिन्छन् भने उनीहरूले कार्यकर्ताहरूले 'सँगसँगै' छोडेर अन्य नयाँ भूमिकामा प्रतिस्थापित हुन अघि नै होशियारी पूर्वक विचार पुऱ्याउनु आवश्यक हुन्छ ।



### ३. स्थानीय मण्डलीको अगुवाहरूलाई 'सँगसँगै'सँग सम्मिलित हुनु भनेको उनीहरूको सेवकाईको एक अभिन्न अंग हो भनी बुझ्न सहायता गर्ने ।

यदि स्थानीय मण्डलीका अगुवाहरूले 'सँगसँगै'लाई उनीहरूको सेवकाईलाई सुचारु रूपले सञ्चालन गर्न सहायता पुऱ्याउने एउटा मुख्य माध्यमको रूपमा लिन्छन् भने यसले 'सँगसँगै'लाई कुनै एउटा भौगोलिक क्षेत्र अथवा सम्प्रदाय भन्दा परसम्म विस्तार गर्न एकदमै ठूलो मद्दत पुऱ्याउँछ । तर, यदि स्थानीय मण्डलीका अगुवाहरूद्वारा 'सँगसँगै'लाई खालि एउटा विकास विभाग वा ख्रीष्टिय संघ-संस्थाको प्रारम्भिक कृत्य, जसमा उनीहरूलाई सहभागी हुनको लागि बोलाईन्छ, को रूपमा मात्र लिईन्छ भने 'सँगसँगै'को विस्तार सधैं सिमित वा सङ्कुचित हुन पुग्छ ।




तर, जहाँ 'सँगसँगै'लाई मण्डलीका अगुवाहरूद्वारा उनीहरूको मण्डली तथा समुदायमा रूपान्तरण वा परिवर्तन वाहकको रूपमा हेरिन्छ, जसले मण्डलीलाई दिने तथा समर्पण गर्ने काममा वृद्धि गर्न सहायता गर्ने, मण्डलीका सेवाहरूमा सक्रिय हुन मण्डलीका सदस्यहरूलाई सबल पार्ने तथा उत्साहित तुल्याउने, र मण्डलीलाई समुदायको जीवनमा एउटा स्पष्ट र महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सहायता गर्ने काम गर्दछ भने त्यहाँ 'सँगसँगै' सुरुवात गर्न चाहने स्थानीय मण्डलीका अगुवाहरूको कहिल्यै खाँचो पर्दैन ।

स्थानीय मण्डलीका अगुवाहरूलाई यो दर्शन समात्न सहायता गर्ने केही तरिकाहरू:

**१. अघिबाटै 'सँगसँगै' सञ्चालन भइरहेको मण्डली तथा समुदायहरूमा स्थानीय मण्डलीका अगुवाहरूलाई भ्रमण गर्ने व्यवस्था मिलाउनुहोस् ।**

हामीले अगाडि नै यस्ता भ्रमणहरू मानिसहरूलाई उत्प्रेरणा जगाउन कति प्रभावकारी हुन्छ भनी चर्चा गरिसकेका छौं (कृपया पृष्ठ सङ्ख्या १९ मा हेर्नुहोस्) । यदि यस्ता भ्रमणहरूलाई स्थानीय मण्डलीका अगुवाहरूले के-के देखे, सुने र सिके जस्ता कुराहरूको प्रभाव झल्काउन र उनीहरूले त्यसको प्रतिक्रिया कसरी व्यक्त गर्न सक्छन् भन्ने कुरा उजागर गर्न मद्दत गर्ने खालको कार्यशालाद्वारा अनुगमन गरियो भने यसले अझ व्यापक रूपमा मण्डलीहरूलाई उनीहरूको समुदायहरूमा 'सँगसँगै' सुरु गर्नको लागि उत्साह दिन मद्दत पुऱ्याउन सक्छ ।

**२. 'सँगसँगै'मा सम्मिलित स्थानीय मण्डलीका अगुवाहरूलाई उनीहरूका कथाहरू क्षेत्रिय मण्डली भेलाहरूमा बाँडचुँड गर्न उत्साह दिनुहोस् ।**

जब स्थानीय मण्डलीका अगुवाहरूले 'सँगसँगै'द्वारा अरू मण्डलीहरूमा के भएको रहेछ भनी सुन्छन्, तब यो कुराले उनीहरू आफैंलाई त्यसमा सम्मिलित हुन उत्प्रेरित गराउँछ ।



**३. 'सँगसँगै' मण्डली तथा समुदायहरूलाई छिमेकी समुदायहरूसम्म "यो कुरा पुऱ्याउन" उत्साहित तुल्याउनुहोस्**

जसै कुनै एउटा मण्डली वा समुदायले 'सँगसँगै' सुरु गर्छ, छिमेकी समुदायहरूले यसको सकारात्मक प्रभाव नियाल्न थाल्छ र आफैंले पनि यो काम गर्ने ईच्छा राख्छन् । 'सँगसँगै' मण्डली तथा समुदायलाई उनीहरूले हासिल गरेको ज्ञान तथा अनुभव बाँड्न सहायता गर्नु नै 'सँगसँगै' समुदायहरूको सङ्ख्या तीब्र गतिमा बढाउने एउटा सजिलो र छिटो उपाय हो ।

**४. 'सँगसँगै'को प्रवर्दन गर्न "उत्कृष्ट व्यक्तिहरू" पहिचान गर्नुहोस् ।**

केही सन्दर्भहरूमा, 'सँगसँगै' प्रवर्दन गर्न सक्रिय कुनै प्रभावकारी ख्रीष्टियन अगुवा हुनु एकदमै प्रभावकारी हुन्छ, चाहे त्यो उनीहरू सहभागी हुने सभा होस् , वा सेवाहरू जहाँ उनीहरूले प्रवचन दिन्छन् । 'सँगसँगै'द्वारा रूपान्तरण भएका समुदायहरू हेर्न उनीहरूलाई व्यक्तिगत भ्रमणमा लाने, र नियमित ताजा जानकारीहरू दिने काम गर्नाले उनीहरूलाई बुद्धिमत्तापूर्ण ढंगले बोल्न सक्षम बनाउँछ ।



त्यसैगरी, थुप्रै स्थानीय मण्डलीका अगुवाहरूको जिम्मेवारी वहन गरिरहेका क्षेत्रिय मण्डलीका अगुवाहरूलाई 'सँगसँगै'को समर्थन तथा प्रवर्दन गर्न उत्साहित तुल्याउनु पनि ज्यादै प्रभावकारी हुनसक्छ ।

**५. सञ्चार माध्यम मार्फत 'सँगसँगै'को प्रसारण**

'सँगसँगै' समुदायहरूमा के भइरहेको छ भन्ने घटनाहरू समेटिएको कथाहरू बाँड्न सञ्चार माध्यमको प्रयोग गर्नाले व्यापक श्रोताहरूमाझ पुग्न र कार्यक्रमलाई विश्वसनीयता दिलाउन सहायता मिल्छ । यस्तो सञ्चार माध्यमहरू क्षेत्रिय मण्डली समाचारपत्रहरू देखि लिएर राष्ट्रिय पत्रपत्रिकाहरू र रेडियो कार्यक्रमहरू पनि हुन सक्छ । यस्तो सञ्चार प्रयोगले उनीहरूले हासिल गरिरहेका प्रगतिहरू अर्थात सफलताको अनुभव गर्न सहायता गर्दै समुदायहरू आफैंलाई ज्यादै उत्साहित तुल्याउँछ ।

तथापि, निस्संदेह, राजनैतिक, जातीयता वा धार्मिक संवेदनशीलताको सन्दर्भमा सम्भाव्य खतराहरूप्रति सञ्चार प्रसारणको महत्त्व मूल्याङ्कन गरिनु आवश्यक छ ।

## ६. धर्मशास्त्रीय कलेजहरूलाई मण्डलीका अगुवाहरूको लागि दिईने तालिमको पाठ्यांशको रूपमा 'सँगसँगै' शिक्षण गर्न उत्साह दिने

केही सम्प्रदायहरूले 'सँगसँगै'लाई पाठ्यांशको रूपमा उनीहरूको धर्मशास्त्रीय कलेजको पाठ्यक्रममा समावेश गरेका छन् । उनीहरूले सबै विद्यार्थीहरूलाई 'सँगसँगै'को सिद्धान्त तथा प्रयोग, बाइबलीय आधारहरू शिक्षण गर्दछन् । यसको अर्थ सबै नयाँ अगुवाहरू उनीहरूको मण्डलीहरूमा 'सँगसँगै' सहजीकरण गर्न योग्य हुन्छन् । जहाँ ती मानिसहरूलाई तालिम दिईन्छ जो अघिबाटै मण्डलीका अगुवाको रूपमा काम गरिरहेका छन् , त्यहाँ यो फाइदा हुन्छ की तिनीहरूले तालिमबाट सिकेका कुराहरूलाई तत्कालै प्रयोग गर्न सक्दछन् ।

## ४. कसरी 'सँगसँगै' सहजकर्ताहरूको लागि प्रशिक्षक तयार गर्ने

जति धेरै मण्डलीहरू तथा समुदायहरूले 'सँगसँगै'मा चाख लिन्छन, त्यति नै धेरै सहजकर्ताहरूको आवश्यकता पर्न थाल्छ । यो मागलाई ध्यानमा राख्दा, एक जना व्यक्तिले सबै तयारी, तालिम तथा सहजकर्ताहरूको अनुगमन गर्नु त्यति व्ययहारिक तथा सम्भव हुँदैन । नयाँ सहजकर्ताहरूलाई तालिम प्रदान गर्ने कामको लागि अरू केही व्यक्तिहरूलाई प्रशिक्षण दिनुपर्ने हुन्छ ।

यी "सकजकर्ताहरूका प्रशिक्षकहरू" साधारणतया सहजकर्ताहरूको पहिलो समूहमध्येबाट नै ती व्यक्तिहरू चुनिनु पर्छ, जसले विशेषतः उक्त प्रक्रियाप्रति उपयुक्त समझदारी देखाएका छन् र अरूहरूलाई सहजीकरण गर्नसक्ने क्षमता राख्दछन् ।

यो कामको सुरुवात उनीहरूलाई सहजकर्ताको सहयोगी उपलब्ध गराएर गर्नु राम्रो हुन्छ (यदि उनीहरूसँग अघिबाटै त्यसको एक प्रति छैन भने) साथै यो पुस्तिकाको भाग ३ (कसरी सहजकर्ताहरूको भर्ती गर्ने र तालिम प्रदान गर्ने) र भाग ५ (कसरी सहजकर्ताहरूलाई प्रशिक्षण दिने र अनुगमन गर्ने) पनि उपलब्ध गराउनु वेश हुन्छ ।

यसको अतिरिक्त, तपाईले तल दिइएको कुराहरू सिकाउने कुरामा पनि विचार गर्न सक्नुहुन्छः

- प्रशिक्षणः (उदाहरणको लगि, कहिले प्रशिक्षण दिने, सहायक प्रशिक्षकको रूपमा सम्मिलित गराउने, र उनीहरूको प्रशिक्षण कार्य कस्तो भइरहेको छ भन्ने कुराको लागि पृष्ठपोषण प्रदान गर्ने)
- सहपाठीः (उदाहरणको लागि, उनीहरूको प्रशिक्षण कार्यशालाहरूमा उपस्थित हुने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने)
- उनीहरूलाई सहजीकरण सीप सम्बन्धी अरू थप तालिम प्रदान गर्ने । (उदाहरणको लागि, तपाई खम्बाहरूको सहजीकरण सीपहरू सम्बन्धी कार्य पुस्तिका प्रयोग गर्न सक्नुहुन्छ, अधिक जानकारीको लागि पृष्ठसङ्ख्या ११७ हेर्नुहोस्)



## ५. 'सँगसँगै' समुदायहरूमा भ्रमणलाई कसरी सहज बनाउने

'सँगसँगै'को व्यवहारिकता हेर्न समुदायमा गरिने भ्रमण, मानिसहरूमा प्रेरणा जगाउन र 'सँगसँगै'सँग आफैंलाई सम्मिलित गराउन उत्साहित गराउने एउटा प्रभावकारी माध्यम बन्न सक्छ ।

यहाँ केही यस्ता उपयोगी निर्देशनहरू उल्लेख गरिन्छः

### १. भ्रमणको लागि कुनै एउटा समुदाय चुन्नुहोस्

यसको उपुक्तता र अरूहरूको भ्रमणद्वारा सिक्न सकिने पाठको मूल्याङ्कन गर्नको लागि समुदायको भ्रमण गर्नुहोस् । समुदायको उपयुक्तता मूल्याङ्कन गर्दा सोधिने केही मुख्य प्रश्नहरू यस प्रकार छन् :

- के यो समुदायले 'सँगसँगै'को लागि प्रेरणदायी उदाहरण दिन्छ?
- के त्यहाँ यस्ता मण्डली तथा समुदायका सदस्यहरू छन् जसले उनीहरूको अनुभवहरूको बारेमा बताउने इच्छा राख्दछ?
- के त्यहाँ यस्ता मानिसहरू (जस्तैः- सहजकर्ता, स्थानीय मण्डलीका अगुवा अथवा स्थानीय संयोजक समूह) छन् जसले 'सँगसँगै' तरिकाको बारेमा व्याख्या गर्न तथा प्रश्न उत्तर दिन सक्छन्?
- के त्यहाँ नजिकैको क्षेत्रमा अरू 'सँगसँगै' समुदायहरू छन् ? यदि छन् भने, के ती मानिसहरू उक्त तरिकाले विभिन्न सन्दर्भहरूमा कसरी काम गरेको छ भनी हेर्न विभिन्न समुदायहरूमा भ्रमण गर्न सक्छन् ?
- के त्यहाँ भ्रमण गर्ने मानिसहरूको परिप्रेक्षमा 'सँगसँगै' समुदायहरूबाट सान्दर्भिक पाठहरू छन् ?
- के त्यहाँ यस्ता कारणहरू छन् जसले समुदायको लागि त्यो भ्रमण उपयोगी नहुन सक्छ भनी स्पष्ट पार्छ? के ती कारणहरूको बारेमा उक्त भ्रमण गर्नु पूर्व नै सम्बोधन गर्न सकिन्छ अथवा भ्रमणको लागि अर्कै समुदाय रोज्नुपर्छ?
- यदि त्यो भ्रपणले उनीहरूलाई उनीहरूको आफ्नु समुदायहरू अन्तर्गत 'सँगसँगै'मा सम्मिलित हुन उत्प्रेरित गराउँछ भने, के तपाईसँग ती सहभागीहरूको सहायताको लागि कुनै योजना छ ?
- तपाईले भ्रमणलाई ठीक तरिकाले सञ्चालन गर्न कसरी व्यवस्था गर्नुहुन्छ? यात्रा, भोजन तथा बस्ने ठाउँ जस्ता विषयहरूको बारेमा विचार गर्नुहोस् ।
- फ्रुण्डद्वारा भएको खर्च चुक्ता गर्नुको अतिरिक्त, ज्याला वा शुल्क चाहिन्छ कि चाहिदैन?

## २. पूर्व-भ्रमण कार्यशाला राख्नुहोस्

'सँगसँगै'को सिद्धान्तहरू पत्ता लगाउन भ्रमणमा सहभागी हुनेहरूको लागि एउटा पूर्व-भ्रमण कार्यशाला राखेर ती मानिसहरूलाई 'सँगसँगै' तरिकाको आधारभूत ज्ञान प्रदान गर्नु उपयोगीसिद्ध हुन सक्छ ।

कार्यशालाको समयावधिमा, सहभागीहरूलाई भ्रमण अघि र पछि दुवै अवस्थामा तिनीहरूलाई प्रतिविम्वित गर्ने खालको प्रश्नावलीहरूको सूची तयार गर्न मद्दत गर्नुहोस् । त्यसमा तल दिइएको यस्ता प्रश्नहरू समावेश गर्न सकिन्छः



- तपाईलाई केले प्रभावित पाऱ्यो?
- तपाईलाई केले आश्चर्यचकित पाऱ्यो?
- के त्यहाँ तपाईलाई मन नपरेको केही कुरा थियो?
- तपाईले के-के कुरा बुझ्नुभएन?
- उमाजाको सुरुवात कसरी भयो?
- 'सँगसँगै' संङ्गठनको भूमिका के थियो?
- समुदायको भूमिका के थियो?
- उक्त प्रक्रियाको प्रमुख चरणहरू के-के थियो?
- समुदायसँग काम गरिरहेकाहरूको सीपहरू के-के थिए?

## ३. भ्रमण अवधि

भ्रमणको समयावधिमा सहभागीहरूले मण्डली र समुदायबाट आएका थुप्रै किसिमका मानिसहरूलाई भेटघाट गर्ने काम गरे नगरेको निश्चय गर्नुहोस् । उदाहरणको लागि,समुदायका अगुवाजनहरू, मण्डलीका पाष्टर, मण्डलीका सदस्यहरू, महिला, केटाकेटी ई.को विचार सुन्नु सहभागीहरूको निमित्त हितकारी हुन्छ। केटाकेटीहरूको लागि उनीहरूको कुराहरू वयस्कहरूको माझमा व्यक्त गर्नु गाह्रो लाग्न सक्छ। त्यसैले, उनीहरूलाई आफ्नो यस्ता कुराहरू सुरक्षित ढंगले व्यक्त गर्ने सजिलो उपायहरू खोज्नु आवश्यक छ।



## ४. भ्रमण पश्चात

भ्रमण सकिने बित्तिकै (सम्भव भए, लगत्तै अर्को दिन), एउटा अर्को कार्यशाला राख्नुहोस् ताकि सहभागीहरूलाई उनीहरूले देखेका र सिकेका कुराहरूप्रति विचार गर्न तथा त्यसको फलस्वरूप अब के गर्ने भनी विचार गर्न मद्धत मिलोस् । यसलाई उनीहरूले कार्य योजनाको रूपमा लेख्न सक्नेछन् जुन पछि अरुहरूसँग बाँड्न सकिन्छ। यसको लागि प्रशस्त समय छुट्याउनु पर्छ। विचार व्यक्त गर्ने प्रक्रिया हतारमा गरिनु हुँदैन ।

यदि भ्रमणको उपलब्धिहरू नगुमाउने हो भने भ्रमण पश्चात उपुक्त अनुगमन गरिनु पनि एकदमै जरुरी छ। उदाहरणको लागि, तपाईले सहभागीहरूलाई भ्रमणको दुई महिना समयावधिका कार्ययोजनाहरूबारे बुझ्नको लागि सम्पर्क गर्न सक्नुहनेछ र सम्भव भएसम्म उनीहरूका योजनाहरू कार्यान्वयन गर्नको लागि मद्धत पुऱ्याउन सरसल्लाह तथा समर्थन जुटाइदिनु सक्नुहुन्छ ।

## ६. विशेष अवस्थामा 'सँगसँगै'को समायोजन

### परिचय

तपाईले कुन अवस्थामा 'सँगसँगै' प्रयोग गर्नुहुन्छ र यसलाई सुहाउँदो सामग्रीहरू के प्रयोग गर्नुहुन्छ, सो बारेमा राम्ररी विचार गर्नुपर्छ। सहजकर्ताको सहयोगी एउटा नीलो प्रतिलिपिको रूपमा लेखिएको होइन जसलाई सबैले अक्षरस पालन गर्नुपर्छ। यो आशा गरिन्छ कि प्रत्येक 'सँगसँगै' प्रयोग गर्ने समूहले यसलाई उनीहरूको आफ्नै नौलो अनुभवसँग मिलाएर एउटा नयाँ प्रक्रिया विकास गर्नेछन् जुन उनीहरूको त्यो अवस्थामा उनीहरूको निमित्त उपयुक्त हुन्छ।



उदाहरणको लागि, सहजकर्ताको सहयोगी पुस्तिकामा उल्लेख गरिएको 'सँगसँगै' उपागम, त्यो ठाउँमा जस्ताको तस्तै रूपमा प्रयोग हुन सक्छ, विशेष गरी कुनै एउटा गाउँ जहाँ मण्डली स्थापित भएको हुन्छ र त्यो समुदायको आदरयोग्य अंशको रूपमा रहेको हुन्छ। तथापि, त्यो प्रक्रियालाई शहरी क्षेत्रमा अथवा त्यो क्षेत्र जहाँ मण्डली आफैं पिछडिएको वा खेदोमा परेको छ, त्यहाँ राम्रोसँग प्रयोगमा ल्याउनको लागि त्यस प्रक्रियामा केही समायोजन गर्नुपर्छ।

यो खण्डमा, सबै परिस्थितिमा प्रयोग गर्न सकिने गरी 'सँगसँगै'को समायोजन कसरी गर्ने भन्ने बारेमा विस्तृत विवरण उपलब्ध गराउनुको सट्टा प्रयोगकर्ताहरूको अनुभवलाई केन्द्रित गरी दुई क्षेत्रमा वर्गीकरण गरिन्छ :

- ती परिस्थितिहरू जहाँ स्थानीय मण्डली पिछडिएको र कानुनी रूपले यस्ता कार्यकलापहरूको लागि प्रतिबन्ध लगाइएको हुन्छ।
- शहरी परिप्रेक्ष्य जहाँ "समुदाय" धेरै खण्डयुक्त हुन सक्छ।

यसले अन्य अवस्थाहरूमा पनि कसरी 'सँगसँगै' समायोजन गर्न सकिन्छ भन्ने बारेमा केही विचार दिन सक्छ।

## क) जहाँ मण्डलीले कानुनी बन्देजहरू खेप्नुपरेको हुन्छ, त्यहाँ कसरी 'सँगसँगै' प्रयोगमा ल्याउने



विश्वको धेरै ठाउँहरूमा त्यहाँका स्थानीय मण्डलीहरूले समाजमा गर्नसक्ने कामहरूप्रति कानुनी बन्देजहरू खेप्नु परेको छ । उदाहरणको लागि, ख्रीष्टियानहरूको लागि उनीहरूको विश्वास अरुहरूलाई बाँड्नु, अथवा अन्य कुराहरूमा विश्वास गर्नेहरूलाई ख्रीष्टियान धर्ममा परिवर्तन गर्नु गैरकानुनी हुन सक्छ । यस्तो पनि हुन सक्छ कि स्थानीय मण्डलीले सामाजिक कार्यमा सहभागी हुने अनुमति पाउँदैनन् ।

यस्तो अवस्थामा, तलका केही विधिहरू पछ्याउन सुझाव गरिन्छ :



गैससं (गैर सरकारी संस्था) को गठन

गैससंको सुरुवातदेखि नै यसको श्रोतसाधन तथा आर्थिक श्रोत स्थानीय मण्डली अथवा मण्डलीहरूद्वारा व्यवस्था गरिएको हुनुपर्छ । यसको आड वाह्य आर्थिक श्रोत हुनु हुँदैन र यो स्थानीय मण्डलीहरूप्रति उत्तरदायी हुनुपर्छ। कहिलेकाहिं गैससं स्थापना हुन्छ र पछि आफ्नै कामहरू फैलिदै गएर जुन मण्डलीद्वारा स्थापित भयो त्यही मण्डलीसँग सम्बन्ध क्षीण बन्दै जान्छ र मण्डली मार्फत नभई स्वयं आत्मनिर्भर हुन्छ। 'सँगसँगै' उपागममा यो कुरा महत्त्वपूर्ण हुन्छ कि गैससं स्थानीय मण्डलीद्वारा पोषित हुनुको साथै स्थानीय मण्डलीप्रति उत्तरदायी हुनुपर्छ किनकि यो सामुदायिक सेवाको लागि स्थानीय मण्डलीको साधन (गाडी) हो ।

गैससं स्थापना गर्न मण्डलीलाई तालिम दिंदा सहजकर्ताले ध्यान दिनैपर्ने तालिमको प्राथमिकताका विषयहरू यसको दायाँपट्टी देखाइएको छ ।




गैससंको कार्यकलाप संयोजनमा सहयोग गर्न चुनिएका मण्डलीका सदस्याहरूले निम्न तालिम लिनुपर्छ :

परियोजना चक्र व्यवस्थापन

कार्य सञ्जालका सीपहरू

सुपरिवेक्षण सीपहरू



दस्तावेज तयार तथा प्रतिवेदन

कार्यकौशलता योजना

सहभागीकरण सीपहरू तथा 'सँगसँगै'

तालिम तथा अभ्यास गराउने सीपहरू

सामाजिक गतिशिलताको लागि उत्प्रेरकको रूपमा नव स्थापित गैससं सँग 'सँगसँगै'को बाँकी चरणहरू वृहत रूपमा अपरिवर्तनीय ढंगले सञ्चालन हुन्छ। गैससंको भूमिकाको एउटा महत्त्वपूर्ण भाग भनेको मण्डली सुसुचित हुनुको साथै उक्त प्रक्रियामा सम्मिलित छन् भनी निश्चय गर्नु हो । मण्डलीसँग प्रत्येक चरणमा सहजकर्ताको पुस्तिका अनुसार बाइबल अध्ययन गर्न सकिन्छ र साथसाथै गैससं सदस्यहरूको लागि महत्त्वपूर्ण विचार प्रकट गर्नु पनि सकिन्छ ।

### ख) शहरी परिवेश अनुसार ‘सँगसँगै’को समायोजन

शहर तथा बस्तीहरूमा ‘सँगसँगै’ प्रयोगको फाइदाहरू:

अनौपचारिक सञ्जाल र स्वेच्छिक समूहहरूबिच संयोजन

आय बृद्धिको लागि श्रोत साधनहरको परिचालन

वृहत तथा विस्तृत बजारको परिचालन



विभिन्न समूहहरूसँग काम गर्ने ठुलो अवसर

विस्तारित सीपहरू तथा दक्षताको वृहत श्रोत परिचालन

शहर तथा बस्तीहरूमा ‘सँगसँगै’ सञ्चालनका चुनौतीहरू:

गतिशील जनसंख्या र कहिलेकाहीं अल्पकालिक जनसंख्या

शहरिया जीवनशैलीको प्रतिस्पर्धी मागहरू

समुदायहरू सरसामानको विक्रि अथवा परिश्रम वापत पाउने नगद आम्दानीमा भर पर्नु



केही समुदायहरू भौगोलिक क्षेत्रहरूमा स्पष्ट परिभाषित गरिएको छैन

केही अधिक कमजोर र पिछडिएका समूहहरूको पहिचानमा कमजोरी हुनु

शहर तथा बस्तीहरूमा 'सँगसँगै' कार्यक्रम बनाउँदा यसका फइदाहरू (अघिल्लो पृष्ठमा सूचीकृत गरिएको छ) पहिचान गर्नु आवश्यक हुन्छ ताकि यसलाई कसरी बनाउन सकिन्छ र असल प्रभाव पार्न सकिन्छ भनी थाहा पाउन सकियोस् । साथै केहि चुनैतिहरू जसले ग्रामिण क्षेत्रमा यसको प्रयोगको तुलनामा 'सँगसँगै'को मापन तथा क्षेत्रलाई सीमित पार्छ , त्यसको पहिचान गर्नु पनि आवश्यक छ ।

शहर बस्तीहरूमा काम गर्दा उपयोगी केही शुत्रहरू:

१. समुदायहरू केही कम स्पष्ट परिभाषित गरिएकाले, पृथक समूहहरू जस्तैः महिलाहरूको स्व सहयोगी समूहहरू, फुटपाथे व्यापारीहरू, निम्न आय हुने मजदुरहरूको विशेष समूह र जवान समूहहरूसँग कार्य गर्नु उचित हुन्छ ।

२. यी प्रत्येक पृथक समूहहरूको लागि एउटा सानो संयोजक समूह निर्माण गर्नु उचित हुन्छ ।

३. यी कार्यक्रमहरू, साना समूहहरू तथा कमजोर व्यक्तिहरूको लागि आम्दानी वृद्धि गर्न शहर बजारमा उपलब्ध हुने अवसरहरू निर्माण गर्न क्रियाशील हुनुपर्छ । यी कार्यकलापहरू अन्तर्गत निम्न कुराहरू पर्दछन् :

- समूहहरूको लागि बचत संस्था बनाउने
- स्व-सहयोगी समूहहरू तथा सहकारीहरू
- साना व्यवसायका लागि तालिम
- व्यवसायिक तालिम

४. जहाँ शहर बजारभित्रै पृथक समुदायहरू छन् , त्यहाँ संरचनाको व्यवस्था र सेवाहरू सुधार्ने थुप्रै अवसरहरू हुन सक्छ । यसता कार्यकलापहरू अन्तर्गत निम्न कुराहरू पर्दछन् :

- स्थानीय अधिकारीवर्गप्रति उत्तम सेवाहरूको लागि प्रतिक्षालय बनाउने
- खानेपानी तथा बिजुलीको पहुँचमा सुधार
- वासस्थानमा सुधार
- वास तथा सम्पति अधिकारको सुरक्षा
- खानेपानी तथा सरसफाईमा सुधार
- केटाकेटीको लागि शिक्षाको पहुँचमा सुधार
- स्वास्थ्य सेवाहरू ताथ क्लिनिकहरूको पहुँचमा सुधार

५ . एच आइ भी एड्स र क्षयरोग शहरी क्षेत्रहरूमा प्रबल भईरहेको छ र जहाँ यी कुराहरू प्रमुख समस्याको रूपमा पहिचान गरिन्छ, त्यहाँ तल दिइएका कार्यकलापहरू गरिनुपर्छ:

- स्वेच्छिक परामर्श तथा परिक्षण (भीसिटि) केन्द्रहरूको स्थापना
- एच आई भि र एड्स सचेतना मुलुक क्रियाकलापहरू
- व्यवसायिक देह व्यापारमा संलग्न भएकाहरूको लाथि आम्दानीका वैकल्पिक क्रियाकलापहरू
- एच.आई.भी. तथा एड्स संक्रमितहरूसँग जीवन बिताइरहेकाहरूको लागि सहायता गर्ने तथा आम्दानी वृद्धि गराउने क्रियाकलापहरू
- विधवा र अनाथहरूको लागि बस्ने व्यवस्था, शिक्षा र आम्दानी वृद्धि गराउने व्यवस्था

शहर बजारहरूमा 'सँगसँगै' प्रयोग गर्ने प्रक्रिया र ग्रामिण क्षेत्रहरूमा प्रयोग गरिने प्रक्रियामा धेरै समानता छ । मुख्य भिन्नता भनेको कुन समूहसँग काम गर्ने भनी वृहत रूपमा परिभाषा गर्नु हो । जहाँ पृथक समुदायहरू हुन्छ, त्यहाँ कसरी तिनीहरू एकै समूह भएर एकत्रित भएका हुन्छन ताकि केही कुरा प्राप्त गर्न सकियोस् भनी पत्ता लगाउनु नै एउटा मुख्य विषय बन्छ ।

## अन्तिम विचार

ए मानिस, जे असल छ, त्यो उहाँले तँलाई देखाउनुभएको छ। र परमप्रभुले तँबाट के चाहनुहुन्छ ? केवल यति, ठीकसित काम गर्नू र कृपालाई प्रेम गर्नू र तेरा परमेश्‍वरसित विनम्र भएर हिँड्‌नू।



मीका ६:८

प्रभु हामी प्रार्थना गर्दछौं कि हामीलाई सहायता गर्ने तपाईंको सामर्थी बाहुली छन्‌ र हामीलाई सहायता गर्न तपाईंलाई कुनै कठीन छैन तर तपाईंमा परमेश्‍वरको स्वर्गीय महिमित शक्ति छ। यो शक्ति जो हामीमा बास गर्दछ र हामीलाई शक्ति प्रदान गरेर उहाँको समयमा सबथोक सुन्दर र उज्जवल बनाउनुहुने पितालाई धन्यवाद दिँदै आनन्दले भर्दछ।

कलस्सी १:११ (वचनको खण्ड)



# परिशिष्ट

क. 'सँगसँगै' प्रक्रियामा प्रमुख भूमिकाहरू १०९
ख. रूपान्तरणका कथाहरू ११२

## क. 'सँगसँगै' प्रक्रियामा प्रमुख भूमिकाहरू

'सँगसँगै'मा थुप्रै मानिसहरू संलग्न हुने भएकोले 'सँगसँगै' प्रक्रियामा ती प्रत्येकले निर्वाह गर्नुपर्ने भूमिका सुचिकृत गर्नु उचित हुन्छ । यसमा यो कुरा महत्त्वपूर्ण छ कि महिला तथा पुरुष दुवै ती भूमिकाहरूमा सम्मिलिच होऊन् ।

### अ) कार्यक्रम संयोजक

कार्यक्रम संयोजकले मण्डली सम्प्रदाय वा खीष्टियन संस्थाको तर्फबाट सम्पूर्ण 'सँगसँगै' कार्यक्रम व्यवस्था गर्दछ ।

उनीहरूको भूमिका यस्तो हुन्छ :

- साम्प्रदायिक मण्डलीका वरिष्ठ अगुवाजनहरूसँग उक्त प्रक्रियाको बारेमा अन्तरक्रिया गर्ने ।
- मण्डलीका वरिष्ठ अगुवाजनहरूसँग मिलेर सहकार्यको लागि उपयुक्त मण्डली तथा समुदायहरूको पहिचान गर्ने काम ।
- स्थानीय सहजकर्ताहरूको आपूर्ति गर्ने ।
- स्थानीय सहजकर्ताहरूलाई तालिम प्रदान गर्नेहरूलाई राम्रो व्यवस्था गरे नगरेको तथा उक्त प्रक्रिया स्थानीय परिवेशमा समायोजन गरिएको कुरामा निश्चय गर्ने ।
- कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने ।
- वृहत मण्डली तथा मण्डलीका वरिष्ठ अगुवाजनहरूसँग नियमित संचार संवाद गर्ने जसले गर्दा कार्यक्रमको लागि के-कस्ता आर्थिक श्रोतहरू चाहिन्छ भनी पत्ता लगाउने प्रक्रियाप्रति चाख बढाउन तथा अझै समर्पित हुन मद्दत मिल्छ ।



### आ) प्रशिक्षक

प्रशिक्षक भनेको 'सँगसँगै'मा अनुभवी व्यक्ति हो । (उनीहरू कार्यक्रम संयोजक पनि हुन सक्दछन् ।) उनीहरूको भूमिका यस्तो हुन्छ :

- थुप्रै सहजकर्ताहरूलाई सहायता गर्ने तथा तालिम दिने ।

### इ) स्थानीय सहजकर्ता

स्थानीय सहजकर्ता समुदायभन्दा बाहिरको पनि हुन सक्छ अथवा समुदायभित्रैबाट जिम्मेवार र सीपयुक्त व्यक्ति पनि हुन सक्छ । उनीहरूको भूमिका यस्तो हुन्छ :

- 'सँगसँगै'को विभिन्न चरणहरूद्वारा तिनीहरूलाई सहजीकरण गर्न स्थानीय मण्डली र समुदायमा आधारभूत तहमा रहेर काम गर्ने ।



### ई) स्थानीय मण्डलीका अगुवा

उनीहरूको भूमिका यस्तो हुन्छ :

- सहजकर्ता'सँगसँगै' मिलेर मण्डलीलाई कामको लागि दर्शनमा भिजाउने र सामुदायिक संरचनाहरूको सम्बन्धमा अघि बढाउने ।

पुनश्च: केही अवस्थाहरूमा जहाँ मण्डलीका अगुवाजनसँग (प्रवचनको सीप मात्र नभई) सहजीकरणको सीप वा क्षमता हुन्छ, त्यहाँ उनीहरूको लागि सहजकर्ता बनिदिनु उपयुक्त हुन्छ ।

### उ) स्थानीय मण्डली

उनीहरूको भूमिका यस्तो हुन्छ :

- बाइबल अध्ययन तथा क्रियाकलापहरूद्वारा 'सँगसँगै'मा पूर्ण रूपले सम्मिलित हुने ।
- समुदायलाई के-के कुरा सम्भव छ भनी देखाउने माध्यमको रूपमा स्थानीय परियोजनाहरू सुरुवात गर्ने तथा श्रोतसाधन सम्पन्न बनाउने ।
- समुदायका सबै सदस्यहरूलाई 'सँगसँगै'मा सम्मिलित कुन उत्साहित गर्ने ।
- सामुदायिक योजनाहरू लागु गर्न सहायता गर्ने समुदायको एउटा सक्रिय सदस्य बन्ने ।

### ऊ) समुदाय

उनीहरूको भूमिका (सहजकर्ताद्वारा निर्देशित) यस्तो हुन्छ :

- उनीहरूको समुदायका आवश्यकताहरू र श्रोतहरूको पहिचान तथा विश्लेषण
- सँगगँगै मिलेर निर्णय गर्न ।
- ती निर्णयहरू कार्यान्वयन गर्न आफै सम्मिलित हुने ।



### ए) समुदायका अगुवाहरू

उनीहरूको भूमिका यस्तो हुन्छ :

- 'सँगसँगै'मा उच्च तहको सामुदायिक सहभागिताको लागि उत्साहित गराउने ।
- निर्णय गर्ने प्रक्रियाको एक अंश बन्ने ।
- परियोजनाहरूको कार्यान्वयनको लागि सहायता गर्ने ।



### ऐ) स्थानीय संयोजक समूह

यो समुदायद्वारा चुनिएको एउटा समूह हो जसले सहजकर्तालाई सहायता जुटाउंछ । उनीहरूको भूमिका यस्तो हुन्छ :

- समुदायको वैठकहरू सम्पन्न गर्न सहायता गर्ने ।
- सूचना संकलनको लागि संयोजन गर्ने ।
- प्रक्रियामा नियमित तवरले समुदाय प्रतिविम्वित भइरहेको कुराको निश्चय गर्ने ।

### ओ) मण्डलीका वरिष्ठ अगुवाजनहरू

'सँगसँगै' अन्तर्गत स्थानीय मण्डलीको सञ्जाल वा साम्प्रदायिक मण्डलीका वरिष्ठ अगुवाजनहरूको भूमिका यस्तो हुन्छ :

- उनीहरूको सम्प्रदाय वा संङ्गठनभित्र प्रवचन, भेला ई. द्वारा 'सँगसँगै'को प्रवर्द्धन गर्ने ।
- प्रक्रिया पूरा गर्न सक्षम बनाउने प्रशस्त कर्मचारीहरू तथा श्रोतसाधनहरू उपलब्ध भएको कुरा निश्चय गर्ने ।
- उच्च तहको समिति वैठकहरूमा नियमित रूपले कार्यक्रमको अनुगमन गर्ने ।
- 'सँगसँगै' मण्डलीहरू तथा समुदायहरूमा भ्रमण गर्ने ।
- आफ्नो जिम्मामा रहेका सबै मण्डलीहरूमा कार्यक्रम वृद्धि सबल गराउने तथा योजना तर्जुमा गर्ने ।



### ख) रूपान्तरणका कथाहरू

यहाँ 'सँगसँगै'जस्तै कार्यक्रमहरूको प्रभाव झल्काउने दुई वटा कथाहरू प्रस्तुत गरिएको छ – एउटा अफ्रिकाको र अर्को चाहिँ एशियाको हो ।

### अवस्था अध्ययनः अल्केरी कम्युनिटी क्याटल डिप (अल्केरी सामुदायिक गौशाला), नारोक, केन्या



अल्केरी, नारोकमा भएको थुप्रै समुदायहरू मध्ये 'सँगसँगै' प्रक्रिया सञ्चालन भएको एउटा समुदाय हो । प्रक्रियाको सुरुवात सन् २००० मा भएको थियो र यसको महत्त्वपूर्ण उपलब्धिहरूको मूल्यांकन सन् २००६ को जुलाई महिनामा भएको थियो ।

अल्केरीमा गौशालाको लागि सुरुमा सरकारद्वारा सहायता गरिएको थियो तर केही समयपछि नाजुक अवस्थामा पुग्ने गरी असफल हुन पुग्यो । 'सँगसँगै' प्रक्रियाको समयावधिमा, समुदायले यसलाई उनीहरूको कार्ययोजनामा एउटा प्रमुख प्राथमिकताको विषयको रूपमा पहिचान गऱ्यो ।

त्यो प्रक्रियाको एउटा महत्त्वपूर्ण भाग भनेको समुदायलाई यो कुराको विश्लेषण गर्न उत्साहित गऱ्यो कि किन त्यो गौशाला कार्यक्रम नाजुक अवस्थामा जाने गरी असफल हुन पुग्यो र उनीहरूले यसलाई रोक्न तथा फेरि यस्तो कमजोरी हुन नदिन भिन्नै प्रकारको के काम गर्न सकिन्छ भन्नेबारे पनि विश्लेषण गर्न प्रेरित गऱ्यो ।

स्थानीय विद्यायलका केटाकेटीका अभिभावकहरूले गौशाला पुनः निर्माण तथा सञ्चालनको जिम्मेवारी वहन गर्ने निर्णय गरे किन भने उनीहरू सबैजना चौपाया मालिक थिए र गौशाला पुनःसञ्चालनको महत्त्व बुझेका थिए । उनीहरूले गौशाला सञ्चालन समुदायप्रति उत्तरदायी हुनुपर्छ भनी निर्णय गरे । उनीहरूले गौशाला प्रयोगको लागि नीति नियमहरू बनाए र यसको प्रयोग वापत शुल्क पनि उठाउने निधो गरे । गौशाला सञ्चालनद्वारा भएको आम्दानीबाट पारिश्रमिक दिने गरी उनीहरूले नयाँ सुपरिवेक्षक नियुक्त गर्न अन्तर्वार्ता पनि लिए जसले नीतिनियमहरू पालन नगर्ने सदस्यको रिपोर्ट बुझाउनु पर्थ्यो । उनीहरूले नियम उल्लंघन गर्नेहरूलाई जरिवाना लगाउने विधि अपनाए जुन सफलतापूर्वक लागू भएको छ ।

**प्रभाव :**

गौशाला कार्यक्रमले प्रत्यक्ष रूपमा निम्न परिणामहरू देखाएको छ :

- विगत तीन वर्षहरूको समयमा प्रमुख चौपाया रोगहरूमा कमी आएको छ। यसको नतिजा स्वरूप पशु बथानको आकारमा वृद्धि आउनुको साथै घरायसी आम्दानीमा सुधार भएको छ।
- चौपाया उपचारको आपूर्ति तथा सुपरिवेक्षकलाई पारिश्रमिक दिन प्रशस्त आम्दानी हुन पुगे को छ।
- प्रशस्त आम्दानी भएको कारण विद्यालयको कक्षाकोठाहरू तथा अन्य पक्षहरूमा सुधार गर्ने कामको लागि यसले योगदान पुऱ्याउन सकेको छ।
- अभिभावकहरूले यो प्रक्रियाको कारण उत्तरदायित्वका विधिहरू स्थापना गर्ने, अन्तर्वार्ता र छनौट प्रक्रिया सञ्चालन गर्ने, आर्थिक बजेट तथा योजना तर्जुमा गर्ने जस्ता कुराहरूसँग सम्बन्धित थुप्रै सीपहरू हासिल गर्न सके।

'सँगसँगै' प्रक्रियाको परिणाम स्वरूप अन्य धेरै उपलब्धिहरू हासिल भएका छन् :

- अल्केरी केन्द्रमा पुरानो मण्डली भवन निर्माणको काम सम्पन्न भएको छ र अर्को एउटा ६० जना सदस्यहरूको सभा गराउन सकिने नयाँ मण्डली भवन निर्माणको काम थालनी भएको छ।
- अल्केरीमा तीन वटा नयाँ स्थायी कक्षाकोठाहरूको निर्माण कार्य सम्पन्न भई प्रयोगमा आउन थालेको छ।
- समुदायका धेरै सदस्यहरूले आफ्नो चौपायामा उन्नति गर्न थालेका छन् , विशेष गरी उन्नत वीजन प्रयोगको थालनी गरेर।
- सन् २००० मा त्यहाँ कुनैपनि स्व-सहयोगी समूहहरू थिएन। हाल आठ वटा सक्रिय समूहहरू स्थापना भएका छन् र घरायशी आवश्यकताहरूको लागि अर्थोपार्जन गर्दै सानो स्तरको व्यवसाय सञ्चालन भइरहेको छ।
- समुदायले प्रत्येक महिनामा बैठक गर्ने गरी महिला तथा पुरुष सम्मिलित एउटा विकास समिति निर्धारण गरेको छ।

## विषयवस्तु अध्ययनः होलिस्टीक डेभलपमेन्ट अर्गनाइजेसन (डब्लू डी ओ), कम्बोडिया

पृष्ठभूमि

कम्बोडियामा सन् १९७० को दशकमा निरकुङ्श खमेररूज शासनले मानिसहरूको परिवारलाई गर्नुपर्ने वास्ता, सामुदायिक निर्णय र समुदायका गतिविधिहरूमा भाग लिने कुराको क्षमतालाई घटाइदियो । नतिजास्वरूप स्थानीय मण्डली समुदायमा राहत केन्द्रित हुनुपर्नेभयो जसको कारण परनिर्भरताको स्थिति सृजना भयो ।

होलिस्टिक डेभलपमेन्ट अर्गनाइजेसन (डब्लू डी ओ), एउटा इसाई संस्थाले समुदायमा भएका निर्भरतालाई घटाई समुदायलाई सशक्त बनाउन र त्यसका लागि कदम चाल्न चुनौति दिन चाह्यो । उनीहरूले स्थानीय इसाई सहजकर्ताहरूलाई तालिम दिए जसले स्थानीय मण्डलीको दर्शन निर्माण गर्नसक्थे । स्थानीय मण्डलीले मुख्य समूहका लागि ६ जना मानिसहरू छान्यो जसले समुदायसँग मिलेर समस्याको पहिचान र सम्भाव्य समाधानको खोजी गर्दथ्यो । सहजकर्ताहरू र इसाई समूहले उनीहरूको आफ्ना जस्तै गरी समस्यालाई सम्बोधन गरेर समुदायलाई  सहायता उपलब्ध गराए ।

डब्लू. डी. ओ. को उद्देश्यः

इसाईहरूको खास समूह स्थापना गरी खाद्यान्न सुरक्षा, आयआर्जनमा सुधार र स्वास्थ्य सुविधा जस्ता कुराहरूको लागि अग्रसरता लिनको लागि सहजकार्य गर्ने ।

प्रक्रियाका कदमहरू

१. सहजकर्ताको छनोट र तालिम ।
२. लक्षित समुदायको छनोट । समुदायको छनोट स्थानीय मण्डली र त्यसका अगुवाहरूको आवश्यकता अनि परिपक्वताको आधारमा डब्लू डी ओ द्वारा ।
३. समुदायमा आधारित इसाई कार्यकारी समूह निर्माण ।
४. समुदायको आवश्यकताको विश्लेषण र कार्य योजना ।
५. काम सुरु गर्नु । समुदायले उसका समस्या समाधानका लागि काम थाल्नु । सामुदायिक विकास सहजकर्ता र इसाई कार्यकारी समूहले यो प्रक्रियाको सहजकार्य गर्छन् ।
६. इसाई कार्यकारी समूहको क्षमताको विकास गर्नु । सामुदायिक विकास सहजकर्ताहरूले इसाई कार्यकारी समूहको विकासका लागि पुरै प्रक्रियाभरि नै समय खर्चन्छन् ताकि कम सहायतामा उनीहरू आफैले नै लगातार सामुदायिक अग्रसरताको व्यवस्थापन गर्नसकून् ।

त्रापेङ्ग के

त्रापेङ्ग के सुख्खा जमिन भएको, बसाई सराई तिब्र भएको र खराब स्वास्थ्य भएको एकदमै गरीब समुदाय थियो । समुदायका सदस्यहरूबिच थोरै मात्र विश्वास र आपसी सम्बन्ध थियो । चार जना सदस्यसहितको मण्डली त्यहाँ थियो जो अरूबाट सताइएका र अपहेलित थिए । परिचालनको प्रक्रियापछि, उनीहरूका समस्या समाधान जस्तै सुधारिएको इनार खन्न र सिँचाइका लागि समुदायका सदस्यहरू मिलेर काम गर्न थाले ।



प्रभाव

१. समुदायका सदस्यहरूको मनोवृत्ति र आपसी सम्बन्धमा निम्न प्रकारले परिवर्तन भयोः

- त्यहाँको सामाजिक हलचल कम भयो किनकि कसैले पनि त्यहाँबाट बसाइँ सराई गर्नुपरेन ।
- सामुदायिक छलफलले गर्दा पुरुषहरूले महिलाहरूका कुरा सुन्न थाले ।
- महिलाप्रति पुरुषहरूको सम्मान त्यसपछि बढ्यो ।
- घरेलु हिँसामा कमी आयो र पुरुषहरूले महिलाका कामहरू जस्तै बगैँचाका कामहरू, पानी भर्ने काम र खाना पकाउने कामहरूमा सहायता गर्नलागे ।
- गाउँमा झैझगडा, द्वन्द्वमा र रक्सी पिउने कुरामा कमी आयो ।
- निर्णय गर्ने कुराहरू स्वच्छ र समावेशी भयो ।

२. मण्डलीको मनोवृत्ति पनि परिवर्तन भयोः

- छिमेकीको वास्ता र विश्वासको बारेमा उनीहरूलाई बताउने कुराको लागि इसाईहरूको आत्मविश्वासमा बृद्धि भयो ।
- इसाईहरू प्रतिको सतावट घट्यो र उनीहरूको ईज्जत बढ्न थाल्यो ।
- मण्डलीमा वृद्धि आयो तर एकदमै व्यापक र हाल दुइ हजार मानिसहरू मण्डलीको सेवामा भाग लिन्छन् ।




**१. जो एकदमै गरीबीपनको अनुभवमा थिए उनीहरूलाई उत्तम सहजकर्ता बनाउने उद्देश्य राखियो**

सहजकर्तालाई कुनै विकसित योग्यता वा अनुभवको आवश्यकता पर्दैन । वास्तवमा, योग्यता भएकाहरू समुदायमा बस्ने र दुर्गम ठाउँहरूमा जाने मन गर्दैनन् तथा डब्लू डी ओ सँग लामो समय बसेनन् पनि ।

सहजकर्ताहरूले समुदायमा समय विताउने इच्छा गरे जसमा रातभर पनि काम गरे जो धेरै सामाजिक विकास कार्यकर्ताहरूले गर्न मन पराउँदैनन् । यसले घनिष्ट सम्बन्ध निर्माण गर्न सहायता पुऱ्यायो जसले परिचालन प्रक्रियाको सफलतालाई बढायो ।

**२. सम्बन्ध निर्माणले समुदायको निर्भरतालाई कम गराउन मद्दत गऱ्यो**

प्रक्रियाको सुरुवातमा समुदायको संगलग्नता र जिम्मेवारीको वारेका हुने सहभागिताको धारणामा एकदमै कमी थियो । डब्लू डी ओ ले समुदायमा आफ्नो समय खर्च गरेर, सम्बन्ध निर्माण गरेर र कामको दर्शन बताएर यी चुनौतिहरूलाई जित्न सक्यो ।

**३. पहिलेदेखि रहदै आएका शक्तिहरू यो प्रक्रियाबाट डराउन सक्छन्**

गाउँ विकास समिति जस्ता स्थानीय शक्ति केन्द्रहरू यस प्रक्रियाबाट डराउन सक्छन् किनकि यसले गरीबहरूलाई सशक्त बनाउछ र उनीहरूलाई बोल्ने गराउँछ । गाउँ विकास समितिले वर्षदिन भित्र गर्ननसक्ने काम यस प्रक्रियाले तीन महिना भित्र उपलब्धि हासिल गऱ्यो ।

**४. राम्रोसँग स्थापित स्थानीय मण्डलीसँग यस प्रक्रियाले राम्रोसँग काम गर्नसक्छ**

यदि मण्डली एकदमै नयाँ र अपरिपक्व छ भने यो परिचालन प्रक्रियामा फरक ल्याउनको लागि जिम्मेवार लिन सक्दैन । उनीहरूले यसलाई समुदायमा स्थानीय मण्डलीको वास्ता देखाउने अवसर को सट्टामा मण्डलीको वृद्धि र आएको सहायताबाट मानिसहरूको धर्म परिवर्तन गराउने तर्फ लाग्न सक्छन् ।

# ग्रन्थसूची

Listed below are books that you may find useful:


Feuerstein M (1986) Partners in Evaluation – Evaluating Development and Community Programmes with Participants, Macmillan

Chambers R (1983) Rural Development – Putting the Last First, Longman

Hope A, Timmel S (1988) Training for Transformation – A Handbook for Community

Workers, Mambo Press

Kaner S (2001) Facilitator's Guide to Participatory Decision-making, New Society Publishers

Andrews D (2006) Compassionate Community Work, (Piquant Editions)

Pretty J, Guijt I, Thompson J, Scoones I (1995) Participatory Learning and Action, IIED


## Tearfund publications

(all of which can also be downloaded for free on-line at www.tearfund.org/tilz)


Blackman R, Carter I, Clarke S (2004) Facilitation skills workbook, Tearfund

Carter I (2004) Mobilising the church – a PILLARS Guide, Tearfund

Carter I (2003) Mobilising the community – a PILLARS Guide, Tearfund

Blackman R (2007) ROOTS 11: Partnering with the local church, Tearfund

Blackman R (2003) ROOTS 4: Peace-building within our communities, Tearfund

Blackman R (2006) ROOTS 10: Organisational governance, Tearfund


See also http://tilz.tearfund.org/Churches/ for a large number of articles, case studies and good practice guides on church mobilisation.

परमेश्वरको वचनअनुसार हरेक विश्वासी यस पृथ्वीमा नुनिलो भई जगत्मा ज्योतिझैं चम्केर स्वर्गमा हुने परमेश्वर पिताको महिमा गर्नु पर्दछ । बाइबलको यसै सत्यतामा आधारित व्यक्तिगत जीवन, मण्डली र समुदायमा एक असाधारण रूमान्तरण ल्याउन व्यवहारिक सहायता गर्न सँगसँगै एक साधारण प्रस्तुति हो ।

-रेभ, शेमलाल हेम्ब्रम

मण्डली र समुदाय परिचालन प्रक्रियाको लागि विभिन्न व्यक्तित्वको प्रयासबाट तयार भउको सँगसँगै पुस्तिका हाम्रो माझमा आइपुगेकोमा धेरै खुसी लागेको छ । परमेश्वरले मानिसलाई आत्मिक, भौतिक तथा समाजिक प्राणी बनाउनुभयो र उनीका यी सबै क्षेत्रप्रति चासो राख्नुभयो । मानिसहरूको आत्मिक, भौतिक तथा सामाजिक आवश्यकताहरूको सम्बोधन नभए सम्म पूर्ण शान्तिको अनुभव अधुरो हुने भएकाले परमेश्वरले अव मण्डलीहरूलाई यी नै कुरा देखाउदै हुनुहुन्छ । मण्डली प्रभु येशूको शरीर भएकोले उहाँको पाइलामा डिङ्दै समूदायको आवश्यकतालाई सम्बोधन गर्नका लागि मण्डलीहरूलाई दर्शन दिन र समुदायमा असल परिवर्तन ल्याउन यस पुस्तिकाले ठूलो सहयोग पुऱ्याउँछ भन्ने मेरो विश्वास छ ।

- पा जीवन गुरूङ

नेपालमा प्रभु येशूको मण्डली स्थापना भएको ६० वर्ष भइसक्यो । मण्डली अव पाको भएको छ यद्यपि नयाँ मण्डली जन्मने प्रक्रिया भाँचिएको छैन । अव भने नेपालमा इसाई र इसाई मण्डलीहरूको भूमिका कस्तो हुनुपर्छ भन्ने प्रश्नमा अलमल्लिरहने बेला गइसकेको छ । प्रभु येशूले आफू संसारमा आउनाको मुख्य कारण यसरी स्पष्ट गर्नभएको छ : "... म त मानिसहरूले जीवन पाऊन् र त्यो प्रशस्त मात्रमा पाऊन् भन्ने हेतुले आएँ" । मानिसहरूका आत्मा बाँचून्- यो प्राथमिकता हो तर त्यसकासाथै मानसिक, संवेगात्मक शारीरिक जीवन सुखमय होस भन्ने प्रभु येशूको इच्छा हो । यसैले येशूले प्रदान गर्ने प्रशस्त जीवन आत्मा, मन, हृदय र शरीरसित समेत सम्वन्धीत छ ।

आफूले सुरू गरेको कामको जिम्मेवारी प्रभु येशूले हामी मण्डलीहरूलाई लगाउनु भएको छ । यहि उद्देश्यले प्रेरित विभिन्न देशमा इसाई मण्डलीहरूले मिलेर काम गरिरहेका छन् र परिणाममा कतिपय गरीब मुलुकमा यो साझा प्रयासबाट समुदायमा प्रत्यक्ष परिर्वतन आइरहको छ । मानिसहरूले हिजो भन्दा केही सुविधा र आनन्दमय जीवन जिउन सिके । प्रस्तुत पुस्तक गरिबी, अशिक्षा, रोग, भोकले पिडित समुदायमा स्थानीय मण्डलीका अगुवा तथा सदस्यहरु, समुदायका अगुवा तथा सदस्यहरु, केही इच्छुक विज्ञ तथा सहजकर्ताको दर्शन, अथक प्रयास र साझा कामद्वारा समुदायमा आएको परिवर्तनको लिपिबद्ध सङ्कलन हो । यो कार्यक्रमलाई अफ्रिकाको स्वाहिली भाषामा "उमोजा" अथवा नेपालीमा "सँगँसगै" (Togetherness) नामाकरण गरिएको छ । यही उद्देश्य राखी उक्त कार्यक्रम नेपाली भाषामा पनि अनुबाद गरिएको छ । यसको सही प्रयोगबाट समुदायमा परिवर्तन अवश्य नै आउनेछ ।

आगामी दिनहरुमा यस कार्यक्रममा संलग्न हुने मण्डलीका सबै अगुवा, सामुदायका अगुवाहरु, कार्यकर्ताहरु र दक्षता र मार्ग निर्देशन प्रदान गर्ने विज्ञ र सहजकर्ताहरु सबैलाई परमप्रभु परमेश्वरले आशिष् प्रदान गरुन् भनी प्रार्थनाका साथ यस पुस्तिकालाई म यहाँहरुसमक्ष प्रस्तुत गर्दछु ।

- प्रा. राजेन्द कुमार रोंगोंग पी.एच.डी.

Réseau Michée
Rede Miquéias
Micah Network
माईका नेटवर्क

**माईका नेटवर्क नेपाल**
महालक्ष्मीस्थान, ललितपुर, नेपाल
पोष्ट बक्स नं. ८९७५, इपिसी १७५७ काठमाडौं, नेपाल
फोन ९७७ ०१ ५५३०३९२
Email: info@micahnetworknepal.org.np
Web: www.micahnetworknepal.org.np

युनाईटेड मिसन टु नेपाल
UMN

ISBN : 978-9937-2-5892-0
9 789937 258920